# पहिलो अध्याय

# शोधपरिचय

## १.१ विषयपरिचय

प्रत्येक वर्ष भाद्र शुक्ल वा कृष्णपक्षमा मनाइने डोटेली समाजको मौलिक चाड यो हो । विशेतः बाहुन,ठकुरी र क्षेत्री जातिका विवाहित र सधवा नारीहरूद्वारा गौरीमहेश्वरको पूजा तथा व्रत उपवास गरेर पर्याप्त नाचगान एवम् रमाइलोका साथ सम्पन गरिने पर्व हो । भाद्र शुक्ल वा कृष्णपक्षमा मनाइने भन्नासाथ यसको तिथी सुनिश्चित नभएको कुरा बुझिन्छ । यो कहिले भाद्र शुक्लपक्षमा त कहिले कृष्णपक्षमा मनाइन्छ । भदौ एक्काइस गतेपछि यो पर्वको कहिल्यै मनाइदैन । अझ अगस्त्युदय पश्चात् यसको आयोजन गरिदैन । त्यसैले भदौ एक्काइस गते भित्रै भाद्र शुक्ल सप्तमी पर्दछ भने भाद्र शुक्लमा नपरेमा भाद्र कृष्ण पर्वमा यो पर्व मनाइन्छ । सकेसम्म शुक्ल पक्षमै यो आयोजित हुन्छ तापनि प्रस्तुत कारणले गर्दा कहिलेकाही भाद्र कृष्णमा पनि यो मनाइन सक्तछ । भदौ एक्काइस गते अगावै भाद्र शुक्ल पक्षको सप्तमी परे नपरेको कुरा पञ्चाङ्गबाट थाहा भइहाल्ने हुँदा यो पर्व मनाउने पक्ष पनि पहिलेदेखि नै निर्धारित हुन्छ । कुनै बस्तीमा भाद्र शुक्ल पक्षमा र कुनैमा चाहिँ भाद्र कृष्णपक्षमा यो पर्व मनाइएको भने देखिदैन् । शुक्लपक्षमा मनाइने यस पर्वलाई उजेली गोरा अर्थात् उज्याँली गोरा र कृष्ण पक्षमा मनाइनेलाई अनारी गोरा अर्थात् अँधेरी गोरा भनिन्छ ।

कुनै पनि देश क्षेत्र जनजाति र समाजले गर्दा त्यहाँको भौगोलिक, ऐतिहासिक अध्ययनका साथै त्यहाँको जनजीवन परम्परागत मान्यता र विश्वासहरू, जीवन संस्कार परम्परागत लोकसाहित्यको बारेमा अध्ययन गर्नु नितान्त आवश्यक छ । नेपालको सात प्रदेश मध्ये सुदुरपश्चिम प्रदेश क्षेत्रको मध्यवर्ती क्षेत्रमा पर्ने एक जिल्ला डोटी हो । यस जिल्लालाई २प्रदेश सभा र १ प्रतिनिधि सभा गरी विभाजन गरिएको छ । यस जिल्लामा ब्राहमण, क्षेत्री, ठकुरी, मगर, नेवार, दलित, पाठक, ओझा, पन्त, पनेरु, मल्ल, शाह, रावल, खड्का, मडैआदिथरका धार्मिक मानिसहरूको बसोवास रहेको देखिन्छ । धार्मिक हिसावले हिन्दु धर्मालम्वीहरूको वाहुल्यता यस क्षेत्रमा रहेको देखिन्छ ।

लोकसाहित्य, लोक र साहित्य दुई शब्दबाट निर्मित भएको शब्द हो । लोक भन्नाले जनसमुदाय, साहित्य भन्नाले भाषामा प्रकटित भावात्मक अभिव्यक्ति जनकल्याणको भावले

अभिप्रेरित वा जनताको हितका निम्ति प्रयुक्त लोक अभिव्यक्ति भन्ने अर्थ व्यक्त हुन्छ । डोटी जोरायल क्षेत्रमा बसोवास गर्ने विभिन्न जनजातिहरूको आ-आफ्नो छुट्टै संस्कार र संस्कृति प्रचलनमा छन् र ती संस्कार र संस्कृति भित्र सबैजनजातिहरूलेसभ्य तरिकाले मनाइने पर्वका रूपमा गौरा रहेको छ ।

वास्तवमा धार्मिक परम्परामा आधारित यो पर्व भदौ महिनाको शुक्लपक्षको चौथी तिथिबाट सुरु भएर द्वादशी त्रयोदशीसम्म मनाइने गरिन्छ । यसरी १०,१२ दिनसम्म मनाइने यस पर्वमा शिव र पार्वतीको पूजा आराधना गरिन्छ । व्रत र पूजाआजाका दृष्टिले हेर्ने हो भने ब्राहमण, ठकुरी र क्षेत्रीहरूले मात्र यस पर्वलाई मनाउने भएतापनि गौरा पक्ष प्रारम्भ हुनु अगावैदेखि वा गौरा ल्याउने दिनदेखि गौरा विर्सजन गर्दासम्म विभिन्न जातजातिको उल्लेख्य सहभागिता रहने गर्दछ । जस्तै ढोल, दमाहा, बजाउनमा दमाई र गौरा बोक्ने डालो बनाउनमा पार्की जातिको भूमिका हुन्छ । यसरी सम्पूर्ण जातजातिको दृष्टिले यो पर्व उल्लेख्नीय छ ।

दशैंमा जमरा चाँहिएझैं यस पर्वमा बिरुडा आवश्यकता पर्दछ । बिरुडा भनेको चना, गहत, गुराँस, केराउ र मकै मिलाएर बनाएको विज हो । गौरा भन्नु धानको सामाद्वारा निर्मित पार्वती स्वरूप गौरीको मूर्ति हो । यस पर्वमा सबभन्दा पहिले भाद्रशुक्ल चौथीका दिनदेखि पञ्चान्न (पाँच किसिमको अन्न) केलाएर जम्मा गरिन्छ । पञ्चान्न पञ्चमीका दिन परम्परागत लोकमन्त्रोचारणगर्दै महिलाद्वारा भिजाइन्छ । बिरुडा भिजाउने भाँडो राख्ने ठाउँमा गाईको गोबरले सफासँग लिपपोत गरी त्यस ठाउँमा फुलअक्षताले पुजिन्छ । भोलिपल्टदेखि बिरुडा पखाल्ने, गौरा ल्याउने, बलुपूजा गर्ने र ३/४ दिनसम्म फाग, डेउडा, घरगीत, चैत, आदि खेलहरू खेली अन्तमा गौरा विर्सजन गरिन्छ ।

## १.२ समस्याकथन

हालसम्म डोटेली गौरागीतको थुप्रै अध्ययन अनुसन्धान भएतापनि ठाउँअनुसार फरक-फरक भाषा संस्कृतिले पनि फरक पार्ने भएकोले यस डोटी जिल्लाका हकमा विशेष क्षेत्रभित्र रहेर कसैले पनि शोधकार्य नगरेकाले प्रस्तुत शोध निम्न लिखित समस्यामा केन्द्रित रहेको छ ।

(क) डोटी जिल्लाको जोरायल क्षेत्रमा प्रचलित गौरागीतहरूकेकस्ता रहेका छन्?

(ख) डोटी जिल्लाको जोरायल क्षेत्रमा प्रचलित गौरागीतहरूलाई केकसरी विश्लेषण गर्न सकिन्छ ?

## १.३ शोधको उद्देश्य

समस्या कथनमा उठेका समस्याहरूलाई सावधान गर्नका निम्ति निम्न उद्देश्य तय गरिएको छ ।

(क) डोटी जिल्लाको जोरायल क्षेत्रमा गौरागीतको सङ्कलन गर्नु ।

(ग) डोटी जिल्लाको जोरायल क्षेत्रका गौरागीतहरूलाई विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

पहिलेको डोटी प्रदेश अन्तर्गत पर्ने विभिन्न जिल्ला डडेल्धुरा, बैतडी, दार्चुला, अछाममा प्रचलित विभिन्न फाग, धमारी, चैत, भोलाउलो, ढुस्को, बारेमा हालसम्म केही मात्रामा अनुसन्धान भएको पाइन्छ र समय परिवर्तनका क्रममा समाज र समाजमा बसोवास गर्ने मानिसको संस्कारमा पनि फरक पर्ने जाने भएकाले ती अनुसन्धानमा नयाँ-नयाँ सिद्धान्तका आधारमा वर्गीकरण विश्लेषण गर्न सकिने भएकाले हालसम्मका पूर्वकार्यहरू निम्नलिखित छन् :

देवकान्त पन्त (२०३२) ले**डोटेली लोकसाहित्य एक अध्ययन**मा डोटेली लोकसाहित्यका विविध विधाहरूमा संस्कार गीत  धमारी, चैत, ढुस्को, भारतहरूको सङ्कलन गरी तिनको परिचय समेत दिने काम भएको छ । डोटेली लोकसाहित्य र इतिहासको रूपरेखा कोर्नमा यो पुस्तक ज्यादै सफल देखिन्छ ।

जयराज पन्त (२०३६) ले 'डोटेली गौरा पर्वका गीतहरूको वर्गीकरण विश्लेषण र सङ्कलन'शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा डोटी जिल्लामा प्रचलित गौरागीतको वर्गीकरण विश्लेषण र सङ्कलन शोधशीर्षकमा डोटेली गौरा पर्वका गीतहरूमा फाग, घरगीत, धमारी, चैत, भोलाउलो, सङ्कलन विश्लेषण र वर्गीकरण गरेका छन् जसमा जम्मा फाग १८ओटा, घरगीत ५ओटा, धमारी ११ओटा चैत १ओटा र भोलाउलो ३ ओटा सङ्कलन भएको छ ।

उमा चन्द (२०५३) ले'बैतडेली सांस्कारिक फागहरूको सङ्कलन वर्गीकरण र परिचय'शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा बैतडेली जिल्लामा प्रचलित संस्कारिक गीतमा केन्द्रित अनुसन्धान गरेकी छिन् । यसै क्रममा उनले बैतडीमा सांस्कारिक फागहरूको सङ्कलनगर्नुका साथै फागहरूलाई सामान्य र विशेष गरी दुई भागमा विभाजन गर्दै परिचय दिने काम गरेकी छिन् ।

जयराज पन्त (२०५३) ले **अन्जुलीभरी सगुन र पोल्टाभरी फाग**नामक पुस्तककार ग्रन्थमा सुदुरपश्चिमाअञ्चल विकास क्षेत्रका दार्चुला, बैतडी, डडेल्धुरा र डोटी जिल्लामा प्रचलित जन्मदेखि विवाह संस्कारमा गाइने सगुन र फागको परिचय महत्त्व उत्पति विषयवस्तु रचनाशैली भाषा विविध मूल्यजस्ता कुराहरूको अध्ययन गरेका छन् । यसमा ३ ओटा सगुन र १५० ओटा फागहरूको सङ्कलन भएको छ ।

कृष्णप्रसाद पराजुली (२०५७) ले **नेपाली लोकसाहित्यको आलोक**नामक ग्रन्थमा डोटेली संस्कार गीतका रूपमा मागल र सगुन बारेमा सामान्य परिचय दिनेकाम भएको छ ।

चूडामणि बन्धु (२०५८)ले **नेपाली लोकसाहित्य**नामक ग्रन्थमा नेपाली लोकसाहित्यिक विविध विधाहरू लोक गाथाहरू, लोकनाटक,लोककथा, पहेली, उखान टुक्काको अध्ययन गरेका छन् । यसै क्रममा संस्कार गीतहरू अर्न्तगत मागल, सगुन, धमारी, चैत, ढुस्को, भैनी आदिको चर्चा र परिचय दिने काम भएको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६३) ले **लोकवार्ताविज्ञान र लोकसाहित्य** पुस्तकले लोकगीतको सैद्धान्तिक परिचय दिएका छन् । यसमा लोकगीतका तत्त्वहरू, लोकगीतका विशेषता, लोकगीतको वर्गीकरणका आधारमा लोकगीतका प्रकारहरू उल्लेख गर्दै लोकगीतलाई सदाकालिन वा बारमासे लोकगीत र सामयिक लोकगीत गरी दुई भागमा विभाजन गर्दै गौरा गीतलाई सामयिक लोकगीतमा राखेका छन् । यो पर्वमा महिलाहरूको बढी सहभागिता भएता पनि पुरुषहरू पनि सहभागी हुने भएकाले यो पर्व महिला र पुरुषका लागि उत्तिकै महत्त्वपूर्ण पर्व हो ।

मोतीलाल पराजुली र जिवेन्द्रदेव गिरी (२०६८) ले **नेपाली लोकसाहित्यको रूपरेखा**नामक पुस्तकमा नेपाली लोकसाहित्यको सिद्धान्त, विधा, तत्त्व,वर्गीकरण,

लोकगीत,लोकपद्य,लोकनाटक, लोककथा र लोकोत्तिको विवेचनाका साथै पाठ्यक्रममा आधारित लोकसाहित्यका पाठ्यसामार्गी समावेश गरिएका छन् । यस पुस्तकले लोकसाहित्यको अध्ययनमा डोटेली लोकसाहित्यको अनुसन्धान गर्न पनि निकै सहयोग पुऱ्याएको छ ।

पूर्णानन्द ओझा (२०६८) ले 'डोटी जिल्लामा प्रचलित घरगीतको सङ्कलन र विश्लेषण' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा डोटी जिल्लामा प्रचलित घरगीतको सङ्कलन गरी ती गीतहरूलाई सामाजिक तथा आर्थिक पक्ष, सांस्कृतिक तथा नैतिक पक्ष र भाषा तथा लयका आधारमा वर्गीकरणका आधारमा गरेकाछन् । यी आधारमा विश्लेषण गरेको शोधपत्रमा गौरापर्वका बेला गाउने तथा खेलिने खेलका बारेमा जानकारी पाइदैन् ।

नवराज अवस्थी (२०६९) ले'बैतडी जिल्लाको मल्लो स्वराडमा प्रचलित गौरागीतहरूको अध्ययन'शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा बैतडी जिल्लाका गौरागीतको सङ्कलन र विश्लेषण भएको छ ।

दीपेन्द्रराज भट्ट (२०७१) ले 'डडेल्धुराको गडगर्खामा प्रचलित धार्मिक चैतको अध्ययन' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा डडेल्धुरा जिल्लामा प्रचलित धार्मिक चैतको अध्ययनमा केन्द्रित गर्दै चैतलाई धार्मिकआधार र युद्धको आधार लिइ गौरा पर्वका बेला गाइने चैतगीतको अध्यन गरेका छन् ।

गजेन्द्रप्रसाद खत्री (२०७१) ले 'बझाङ जिल्लाको छन्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन'शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा मानिसको संस्कार मध्येको छैटीमा खेलिने डेउडा तथा मागलको मात्र चर्चा गरेका छन् । ती गीतहरूलाई छोटो लय र लामो लयलाई आधार बनाइ विश्लेषण गरेका छन् ।

यसरी हालसम्म डोटी जिल्लाका र सुदूरपश्चिमाञ्चलका विभिन्न जिल्लाहरूमा विभिन्न पर्वमा गाइने फागहरू र सांस्कृतिक फागहरू, धमारी,घरगीत, चैत, ढुस्को, र सगुनका बारेमा अध्ययन भएकाले र डोटी जिल्लाको विभिन्न क्षेत्रकागौरागीतका अध्ययन नभएकाले यस शोधपत्रमा डोटी जिल्लाको जोरायल क्षेत्रको गौरागीतको अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य

नेपाली लोकसाहित्यका क्षेत्रमा गौरा गीतको अध्ययन भएतापनि केही क्षेत्र विशेषका सांस्कारिक पार्विक फागहरूको अध्ययन भएका छैनन् । नेपाली लोकसाहित्य एउटा प्रवाहित नदी हो भने डोटेली लोकसाहित्य त्यसको मूलप्रवाह हो । नेपाल राज्यभर छरिएर रहेका लोकगाथाहरूको केही मात्रामा अध्ययन भएपनि समग्रमा हेर्दा अध्ययन अनुसन्धान हुन प्रशस्त क्षेत्र बाँकी नै छन् । यी अभावपूर्तिका निम्ति डोटी जिल्लाको जोरायल क्षेत्रमा प्रचलित गौरा गीतको अध्ययन गरिनु नेपाली लोकसाहित्यमा थप योगदान पुऱ्याउनु हो । तसर्थ डोटी जिल्लाको जोरायल क्षेत्रमा प्रचलित गौरा गीतको अध्ययनलाई केन्द्रमा राखेर यस शोधकार्यको छुट्टै महत्त्व रहको छ । क्षेत्रीय स्तरमा छरिएर रहेका गौरा गीतको अनुसन्धानबाट एकातिर नेपाली भाषामा डोटेली भाषिकाको प्रचलित स्वरूप जान्न सकिन्छ भने अर्कोतिर सुदुरपश्चिमको सांस्कृतिक, सामाजिक र सांस्कृतिक परम्पराको नालिबेली प्राप्त गर्दै लुप्त अवस्थामा रहेका गौरा गीतहरूलाई राष्ट्रिय स्तरमा पुऱ्याउने संरक्षण र प्रवर्द्धनमा विशेष योगदान पुऱ्याएको छ ।

डोटी जिल्लाको जोरायल क्षेत्रमा प्रचलित गौरा गीतको सङ्कलन र ती गीतहरूलाई लोकगीतका तत्त्वका आधारमा व्याख्या विश्लेषण गर्दै डोटेली भाषाको लोकसाहित्यमा गौरा गीतले पुऱ्याएको उचाइको औचित्य स्थापित गर्नेछ भन्ने यस शोधपत्रको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत शोधपत्रका माध्यमबाट डोटी जोरायल क्षेत्रमा लोप हुन लागेका प्रचलित गौरा पर्वका गीतहरूलाई चिनाउने प्रयास गरिएको छ ।

मानवको एक महत्त्वपूर्ण सम्पति तथा व्यक्तित्वको चिनारीको रूपमा रहने लोकसाहित्य आफ्नो छुट्टै अस्तित्व उसको संस्कार र संस्कृतिले प्रस्तुत गर्दछ । दैनिक जीवनको व्यवहारहोस या जीवनका अन्य पाटा र पक्षमा पनि व्यक्तिलाई उसको मातृभाषा र उसको संस्कार आवश्यक हुने गर्दछ । पहिले उसको आफ्नो लोकसंस्कृतिबाट जीवन सुरुवात गर्दे नेपाली लोकसाहित्यको पहुँचमा आफ्नो छुट्टै पहिचान स्थापित गर्दछ ।

यसै क्रममा नेपाली लोकसाहित्यमा डोटी जिल्ला जोरायलक्षेत्रका गौरा पर्वका गीतहरूको अध्ययन जानकारी लिइ नेपाली लोकसाहित्यमा लुप्त अवस्थामा रहेका लोक जीवनका सांस्कारिक फाग, देउडा, चैत, धमारी, भोलाउलो, ढुस्को, सगुन आदि डोटेली

भाषामा प्रचलित लोक जनजिब्रोमा उच्चरित यस किसिमका सांस्कारिक, एवम् पर्व गीतहरूलाई अध्ययन र मनन गरिएको छ ।

डोटी जिल्ला जोरायल क्षेत्रका गौरापर्वका गीतको सङ्कलन र विश्लेषण गरी व्यवस्थित रूपमा तयार पारिने यो शोधपत्र आउने पिढीलाई डोटी जिल्ला जोरायल क्षेत्रका गौरा गीतको रअन्य भेगका नेपाली लोकसाहित्यका बिचमा तुलनात्मक अध्ययन र बदलिँदो विश्वमा नेपाली लोकसाहित्यमा नयाँ-नयाँ सिद्धान्तमा प्रयोग र अध्ययन गर्ने चाहनेहरूलाई पनि प्रशस्त मद्धत गर्ने छ । त्यसैले यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ शोध कार्यको सीमाङ्कन

नेपाली लोकसाहित्यको क्षेत्र व्यापक भएपनि यस शोधपत्रमा नेपालको डोटी जिल्ला जोरायल गाउँपालिका क्षेत्र भित्रका जोरायल, गडसेरा र निरौलीका वडामा प्रचलित गौरा पर्वमा गाइने फागगीत र चैतगीतहरूको अध्ययनमा मात्र सीमित रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत अनुसन्धानमा क्षेत्रीय अनुसन्धान विधिको प्रयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा अध्ययन क्षेत्रमा गई आवश्यक सामग्री सङ्कलन गरिएको छ । यस शोधकार्यमा प्रर्युक्त भएका फागगीतहरू स्रोत व्यक्तिहरूबाट गाउन लगाई मोबाइलमा रेकर्डर राखी टिपोट गरिएको छ । श्रुतिपरम्परामा रहेका चैतगीतहरू सम्बन्धित व्यक्तिहरूसँग सम्पर्क गरी सङ्कलन गरिएको छ ।

## १.८ विश्लेषण विधि

डोटी जोरायल क्षेत्रका गौरा गीतको अध्ययन शीर्षकको यस शोधकार्यमा तत् क्षेत्रमा प्रचलित गौरा गीतहरूलाई सङ्कलन गरी विश्लेषण गरिएको छ । गौरा पर्वमा गाईने गीतहरूलाई लोकगीतका तत्त्वहरू विषयवस्तु, भाषा, सन्देश वा भाव, लय वा भाका र अन्तराका आधारमा मात्र विश्लेषण गरिएको छ । यस बाहेक लोकसाहित्य अध्ययनका अन्य आधारहरूलाई लिइएको छैन ।

## १.९ शोधपत्रको सम्भाव्य रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस शोधपत्रलाई लिखित अध्यायमा बाँडिएको छ :

पहिलो अध्याय : शोधपरिचय

दोस्रो अध्याय : अध्ययन क्षेत्रको परिचय

तेस्रो अध्याय : लोकगीतको सिद्धान्त र डोटेली लोकगीत

चौथो अध्याय : डोटी जिल्लाको जोरायल क्षेत्रमा प्रचलित गौरागीतको सङ्कलन

पाँचौ अध्याय : डोटी जिल्लाको जोरायल क्षेत्रका गौरागीतको व्याख्या विश्लेषण

छैटौँ अध्याय : सारांश र निष्कर्ष

# दोस्रो अध्याय

# अध्ययन क्षेत्रको परिचय

## २.१ डोटी जिल्लाको परिचय

जुनसुकै ठाउँको नाउँले त्यस ठाउँको परिचय गराउँछ । त्यसको नामकरण हुनुमा केही न केही रहस्यले सम्बन्ध राखेको हुन्छ । नेपालका विभिन्न नाम जस्तै डोटी जिल्लाको नामको पछाडि केही न केही रहस्य अवश्य प्राप्त गर्न सकिन्छ जसको पछाडि खोला-नाला, पहाड, नदी वा धार्मिकस्थल, सामाजिक संस्कृति वा पञ्च शासकहरूको पद वा नामसँग जोडिएर पनि रहन गएको पाइन्छ । डोटी जिल्लाको नामकरणमा पनि यस्ता ऐतिहासिक,संस्कृतिक, पौराणिक तथा सामाजिक धारणाहरूपनि रहेको पाइन्छ ।

### २.१.१ पौराणिक कथन

डोटी जिल्लाको नामकरणका सम्बन्धमा विभिन्नकिंवदन्तीहरूरविभिन्न व्यक्तित्वका आ-आफ्नै धारणाहरू रहेको पाइन्छ । यस क्षेत्रमा प्रचलित एउटा लोकविश्वासका आधारमा 'डोटी' प्राचीन कालदेखिनै देवभूमिका रूपमा चिँनिदै आएको छ । पुराणमा उल्लेखित नामहरू लौकिक वा मौखिक रूपमा अपभ्रंश हुँदै प्रयोगमा आउँदा विभिन्न नामहरू रहेको पौराणिक प्रसङ्गहरू छन् । बडीमालिकादेखि कर्णाली नदीका बिचको भागमा देव ऋषिहरूको तपस्याको स्थल भएकाले यस क्षेत्रलाई 'देवावटी' भनिन्थ्यो । डोटेली भाषामा देवतालाई 'देउ' भन्नेगरिन्छ भने 'टवी' को उच्चारण पुरामात्रामा नभई 'टी' मात्रै भएर 'देउटी' शब्द अपभ्रंश हुँदा धौटी हुन गयो । समय परिवर्तन संगै जनमानसमा कसैले धौटी त कसैले दोटी भन्दा-भन्दै कालान्तरमा 'डोटी' शब्दको नामकरण हुन गयो भन्ने सुवेदी, (२०५९ :२५) ले भनेका छन् ।

### २.१.२ ऐतिहासिक कथन

डोटी जिल्लाको नामकरण हुनु पूर्व ऐतिहासिक पक्षबाट हेर्दा विभिन्न प्रसङ्गहरू प्राप्त हुन्छन् । नेपाल एकीकरण हुनुपूर्व डोटी एक सिङ्गो राज्यका रूपमा स्थापित थियो जसमा पूर्वमा कर्णाली, पश्चिममा महाकाली, उत्तरमा कैलाश र दक्षिणमा कर्णालीर महाकालीको भू:भाग सहित डोटी राज्यका नामले प्रचलित थियो । त्यसैगरी अछाम, वभ्काङ,

बैतडी, डडेल्धुरा र दार्चुलाका मानिसहरूलाई ‘डोट्याल’ भन्ने गरेको पाईन्छ । वासुदेव पाण्डेयका अनुसार “डडेल्धुरा र डोटी विचको भू:भाग ‘गैरी डोटी’ अर्थात डोटी खोलामा बसोवास गर्ने मानिसलाई भनिन्छ”जोशी,(२०६७ : ६०-६८ ) ।

डोटी जिल्लाको ऐतिहासिक पक्षमा लेख्ने विद्वान्का रूपमा देवीप्रसाद ओझाले पनि यस डोटी खोला र महाकालीवारिका सम्पूर्ण भू:भागदेखि जुम्लासम्म डोटी भनिने पुरानो चलनले डोटी नामको विशालताको प्रमाणित हुन्छ ओझा, (२०४९ :१) ।

यसरी डोटी जिल्लाको नामकरण सम्बन्धमा विभिन्न विद्वान्हरूका मत तथा विविध पौराणिक र ऐतिहासिक प्रसङ्गहरू भेटिए तापनि इतिहासको अध्ययन जुनसुकै बेला र समयमा हुन सक्ने भएकाले अरू भन्दा डोटी जिल्लाको ऐतिहासिकतालाई विश्वसनीय मान्नसकिन्छ ।

### २.१.३ भौगोलिक परिचय

नेपाल राज्यको शासन व्यवस्थाको परिवर्तनसँगै नेपाललाई सात प्रदेशमा विभक्त गरिएको छ ।  जसमा डोटी जिल्ला प्रदेश नं. ७ अन्तर्गत मध्यवर्ती जिल्लाको रूपमा डोटी जिल्ला पर्दछ ।यस जिल्ला पूर्वमा सुर्खेत र अछाम, पश्चिममा डडेल्धुरा, बैतडी र दार्चुला, उत्तरमा बझाङ र बाजुरा तथा दक्षिणमा कैलाली जिल्ला पर्दछ ।

यो जिल्ला २८°५४’उत्तरदेखि २९°२८’ उत्तरी अक्षांश र ८०°पूर्व देखि ८१°१४’ पूर्वी देशान्तरसम्म फैलिएको छ । उत्तरमा उच्चपहाड र दक्षिणमा चुरेपर्वत श्रृङ्खलासम्म फैलिएको यस जिल्लाको अधिकांश भू:भाग पहाडी क्षेत्रमानै पर्दछ । उचाईका दृष्टिले यहाँको भू:भाग समुन्द्र सतहबाट ६०० मिटरदेखि २००० मिटरको उचाईमा रहेकोलेभू-बनावटमा विविधता पाइन्छ । यहाँ खासगरी समशीतोष्ण तथा शीतोष्ण हावापानी पाइन्छ ।यहाँको औषत वर्षा १३४३ मि.लि. पाइएको छ भने अधिकतम तापक्रम दिपायलमा ४४.३ डिग्री सेल्सियस न्यूनतम तापक्रम खप्तड लेकमा हिउँदमा २ डिग्री सेल्सियससम्म पुग्ने गरेको पाइन्छ ( अन्तराष्ट्रियमञ्च २०६८ साउन) ।

यस जिल्लालाई राजनीतिक हिसाबले २ वटा नगरपालिका, ७ वटा गाउँपालिका र निर्वाचनका हिसावले १ प्रतिनिधि सभा र २ प्रदेश सभा क र ख गरी विभाजन गरिएको छ । डोटी जिल्लाको प्रमुख केन्द्रका रूपमा दिपायल सिलगढी रहेको छ । यस जिल्लाको

धरातलीय स्वरूप हेर्दा पूर्वपश्चिम फैलिएर रहेका दुईवटा प्रमुख पर्वत श्रृङ्खलाहरूमध्ये दक्षिणमा चुरे पर्वतर मध्यभागमा महाभारत पर्वत रहेका छन् । यहाँको प्रमुख नदीका रूपमा सेती नदी रहेको छ । अन्य साना ठूला खोलाहरू गडसेरी गाड, जोरायल गाड, सलेनी गाड, हन्या गाड छन् । यस जिल्लामा कोणधारी जङ्गल रहेको छ । अग्ला लेकतिर वाँफ, सल्ला, धुपी, देवदार, गुँरास, उतिस आदि हुन् भने मध्यपहाडी भागमा कटौज, जामुन, सल्ला, साल, फलाट, अमला लगायत अन्य साना झाँडीदार विरुवाहरू पाईन्छन् ।

## २.१.४ सामाजिक परिचय

कुनै पनि ठाउँको लोकसंस्कृति र जातजाति बिचको घनिष्टताको उच्चतमबिन्दुनै सामाजिकता हो । यस जिल्लामा जातीय घनिष्टता पनि रहिआएको पाइन्छ । यस क्षेत्रमा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहिआएको छ । जसमा यस जिल्लाको जम्मा जनसंख्या २०७१०६६ रहेको पाइन्छ । जसमध्ये पुरुष १०३५५२१ र महिला १०३५५४५ रहेको पाइन्छ । घर परिवार संख्या ३६४६५ औसत सदस्य संख्या ५.६८ प्रतिशत र जनघनत्व प्रतिवर्ग कि.मि. १०५ जना पाइन्छ । वार्षिक जनसंख्या वृद्धिदर २.१४ प्रतिशत तथा महिला पुरुष अनुपात ९९.९८ प्रतिशत रहेको पाइन्छ । (अन्तराष्ट्रिय मञ्च २०६८) यस जिल्लाको साक्षरता दर जम्मा ४३.७ प्रतिशत रहेको देखिन्छ ।

डोटी जिल्लामा प्रचलित लोकसंस्कृति र लोकसाहित्य पनि अन्यत्र जस्तै यहाँको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक,जातजाति र रहनसहनको मार्फतयहाँको सामाजिक स्थिति कायम भएको छ । डोटी जिल्लामा पनि जातजातिबिच घनिष्टता भएतापनि विभिन्न जातका मानिसहरूले आफुभन्दा तल्लो स्तरका जातजातिलाई गर्ने व्यवहार पनि फरक रहेको देखिन्छ । कसैले बसिबसी खाने कसैले अरूका लागि भएपनि मरिमेटेर काम गरिरहनु पर्ने बाध्यता पनि रहिआएको छ । यी र यस्ता अभावका बाबजुद पनि सांस्कृतिक विविधता भने अनेकतामा एकता कायम रही आएको देखिन्छ ।

डोटी जिल्लामा पनि विभिन्न धर्मालम्बी भएतापनि अधिकांश रूपमा हिन्दु धर्मावलम्बीको बाहुल्यता रहेको पाइन्छ । जसमा हिन्दु धर्मकै अनुसार रीति, चालचलन, धर्म संस्कृति, कर्मकाण्ड र काम अनुसार जात कायम रहेका देखिन्छ । जसलाई यसरी देखाउन सकिन्छ ।

ब्राहमणः पाठक, ओभ्का, पन्त, पनेरु, वडु, जोशी, भण्डारी, फुलारा, उप्रेती, दाहाल, उपाध्याय, पाण्डेय, अवस्थी, भट्ट आदि ।

क्षत्री : कुँवर, खड्का, रावल, बोहरा, चोखाल, वोगटी, विष्ट, खत्री, बलायर, वली, नेगी, खडायत, रोकायाआदि ।

ठकुरी : शाह, मल्ल, सिंह, बम, शाही, रजवार आदि ।

दलितहरू : सार्की, दमाई, कामी, बादी, ओड, सुनार, चुनारा, पार्की, औजी आदि ।

यी चारवर्ण छत्तिस जातिका आधारमा यिनिहरूको कार्यपनि विभाजन गरी प्रचलनमा रहेको पाईन्छ । जस्तै :

ब्राह्मण : पढ्ने पढाउने, दान लिने दिने, धार्मिक कार्य गर्ने गराउने आदि ।

क्षत्रीः शासकहरूको आज्ञाअनुसार समाज र न्यायशक्ति र कर्मको बन्दोवस्त मिलाउने ।

ठकुरीः शासकीय सत्ता हातमा लिई गाउँ समाज चलाउने ।

दलितः ब्राह्मण, क्षत्री र ठकुरीको सेवामा समर्पित हुने ।

यसरी डोटी जिल्लाको सामाजिक अवस्थालाई समष्टिगत रूपमा केलायर हेर्ने हो भने जातजाति, धर्मसंस्कृति, रहनसहन,भेषभूषा आदिमा अनेकता भएतापनि मूलरूपमा एकता कायम गरी जीविकोपार्जन गर्दै एक आपसमा सद्भाव र भाइचाराको स्थिति कायम रहिआएको छ ।

### २.१.५ आर्थिक अवस्था

नेपाल राज्यको सात प्रदेश मध्येको अरू विकट पहाडी जिल्लाहरूभैँ डोटी जिल्लापनि एक हो । नेपाल एक कृषिप्रधान देश भएकाले यहाँका मानिसहरूपनि कृषिमा आधारित छन् । यहाँ विभिन्न थरीका मानिसको बसोबास रहेकाले ती जातअनुसारका कर्म गर्दछन् । ब्राह्मणले यज्ञ यज्ञयादि,पढ्ने पढाउने र ठकुरीहरू आफ्नो पैत्रिक सम्पति अरूलाई अधिँया दिइ बसिखाने, क्षत्रीहरूले कृषिकार्य गर्ने, दलितहरूले आफ्नो सीपअनुसारको डोका नाम्ला, हसिया आदि बनाएरजीविकोपार्जन गर्दै आएका छन् भने मुख्यतः आम जातजातिका मानिसको पेशा कृषिमा आधारित छ जसमा खेतीपाती, पशुपंक्षी, फलफूल, दुधजन्य पदार्थको

उत्पादन र बिक्री वितरण हो । अर्को आयआर्जनको मुख्य स्रोत वैदेशिक रोजगार हो । डोटी जिल्लाबाट भारत जानेको ठूलै भीड छ । खाडी मुलुकमा साउदी, कतार, मलेसिया,दुबई र अहिले आएर कोरिया पनि रोजगारको गन्तव्य बन्न पुगेको छ । विदेश गएका नागरिकले पठाएको रेमिट्यान्सले जीविकोपार्जन भइरहेको छ। अर्को आर्थिक अवस्थाको स्रोत भनेको शिक्षण, निजामति र आर्मी पुलिसर गैरसरकारी संस्था पनि रोजगारका स्रोतका रूपमा छन् ।

यस जिल्लाको भूबनावट अधिकांश रूपमा भिराला विकट भएतापनि कतिपय ठाउँमा समथर भू:भागपनि रहेका छन् । भिराला ठाउँमा फलफूलजन्य र जडीबुडीजन्य जस्तै सुन्तला,अम्बा, केरा, नास्पाती, आँप, मेवा, कागती, भोगटे, आरु, आलिबखडा आदि उत्पादन गरी बिक्रिवितरण गर्ने गरी जीवन धानिरहेका छन् । समथर भू:भागमा धान, गहुँ, कोदो, फापर,आलु, मुला आदि उत्पादन गरी बिक्री वितरणबाट जीवन चलिरहेको छ । साथै अर्को व्यवसायका रूपमा पशुपालन पनि मुख्य पर्दछ जसमा गाई, भैसी, बाखा, कुखुरा आदि पालन गरेर आर्थिक जोहो गरेको पाइन्छ ।

यी र यस्ता व्यवसायहुँदाहुँदैपनि यहाँका मानिसहरूलाई आधुनिक कृषि व्यवसायको ज्ञान र सीपको अभाव र प्रशस्त मात्रामा बजारीकरण नभएका कारण यी व्यवसाय फस्टाउन सकेका छैनन् ।

### २.१.६ शैक्षिक अवस्था

नेपाल अधिराज्यका अरू जिल्लामा जस्तै डोटी जिल्लामा पनि शैक्षिक अवस्था सुधार उन्मुख रहेको पाइन्छ । पहिल्ये डोटी जिल्लामा एकमात्र भाषा पाठशाला (२००४) रहेतापनि उच्च शिक्षाकालागि एकमात्र विद्यालय उच्चकोटमा रहेको थियो जो विद्यालय हुनेखानेको मात्र पहुँचमा थियो । हाल आएर गाउँ-गाउँ र वडा-वडामा प्रशस्तमात्रामा उच्च माध्यमिक विद्यालय, बहुमुखी क्याम्पस हुँदै प्राविधिक शिक्षालयको समेत स्थापना भइरहेका छन् ।

वि.स. २०२८ मा कुल ७.१ प्रतिशत साक्षरता रहेको डोटीको हाल आएर यो संख्या बढेर ४३.७ प्रतिशत रहेको देखिन्छ । जसमा पुरुष साक्षरता ६१.२ र महिला साक्षरता ३५ प्रतिशत रहेको पाइन्छ । वि.स. २०५८को तथ्याङ्क अनुसार ३२४ विद्यालयमध्ये २४१ प्रा.वि., ४७ नि.मा.वि., ३१ मा.वि., ५ ओटा उच्च मा.वि. र एउटा त्रि.वि.को आङ्गिक क्याम्पसको रूपमा डोटी क्याम्पस रहेको थियो । वि.स. ६७/६८ तीर आएर यो संख्या बढी प्रा.वि. २६१,

नि.मा.वि.६०, मा.वि.३९, उच्च मा.वि. २४ र क्याम्पस ३ गरी जम्मा संख्या ३८७ पुगेको छ । हाल आएर प्रा.वि २७०, नि.मा.वि.६५, मा.वि. ४०, उच्च मा.वि. २४ र क्याम्पस ८ रहेका छन् । जसमा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका आंगिक क्याम्पसका रूपमा २ ओटा क्याम्पसहरू पर्न सफल भएका छन् । (जिल्ला शिक्षा कार्यालय डोटी)

डोटी जिल्ला क्षेत्रमा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा गरिएका शैक्षिकपहलकदमीले यस क्षेत्रको शिक्षाको गुणस्तरमा पनि सुधार भइरहेको पाइन्छ । डोटी जिल्लाबाट विभिन्न क्षेत्रका विद्वान्हरूको पनि उल्लेख्य भूमिकामा रहेका छन् । राजनितिक क्षेत्रमा भिमदत्त पन्त,डा.के आई सिं, सिद्धराज ओझा, लेखराज भट्ट, टेकबहादुर चोखाल, विरबहादुर बलायर प्रेम आलेमगर छन् भने शिक्षा एवम् साहित्यका क्षेत्रमा डा. देवकान्त पन्त, डा. दुर्गाप्रसाद भण्डारी, डा. हेमराज पन्त, प्रा.डा. जयराज पन्त,डा. प्रेमराज पन्त श्रेष्ठ, डा. देवीप्रसाद ओझा, पदमराज जोशी, मनिराज जोशी, हेमन्त विवश, हेमन्ती जोशी, प्रिया पत्थर, यज्ञराज यात्री, तीर्थराज भट्ट, निर्मलकुमार भण्डारी, टोपेन्द्र शाह 'रसिक' आदि व्यक्तित्वले आआफ्नो क्षेत्रमा योगदान पुऱ्याएका छन् ।

यसरी हेर्दा डोटी जिल्लामा बसोबास गर्ने आम अभिभावकले शिक्षाको अवस्था र गुणस्तरबारे बहस रपैरवी पनि गर्न थालेको पाइन्छ । नयाँ पुस्तालाई पनि शिक्षा चासोको विषय बन्न पुगेको पाइन्छ ।

### २.१.७ धार्मिक तथा सांस्कृतिक परिचय

नेपाल एक हिन्दुराज्य भएकाले पनि डोटी जिल्लाका अधिकांश मानिसहरूपनि हिन्दु धर्मावलम्बी छन् । यहाँको धर्म, संस्कृति र परम्पराको हिसाबले यो जिल्ला अत्यन्तै सम्पन्नशाली रहेको छ । यहाँका मानिसहरू धर्मकर्ममा अतिनै विश्वास राख्दछन् । यही विश्वासको परम्पराबाट यहाँका मानिसहरूले मठ, मन्दिर आदिको निमार्ण गरी धर्म संस्कृतिको परम्परालाई उजागर गरी सम्पन्नशाली बनाएको पाइन्छ । यस क्षेत्रमा पुराना-पुराना मठमन्दिरहरूमा प्राचीन वास्तुकलाको निमार्ण गरेको पाइन्छ । यहाँका मानिसको धार्मिक विश्वासकै कारण ती मठमन्दिरको र धर्म संस्कृतिको जगेर्ना भएको देखिन्छ ।

डोटी जिल्लाको प्रमुख धार्मिक स्थलका रूपमा डोटी शैलेश्वरी मन्दिर, राधाकृष्ण मन्दिर, बडीकेदार मन्दिर, निरौलीको भागेश्वर मन्दिर, गडसेराको उदैनीकुञ्ज,चाका

केदारको मन्दिर, जोरायलको घण्टेश्वर, मन्दिर, बाइलको कृष्ण मन्दिर र उञ्चाकोटमा पर्ने काफलीको मन्दिर यस्ता देवालयहरू मेलास्थलका रूपमा पाइन्छन् । यी देवालयहरूमा विभिन्न प्रकारका धार्मिकमेला लाग्दछन् जसले गर्दा धार्मिक संस्कृतिको सम्बर्द्धन हुन गएको छ ।

डोटी जिल्लामा विभिन्न धार्मिक महत्त्व बोकेका चाडपर्वहरू पाइन्छन् जसमा वल्के, दशहरा, तीज, गौरा, दशैं, दिपावली, माघेसङ्क्रान्ति, होली, पुसे पन्ध्र, माघी, विसौं आदि प्रमुख चाड हुन् । यसका साथै विभिन्न गाउँ ठाउँमा विशेष गरेर फरक-फरक मिति र तिथीमा आ-आफ्ना इष्टकुलदेवताको पूजा आजा गरी जाँत (जात्रा) मनाइन्छ । जसमा ती देवीदेवताका पूजा आराधना तथा मेला धुमधामसँग मनाइन्छ जसमा देउती (झाँक्री) हरूद्वारा आ-आफ्नो नृत्य प्रस्तुत गर्दछन् ।

डोटेली संस्कृतिको अर्को विशेष पक्ष के छ भने यहाँ जन्म संस्कारदेखि मृत्यु संस्कार पनि (१६ संस्कार) पनि प्रमुख रूपमा मनाइन्छ । सो अवसरमा विभिन्न मङ्गल धुन वा फाग गीत, घरगीत आदि मनाएर धुमधामसँग मनाइन्छ । यी र यस्ता किसिमका धार्मिक सांस्कृतिक मेला पर्व जात्रा संस्कारहरूले डोटेली लोकसाहित्यको जर्गेनागर्नमा र पहिचान बनाउन सफल सुदृढ रहि आएको छ ।

### २.१.८ यातायातको अवस्था

यातायातको दृष्टिकोणबाट डोटी जिल्लालाई हेर्ने हो भने खासै विकास भएको पाइँदैन् । सदरमुकाम जोड्ने पक्की सडकका रूपमा भिमदत्त पन्त राजमार्गनै हो । यसको करिब ६० कि.मि. डोटी जिल्लामा पर्दछ । अन्य कच्ची सडको विकास हेर्ने हो भने साना-ठूला सडक निमार्ण कार्य सहज रूपमा भइरहेको छ जसमा ग्रामीण सडकहरूमा वी.पी. नगरबाट घाँघल हुँदै डोटी, बुडर हुँदै जोरायल, जोरायल हुँदै गडसेरा र मुख्य सडकका रूपमा धनगढी स्याउले बाट वी.पी.नगर हुँदै चिनको ताक्लाकोटसम्म जोड्ने फास्टट्र्याकको काम तिव्र गतिमा निमार्ण कार्य भइरहेको छ जो पश्चिम सेती विद्युत निमार्ण गर्ने जाने बाटो पनि हो ।

हाल आएर यी ग्रामीण सडकको निर्माण कार्यको थालनीले गर्दा त्यहाँका मानिसहरूलाई आफुले उत्पादन गरेका माल सामान र खाद्यवस्तुलाई सहज रूपमा ढुवानी गर्नकोलागि खच्चडको पखाईमा बस्नु पर्ने थिएन् ।

### २.१.९ सञ्चारको अवस्था

विगतभन्दा वर्तमानमा आएर डोटी जिल्लाको सञ्चारको अवस्था सुधार उन्मुख छ । प्रत्येक गा.वि.स.हालको वडा कार्यालयहरूमा हुलाक सेवा सुचारु अवस्था छ । नेपाल टेलिकमबाट तार सहितका टेलिफोन सेवा प्रत्येक वडाकार्यालयसम्म छ भने टेलिकमलेनै वितरण गरेका सि.डि.एम.ए.फोन सेवा प्रत्येक जसो मानिसका हातहातमा पुगेको पाइन्छ । केहि गाउँपालिका वडाकार्यालयमा कार्यालय आसपासका गाउँमा जि.एस.एम. सेवा उपलब्ध छैन् जसले गर्दा यहाँका विद्यालय सरकारी कार्यालयमा ईन्टरनेट सेवा नहुँदा काममा ढिलासुस्ती भएको पाइन्छ ।

### २.१.१० स्वास्थ्यको अवस्था

डोटी जिल्लाको स्वास्थ्य अवस्थालाई हेर्दा त्यति सन्तोषजनक स्थिति पाँइदैन । यस क्षेत्रकोसदरमुकाममा रहेको जिल्ला अस्पताल बाहेक त्यति सुविधाका अस्पताल रहेको पाइदैन । केहि गाउँपालिकामा स्वास्थ्य केन्द्र उपकेन्द्र रहेका छन् भने विभिन्न वडाकार्यालमा वडा स्वास्थ्य चौकी रहेका छन् । यी स्वास्थ्य केन्द्रहरूले यहाँका मानिसहरूलाई स्वास्थ्य सेवा उपलब्ध गराइरहेका छन् ।

यहाँका मानिसमा रहेको स्वास्थ्य सम्बन्धी चेतनाको अभाव, भौगोलिक विकटता र स्वास्थ्य चौकी उपचौकीमा भएका ठाउँमा पनि उपर्युक्त डाक्टर, नर्सहरूको अभाव, स्वास्थ्य उपकरणको अभाव, स्वास्थ्य चौकीमा डाक्टर भेटीए पनि प्रर्याप्त औषधिको अभाव आदि कारणले यहाँका मानिसहरू स्वास्थ औषधि उपचारबाट वञ्चित रहेको पाइन्छ ।

यस क्षेत्रका मानिसहरूमा जनचेतनाको अभावका कारण प्रायःजसो गाउँमा अझै पनि धामीझाँक्री र विभिन्न घरेलु जडीबुडी जस्ता घरेलु उपचार विधि विद्यमान रहेको पाइन्छ ।

## २.२ डोटी जिल्लाका चाडपर्वको सामान्य परिचय

डोटीजिल्लामा प्राचिनकालदेखि विभिन्न किसिमका चाडपर्वहरू प्रचलनमा रहेका छन् । यो ठाउँ धर्म संस्कृति र चाडबाडका हिसाबले अन्त्यन्तै प्रख्यात र प्रमुख थलोका रूपमा रहिआएको छ । यी चाडपर्वहरूमा विभिन्न समुदायका, विभिन्न जातजातिको लोकसंस्कृति उजागर गर्दै आएका छन् । यहाँका मुख्य-मुख्य चाडपर्व यहाँ छोटकरीमा वर्णन गरिएको छ ।

### २.२.१ बिसौं

विक्रमको शताब्दीको अर्थात नायाँ वर्ष लाग्नेको पहिलो दिनलाई विसौं वा 'विसु' भन्ने गरिन्छ । यो चाड वर्षको शुभारम्भको पहिलो चाड पनि भएकाले यसको छुट्टै महत्त्व रहेको छ ।

यो चाड शुरु हुनु पूर्वनै घर आँगन लिपपोत गरी सफासुग्घर पारिन्छ । यस चाडको अघिल्लो दिन घर-घरमा स्थानीय परिकार खानेकुरा निसौसे, बावर,खिर, लाउन आदि परिकारका खानेकुरा बनाउने गर्दछन् र दोस्रो दिन बिहानै अथवा नयाँवर्षको पहिलो दिन नजिकको खोलामा, धारामा वा ईनारमा गई नुहाई धुहाई गरी मन्दिरमा गई पूजा पाठ गरी शुद्ध हुने चलन रहेको छ र यस चाडको मुख्य विशेषता भनेको एक अर्कालाई सिस्नो लगाई वर्ष भरिमानै विषले मान्छेको शरीरमा नलाग्ने भन्ने जनविश्वास रहेको छ ।

### २.२.२ नागपञ्चमी

डोटी जिल्लाको मात्र नभएर यो चाड नेपालभरीनै मनाइने मुख्य चाडका रूपमा डोटेली मुख्य चाडका रूपमा रहेको छ । यो चाड श्रावण शुक्ल पञ्चमीमा मनाइने भएकाले यस चाडको नाम नागपपञ्चमी रहन गएको हो । यस चाडमा विशेष गरेर नाग देवताको पूजा गरिन्छ ।

श्रावण शुक्ल पञ्चमीका दिन बिहानै उठेर नुहाईधुवाई गरी घरको मूलढोका अगाडि रातो माटो र गोबरले लिपपोतगरी घरको मूल ढोकामा नाग अंकित फोटो टाँसेर त्यसमा दुध, पैसा, अक्षताले र हरियो दुबो लगाएर नागदेवताको पूजा-आजा गरिन्छ । यसको अर्थ हुन्छ नाग (सर्प) देवता बाट हुने भय वा डर बाट मुक्त हुने विश्वास गरिन्छ ।

### २.२.३ तीज (ऋषिपञ्चमी)

भाद्र शुक्ल तृतीयादेखि पञ्चमीसम्म मनाइने यो चाड नेपालका विभिन्न भेगमाझैं डोटी जिल्लामा पनि विशेष गरेर मनाइन्छ । यो चाड विशेष गरेर महिलाहरूद्वाराशिव-पार्वतीको पूजा आराधना गरी व्रत तथा उपवास गरी मनाइन्छ । परापूर्वकालमा शिवजीलाई पति पाउँ भनि पार्वतीले केही पनि नखाइ तपस्या गरेकी र शिवजीलाई प्राप्त गरेकीले सोही धारणले गर्दा यहाँका महिलाहरू र विशेष गरी विवाह नभएका युवतीहरूले शुद्ध भई उपवास बस्ने गर्दछन् ।

तीज शुरु हुनुको अघिल्लो दिन महिलाहरू सफासुग्घर भई मिठामिठा परिकार बनाई दर खाने प्रचलन रहेको छ । दोस्रो दिन पानी पनि नखाई, मुछेको गिलो माटोका शिव र पार्वतीको मूर्ति बनाई पूजा गर्ने चलन छ साथै रातभरी जग्रामबसी महिलाहरू भजन किर्तनगरी एकआपसमा नाचगानपनि गर्दछन् । महिलाहरू पर सरेका बेला आफूले गरेका पापबाट मुक्त हुन्छ भन्ने जनधारणा रहेको छ ।

### २.२.४दसैं

हिन्दु धर्मालम्बीहरूले विशेष रूपमा मनाउने यो चाड डोटी जिल्लामा मात्र नभएर नेपाल अधिरज्यभरीनै विशेष रूपमा धुमधामका साथ मनाइन्छ । दसैं आश्विन शुक्ल प्रतिपदा देखि शुरु भएर आश्विन शुक्ल पूर्णिमाका दिनसम्म मान्ने प्रचलन रहेको छ । हिन्दु धर्मालम्बीहरूको सबैभन्दा ठूलो र महत्त्वपूर्ण रहेको योचाड यस क्षेत्रको लोकप्रिय चाड हो । यस चाडको महत्त्वपूर्ण दिनहरूमा आश्विन शुक्ल प्रतिपदाको दिन घटस्थापना, सप्तमीको दिन फुलपाति, अष्टमीको दिन महाअष्टमी र यसै दिन राँगा र बोकाको बलि पनि दिइन्छ र नवमीका दिन महानवमी र दशमीका दिन बिजयादशमी पर्दछ ।

प्रतिपदाका दिनमा जमरा राखि दश दिनसम्म भगवतीको पूजाआराधना गरी दशौं दिन दानवी शक्तिमाथि देवताहरूले विजय गरेको खुसियालीमा मान्यजनबाट भगवतीको प्रसाद स्वरूप टिका र जमरा लगाउने चलन छ । यस चाडमा आ-आफ्नो दक्षता अनुसार राम्रो लाउने र मिठो खाने र घर सिँगार्ने र नाचगान गरी रमाइलो गरिन्छ । आश्विन शुक्ल पूर्णिका दिन छुटेपिटेकाहरूलाई जमरा लगाई घटस्थापनाका दिन राखेका जमरा विसर्जन गरी यस चाडको समाप्ति गरिन्छ ।

### २.२.५ तिहार

तिहार हिन्दु धर्मालम्बीहरूको दोस्रो ठूलो चाडको रूपमा रहेको छ । यो चाड कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म जम्मा पाँच दिनसम्म मनाइन्छ । यो चाड यमराजले आफ्नी बहिनी यमुनाकहाँ आई बसेका र यमुनाले उनको सेवा र पूजा गरेको स्मरणका रूपमा मनाउने यो चाडलाई यमपञ्चक पनि भनिन्छ ।

यस चाडका प्रमुख दिनहरूमा कागपूजा, कुकुरपूजा, लक्ष्मीपूजा, गोवर्द्धनपूजा र भाईटिका गरी पाँच दिनसम्म मनाइन्छ । यस चाडको पहिलो दिन काग पूजा जसलाई यमदुतका रूपमा पूजा गरिन्छ, दोस्रो दिन कुकुरपूजा पर्दछ कुकुरलाई घरसंरक्षककोरूपमा घरपालुवाको रूपमा मानिन्छ । तेस्रो दिन लक्ष्मीको स्वरूप गाईको पूजाआराधना र गरगहनाको पूजा गरिन्छ । गाईले दही, घ्यू, दुध आदि पोषिलो खाद्य पदार्थ हुने भएकोले गाईलाई लक्ष्मीको प्रतिमूर्तिको रूपमा मानिन्छ । त्यसैगरी चौथो दिन गोवर्द्धनपूजा पर्दछ । गोवद्धनका रूपमा गोरुको पूजा गरिन्छ । गोरुले वर्षभरिमा खेत जोतेर अन्न दिने भएकाले अन्न दाताको रूपमा बुजिन्छ । यसैगरी पाँचौ दिन भाइटिका पर्दछ । भाइटिकाका दिन दिदीबहिनीले दाजुभाइलाई टिका लगाएर मिठा-मिठा परिकार ख्वाउने प्रचलन रहिआएको छ । हिन्दु धर्मालम्बीहरू परम्परामा र संस्कृति अनुसार यस पर्वमा देउसी भैलो खेली मनोरञ्जन गर्ने प्रचलन रहेको छ ।

### २.२.६ पुसे पन्ध्र

अन्य चाडपर्व जस्तै पुसेपन्ध्र पनि यहाँको एक महत्त्वपूर्ण पर्वका रूपमा लिइन्छ । यो पर्व पुस १५ गतेका दिन पर्ने भएकाले यस पर्वको नाम पुसेपन्ध्र भनिएको हो । यस बेला दिन सबैभन्दा छोटो र रात सबैभन्दा लामो भन्दै यस पर्वलाई मनाउने गर्दछन् । विशेष गरेर खेतिपातीको काम सकेर मानिसहरू फुर्सदिला हुने भएकाले यस पर्वको बढी महत्त्व दिएको पाइन्छ । यस पर्वको दिनमा खानेकुरा जस्तै फर्सी,सखरखण्ड, पिडालु र तरुल खोजेर साँझ उसिनेर एकैठाउँमा बसेर लोकसाहित्यका विभिन्न विधाका उखानटुक्का, लोककथा, बातैं, भजनकिर्तन नाचगान गरी यो पर्व हर्षोल्लासका साथ मनाउने गरिन्छ ।

## २.२.७ माघे सङ्क्रान्ति

डोटी जिल्लाका अन्य चाडपर्व जस्तै यो पर्व पनि एक महत्त्वपूर्ण रूपमा रहेको छ । यो चाड माघ १ गते पर्दछ । यो दिन देखि सूर्या १० औं राशिमा प्रवेश गर्दा मकर संक्रान्ति हुन जान्छ । यस दिन माघ महिनाको पहिलो दिन हुने हुँदा यसलाई माघे संक्रान्ति भनिएको हो ।

यस दिनमा बिहानै उठी जौं तिल सहित नुहाइधुवाइ गरी अघिल्लो दिन गाँउका युवा वर्गद्वारा हालिएका काठका ठूला-ठूला मुढा (नरहरी) बालेर आगो ताफ्ने र घर-घरमा पूजा आजा गर्ने निसौसे(चामलको पिठो र दहीबाट बनाएको परिकार)खाने चलन छ । यस दिन आफ्ना छोरी बेटीलाई खाना खुवाउने र दक्षिणा दिने प्रचलन पनि रहिआएको छ । दिउँसो तिर गाँउगाँउमा हर्षोल्लासका साथ गीत गाउदै नचगान गरिन्छ ।

## २.२.८ होरी (होली)

यहाँको अर्को विशेष चाडका रूपमा होरी पनि महत्त्वपूर्णपर्व हो । होरी फागुन महिनाको पूर्णिमा पर्ने भएकाले यसलाई फागु पनि भनिन्छ । यसलाई रङहरूको पर्वपनि भनिन्छ । यस दिनमा मानिसहरू समूहसमूहभइ एक अर्कालाई रङ दलेर वा रङ मिश्रित पानीले ध्याफ्ने र डेउडा आदि गाई नाचगान गर्ने गर्दछन् ।

## निष्कर्ष

यसरी माथिका विभिन्न चाडबाट बाहेक अरू चाडपर्व पनि मान्ने गर्दछन् जस्तै : वल्के, श्री पञ्चमी, चैतेदशै, शिवरात्रि आदि पर्वहरूमा धुमधामसँग नाचगान भजनर्कितन सहित रमाईलो गर्ने गर्दछन् । यी चाडपर्वहरू वर्षे चाडपर्वका रूपमा पनि लिइन्छ । यी चाडपर्वले भातृत्व, सहचार्यको र अनेकतामा एकताको भाव उच्च रूपमा प्रकट गरेका पाइन्छ ।

# तेस्रो अध्याय

# लोकगीतको सिद्धान्त र डोटेली लोकगीत

## ३.१ लोकगीतको परिचय

लोकगीत लोकसाहित्यको सबै विधाहरू मध्येको सबैभन्दा महत्त्वपूर्ण विधा हो । सामान्य अर्थमा भन्दा लोकगीत लोक अर्थात जनमानसको गीत हो । यो लोकको हरेक पक्षसँग सम्बन्धित र व्यापक छ । मानव विकाससँगै मानवका हर्ष व्यक्त गर्ने क्रममा लोकसाहित्यको विकास हुदै यसका विभिन्न विधाहरू अज्ञात रूपमा नै स्थापित भइसकेको कुरालाई लोकसाहित्यको अध्ययनबाट अनुमान गर्न सकिन्छ । मानिस चेतनशील प्राणी भएकाले आफ्नो चेतन र अचेतन मनमा रहेका आँसुहाँसो तथा सामाजिक र पारिवारिक वातावरण, प्राकृतिक दृश्यावली, परिस्थितिजन्य विसङ्गति जस्ता कुराहरूबाट निर्मित मनका कुण्ठा र भावनाको गेयात्मक रूप वा लयात्मक रूपबाट नै लोकगीतको जन्म भएको हो तर लोकगीतको प्रारम्भको भने निश्चित समय थाहा भैसकेको छैन ।

लोकगीतको इतिहास खोतल्दै जाँदा पूर्वीय सभ्यताको वैदिक युगसम्म पुग्नुपर्ने हुन्छ । आजसम्म प्राप्त सामग्री वा अध्येताको प्रयासका आधारमा लोकभावनाको पहिलो ग्रन्थ वेदलाई मानिएको छ । यसमा प्राचीन आर्यसभ्यताको रूप अङ्कित भएको पाइन्छ । प्राचिन ऋषिमुनिहरूका अन्त:प्रेरणाहरूबाट निस्केका देवी-देवताका प्राथना, मनोरम प्राकृतिक दृश्यावलीको वर्णन र प्रकृतिजगतको स्तुतिगतिहरू मानिसले कानमा सुरक्षति राख्दै श्रुतिपरम्पराबाट अगाडी आयो । भाषाको विकासपछि उक्त अभिव्यक्तिहरू लिपिबद्ध भएर बनेका बौद्धिक चतुर्वेद मध्ये मुख्य गरी सामवेदमा पाइने लयात्मक र कथात्मक इतिहास पुरानो देखिन्छ ।

भाषा रलिपिको विकास पूर्व मानिसहरू प्रकृतिको छहरा, वनपाखा, खोलानाला जस्ता एकान्त र मनोरम स्थानमा गएर आफ्नो चेतन रअचेतन मनमा रहेका भावनाहरूलाईश्रुतिपरम्परामा आधारित भई लयात्मक रूपमा बाह्य प्रकट गरेर आफ्नो मनलाई हलुङ्गो पार्दथे । पछि सभ्यताको विकाससँगै भाषा र लिपिको क्रमिक विकास हुँदै जादा लोकगीतको पनि समय सापेक्ष लेख्य रूपमा विकास हुदै गएको हो । श्रुतिपरम्परामा आधारित पुस्ताको चिनो स्वरूप पछिल्लो पुस्ताले ग्रहण गर्दै आफ्ना थप अनुभूति र युगीन

परिवेशका अभिव्यक्तिहरू समावेश गरी लोकगीतको क्षेत्रलाई व्यापक बनाएको छ । मानव सभ्यताको विकास क्रमका सुख:दुख भावलाई अभिव्यक्तिद्वारा प्रकृतिलाई गुन्जायामान गरी लोकगीतका माध्यमबाट व्यक्त गरेको पाइन्छ । लोकगीत मानव जीवनका विभिन्न सामाजिक, सांस्कृतिक र ऐतिहासिक परम्पराको परिचय दिएको पाइन्छ । यसरी समष्टिमा हेर्दा लोकले गाउने गीतलाई लोकगीत भन्ने गरिन्छ । त्यो एकल वा सामूहिक दुवै हुन सक्छ ।लोकगीतबारे विभिन्न विद्वान्हरूले आ-आफ्ना धारणा राख्दै लोकगीतको परिभाषा गरेका छन् । लोकगीतको परिभाषा दिने कममा चूडामणि बन्धुले भनेका छन्- “लोकगीत भनेको लोकजीवनको रागात्मक स्वस्फुर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका सुख:दुख आँसु हाँसो आशा निराशाका साथै लोकको चालचलन विविध व्यवहार आस्था र मान्यताको चित्रण हुन्छ । यसमा लोकको सम्पूर्ण चित्र प्रस्तुत भएको हुन्छ । लोकको संस्कृति यसैमा अभिव्यक्तिको छ”बन्धु, (२०५८ : ११५) । यसै गरीआचार्य, (२०६२ : १)ले “लोकगीत स्वभाविक उद्धार हो र यो परम्परागत तर परिवर्तित हुन्छ” भनेका छन । यसैगरी विभिन्न लोकसाहित्य अध्येताहरूले दिएको लोकगीतको परिभाषाहरूलाई अधुरो मान्दै शर्मा र लुइटेलले शर्मा र लुइटेल,(२०६३ : ७४) ले लोकवार्ताविज्ञान र लोकसाहित्य पुस्तकमा लोकगीतको परिभाषा दिँदै भनेका छन् । “लोक भावना वा विचारको मौखिक एवम श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अवैयक्तिक भाषिक संरचनालाई लोकगीत भनिन्छ ।”

यसरी विभिन्न लोकसाहित्यहरूको मत अध्ययन गर्दा र लोकगीतको स्वरूपलाई हेर्दा यो मानवजीवनसँग सुरुवात भइ पुस्ता पुस्तामा हस्तन्तरण भएर आएको लोक भावना लोक कोसेली हो भन्न सकिन्छ ।

## ३.२ लोकगीतका तत्त्वहरू

लेख्य साहित्य वा लोकसाहित्य हरेक विधाहरूमा विधागत प्रकृति अनुसार भिन्न-भिन्न संरचनागत तत्त्वहरूको भूमिका रहेको हुन्छ । लोकगीतमा पनि त्यसैगरी विभिन्न तत्त्वहरूको उपस्थिति देखिन्छ । पराजुली र गिरी,(२०६८:३०-३२) का अनुसार यी तत्त्वहरूलाईयसरी प्रस्तुत गरिएको देखिन्छ :

(क) कथ्य भाव बिषयवस्तु

(ख) भाषा

(ग) भाव/सन्देश

(घ) लय वा भाका

(ङ) स्थायी र अन्तरा

(च) लोकतत्त्व

**(क) कथ्य भाव विषयवस्तु**

लोकगीतमा गायक गायिकाले कुनै न कुनै विषयवस्तु वा भाव समेटेकै हुन्छन । धेरै जसो लोकगीतमा एउटै विषयवस्तुमा आधारित भएर गीतको रचना नभएको हुनसक्छ तर फरक फरक विषयवस्तु वा भाव समेटेका एउटै गीत भए पनि केही न केही सन्देस भने दिएको हुन्छ ।

**(ख) भाषा**

साहित्यका हरेक विधाहरूमा भाषा अनिवार्य तत्त्वका रूपमा आउँछ । लोकगीत पनि भाषिक अभिव्यक्ति नै भएकाले यसको उत्पति र विकास पनि भाषिक प्रयोग संगै भएको हो । भाषा बिना लोकगीतको रचना असम्भव हुन्छ । बरू फरक फरक भाषिक समुदायमा आ-आफ्नै कथ्य भाषिकाको प्रयोग भएको किन नहोस तर भाषाको प्रयोग अनिवार्य हुन्छ ।

**(ग) भाव/सन्देश**

लोकगीतका तत्त्वहरूमध्ये भाव वा सन्देश पनि एक हे । लोकगीतको कुनै मूल भाव हुन्छ । त्यसले दिन खोजेको विषयवस्तुले समाजका रहेका विभिन्न पक्षलाई समेटेर सन्देश दिन खोजेको हुन्छ । विषयवस्तुको सारपूर्ण रूपमा भाव वा सन्देश रहेको हुन्छ ।

**(घ) लय वा भाका**

लोकगीतको अर्को महत्त्वपूर्ण तत्त्वको रूपमा लय वा भाका रहेको हुन्छ । लय वा भाकाले गीतहरूलाई विशिष्ट साङ्गीतिक स्थिति उत्पन्न गर्छ । लोकगीतका भाकाहरू जस्तो पनि हुन सक्छ जस्तैः ठाडो भाका, तेस्रो भाका, लामोचरे भाका, छरितो भाका, छोटो भाका आदि भनेर नामकरण गरेको पाइन्छ । लय वा भाका एक प्रकारको शैली हो ।

### (ङ) स्थायी र अन्तरा

लोकगीतमा स्थायी र अन्तराको प्रयोग भएको पाइन्छ । गीत गाउँदा स्थायीलाई पटक-पटक दोहोऱ्याएर गाइन्छ । यसबाट गीतको मुख्य भनाइ प्रस्तुत हुन्छ । अन्तरालाई बिच-बिचमा राख्दै गीतको विस्तार गरिन्छ । यसले स्याथीमा हुने मुख्य भनाइलाई सघाउ पुऱ्याउँदछ ।

### (च) लोकतत्त्व

लोकगीत र सिर्जित गीतलाई छुट्याउने मुख्य तत्त्व लोकतत्त्व नै हो । वौद्धिक जटिलता रहित सामान्य लोकको अभिव्यक्ति लोकगीत हो । त्यसैले मानिसका हरेक चालचलन, व्यवहार, रहनसहन, सेरोफेरो त्यसमा पाइन्छ ।

## ३.३ लोकगीतको वर्गीकरण

विभिन्न विद्वान्हरूले लोकगीतको आफ्नै किसिमले वर्गीकरण गरेतापनि धेरैको मत अधिकांश रूपमा मिलेको पाइन्छ । लोकगीतमा विभिन्न आधारहरूलाई महत्त्व दिँदै केहि विद्वान्हरूले लोकगीतको वर्गीकरण यसरी गरेको पाइन्छ ।

पराजुली,(२०५७ : १४९)ले नेपाली लोकगीतलाई निम्नानुसार मुख्य दुई आधारमा वर्गीकरण गरेको पाइन्छ ।

**१. वर्षचक्रीय लोकगीत**

बाहमासे लोकगीत

ऋतुकालीन लोकगीत

पर्वगीत

कर्मगीत

**२. जीवनचक्रीय लोकगीत**

संस्कारगीत

धार्मिकगीत

उमेर अवस्थाका गीत

नृत्यगीत

बन्धु,(२०५८ : १२१-१२३) ले नेपाली लोकगीतलाई निम्नानुसार विभाजन गरेका छन् :

१. सहभागिताका आधारमा

(क) एकलगीत (ख) दोहरी गीत (ग) समुह गीत

२. लय वा भावका आधारमा

(क) स्थानमा आधारित गीत (ख) जातमा आधारित गीत

३. प्रकार्यका आधारमा

(क) धार्मिक गीतहरू (ख) अनुष्ठान मूलक तथा संस्कार गीत (ग) ऋतु गीत तथा पर्वगीत (घ) श्रमगीत

यसै गरी आचार्य,(२०६२:१८-१९) ले लोकगीतको वर्गीकरणमा अन्य व्यक्तिले उल्लेख नगरेका आधारहरूलाई पनि समावेश गर्न सकिन्छ भनेर यसरी वर्गीकरण गरेका छन् ।

१. प्रस्तुतिकरणका आधारमा
२. सहभागीको लिङ्गका आधारमा
३. सहभागिताको उमेरका आधारमा
४. रसका आधारमा
५. स्थानका आधारमा
६. जातिका आधारमा
७. छन्द एवम् सङ्गीत योजनाका आधारमा

यसरी विभिन्न व्यक्तित्वले गरेको लोकगीतको वर्गीकरणमा सहभागिता, जाति, प्रकार्य र स्थान आदि आधारहरूमा नै आंशिक सबैको मत मिलेको देखिन्छ र यिनै आधारहरू र सबैका मतहरूलाई समावेश गरी हेर्दा लोकगीतलाई यसरी वर्गीकरण गर्न सकिन्छ ।

१. लिङ्गका आधारमा
२. उमेरका आधारमा
३. प्रस्तुतीकरणका आधारमा
४. रस रअलंकारका आधारमा
५. स्थानका आधारमा
६. जातिका आधारमा
७. लय तथा भाषाका आधारमा

यसरी सबैको मत समावेश हुने गरी महत्त्वपूर्ण आधारहरू नछुटाइ लोकगीतको वर्गीकरण गर्न सकिन्छ ।

## ३.४ डोटेली लोकगीतको परिचय


लोक साहित्यका दृष्टिले अत्यन्त सम्पन्नशाली रहेको डोटी जिल्लाको सर्वाधिक लोकप्रिय विधा लोकगीत हो । विभिन्न चाडपर्व, मेलापात, पूजा-आजा, जात्रा आदि समयमा महत्त्व राख्दै आएको लोकगीतले यस डोटी क्षेत्र लगायत राष्ट्रियस्तरसम्म पनि डोटेली लोकसाहित्य र डोटेली लोकसंस्कार चिनाउन सफल भएको छ । डोटी जिल्लाका प्राचीन लोकगीतलाई पनि नेपाली लोकसाहित्यको एक अङ्गका रूपमा चिनिन्छ । यी गीतहरूमा प्रकृतिसँग सम्बन्धित गीत प्रेम र वेदना अनि विछोडका गीत, विरताका गीत । ऐतिहासिक र विविध गीत गरी विभिन्न गीतहरूमा विभाजन गरेको छ । देवकान्त पन्त, जयराज पन्त, वासुदेव भाइसाब, विजय चालिसे लगायत अन्य विद्वान्हरूले पनि आंशिक रूपमा यिनै विभाजनका आधारलाई सहमति जनाउँदै कसैले घरगीत र वनगीत पनि नामकरण गरी छुट्याएको पाइन्छ । जे होस यी विविध गीतहरूमा गौरा गीतपनि आफ्नै छुट्टै अस्तित्व कायम गर्न सफल मानिएको छ ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक राष्ट्रको रूपमा चिनिदै आएको छ । यस राष्ट्रका प्रत्येक जातजाति भाषाभाषिहरूको आ-आफ्नै चालचलन, रीतिरिवाज, धर्म र संस्कृति छन् । यी कुराहरू परम्परित हुने भएकाले एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण हुदै श्रुतिपरम्परामा जीवित रहेका छन् ।यसरी नै यसजिल्लाको लोकगीतले पनि यहाँ विद्यमान धर्म संस्कृति इतिहास जस्ता परम्परालाईजीवित राखेको छ । यसरी डोटी जिल्लामा प्रचलित लोकगीतहरूले पुस्तौ जीवन्तता दिनुका साथै आफ्नो संस्कृतिप्रतिको आस्था र सद्भाव देखाउन र मानव कर्म गर्नमा हौसला प्रदान गर्न समेत प्रेरित गरेको पाइन्छ । डोटेली लोकगीतलाई समष्टिमा हेर्दा यहाँ विभिन्न गीतहरू पाइन्छन जस्तैः फागगीत, भोलाउलो, हुड्केली, घरगीत, ढुस्को, डेउडा,चैतगीत आदि । यी गीतहरूमा केही परम्परित छन् भने केही परिवेशसिर्जित गीत छन् ।

## ३.५ डोटेली लोकगीतको वर्गीकरण

डोटी जिल्लाको प्रचलित विभिन्न लोकगीतहरूको वर्गीकरण गर्ने क्रममा विभिन्न विद्वान्हरूले सहमति व्यक्त गरेको डोटेली लोकगीतको सिर्जनात्मक प्रयोजनको आधारलाई आगाँल्दा ती गीतलाई प्रयोजनका आधारमा दुई भागमा वर्गीकरण गर्न उपयुक्त देखिन्छ ।

पन्त,(२०३६) ले डोटेली लोकगीतलाई निम्नानुसार वर्गीकरण गरेका छन् :




ओझा,(२०६८) ले डोटेली लोकगीतलाइ यसरी वर्गीकरण गरेकाछन् :

डोटेली लोकगीत

परम्परित गीत
- फागगीत
- ढुस्को
- धमारी गीत
- चैत
- भुवोगीत
- चाँचरी
- भोलाउलोगीत
- हुड्केगीत
- पुतलागीत
- घरगीत (विविध गीत) आदि

परिवेश सिर्जित गीत
- वालगीत
- कर्मगीत
- डेउडागीत आदि ।

### ३.५.१ परम्परित गीत

परापूर्वकालदेखि नै कुनै परिष्कार-परिमार्जन नभई एक पुस्तादेखि अर्को पुस्तासम्म श्रुतिपरम्पराका रूपमा हस्तान्तरण हुदै मौखिक परम्परामा जीवित रहँदै आएका लोकगीतलाई परम्परित लोकगीतको स्थानमा राखिएको छ । डोटी जिल्लामा यी परम्परित गीतहरूको ठूलो क्षेत्र र महत्त्व छ । यी गीतमा पाइने भाषिक संरचना र लय पहिले जस्तो किसिमको थियो आज पनि त्यही र त्यस्तै .रहेको पाइन्छ । रचनाकार अज्ञात रहेका प्राचीन समयमा पुर्खाहरूले आफ्नो संस्कारलाईजीवित राख्न गाइएका यस्ता गीतहरू सबैले कण्ठस्थ पार्न नसक्ने हुनाले गीतमा विशेष रुचि राख्नेले मात्रै मस्तिष्कमा राखेका हुन्छन र अर्को पुस्तालाईसिकाउँछन । यी गीतहरू जहाँ र जहिले पनि गाइने नभएर निश्चित पर्व धार्मिक संस्कारहरू जात्रा आदिमा गाइने गरिन्छ ।

विविध संस्कारहरूको प्रचलन र समाजमा निषेध गरिएका कुराको चेतना साथै ऐतिहासिक पक्षको पनि यी गीतमा चर्चा पाइन्छ । गीत गाउने गिताराले जे गाउँछ त्यही गीत अर्को तर्फकाले दोहोऱ्याउँछन् ।हिजोआजका उरन्ठेउला गीतहरू भन्दा परम्परित-गीतहरू शिष्ट रसमाजिक भावना समेटने भएका कारण ले यी गीतहरू एकातिर वसुधैवकुटुम्वकम्को भावना समेटेका छन् भने अर्को तर्फ सांस्कृतिक पक्षको समुदघाटन गरी सनातन धर्मको परिचय दिएका छन् । यस्ता गीतहरूले परम्परित मूल्य मान्यतालाई समेत जीवन्तता दिदै आएका छन् । डोटी जिल्लामा प्रचलित यस्ता गीतहरूमध्ये फाग, धमारी, चैत,हुड्केली, भुवो, भोलाउलो, घरगीत आदि परम्परित घरडेउडा वा विविध गीतका नामले पुकारेर यिनीहरूको छुट्टै अस्तित्वको अभाव भएको हो तर गौराका गीतहरू परम्परित गीत भएको र डेउडा परिवेश सिर्जित भएकाले एउटैमा गाँस्न नमिलेको हो । घरगीत लगायतका परम्परित डोटेली लोकगीतको यसरी चर्चा गर्न सकिन्छ ।

#### (१) फागगीत (सगुन)

डोटी जिल्लामा प्रचलित अरू लोकगीत जस्तै फागगीत पनि एक महत्त्वपूर्ण परम्परित गीत हो । यो विषेश गरी देवस्तुतिपरक र विभिन्न मानव संस्कारहरूमा छुट्टाछुट्टै गाइने हुनाले यसको आफ्नै पहिचान र क्षेत्र छ । यस गीतको नामकरणका सम्बन्धमा कसैले मागल कसैले सगुन र फाग गरी छुट्टा छुट्टै नाम दिएर परिचित गरेतापनि डोटीमा प्रचलित

फागगीत बारे विभिन्न विद्धान्हरूले आफ्ना मतहरू व्यक्त गरेका छन । पन्त, (२०३४ : १४) ले फाग भन्ने डोटेली शब्द हो र जसरी माहुरीहरू आ-आफ्ना घार भित्र फागमा रहेर गुनगुनाउछन् । त्यसरी गुनगुनाउँदा आउने संङ्गीत झैं महिलाले गुनगुनाउने भाका यसमा भएकाले यस गीतलाई फाग भनिएको होला भनी आफ्नो मत व्यक्त गरेका छन । अन्य लोकसाहित्य अध्येताले पनि यसै मतसंग सहमति जनाएका छन ।

डोटी जिल्लामा प्रचलित यो गीत मानिस जन्मदेखि शुरु हुने विभिन्न संस्कार र देवीदेवताका विषेश पूजाआजाका अवसरमा शुभसाइतका रूपमा महिलाहरूले गाउने गीत हो। यो गीत एकल वा सामूहिक रूपमा गाइन्छ रगाइने महिलालाई फगारी नाम दिइन्छ । कुनै समाजिक कार्य वा व्यक्तिगत कार्य होस फगारीलाई अनिवार्य बोलाइन्छ । यी गीतहरूको लय लामो गाएर भाषा मिलाउनु पर्ने हुनाले खुबै कर्णप्रिय हुन्छन ।फाग गाउने अवसरमा त्यहाँको वातावरण नै भावमय र माधुर्य बन्दछ । शब्द हत्तपती नबुझने मान्छे पनि लयको आकषर्णमा आकर्षित हुन्छन् । यही नै फागगीतको महत्त्वपूर्ण विशेषता हो । छैंटीका अवसरमा गाइने फागको अंश

**सगुनु लीय सगुना रे**

सगुना दिऊ रे

निको बोल सगुनो बोल्या

दुइ-(माछा गुड -घिया

सगुनु दिऊ रे

नीको बोल

कनले मङ्गल चारी

सगुनु दिन्नी सरस्वती

लगुनु दिन्नी वृहस्पती........आदि पन्त,(२०५५ : ३४) ।

### (२) **चैतगीत**

लोकसाहित्यकोको एउटा पुरानो विधा मध्येको एक विधा चैत हो । डोटेली लोकसाहित्यमा चैतगीतको महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । चैत संस्कृतको चरित्र शब्दको अपभ्रंस रूप हो । डोटेली लोकसाहित्यमा चैतगीतको महत्त्वपूर्ण स्थान ओगटेको

पाइन्छ । चैत भन्नाले कुनै ऐतिहासिक वीर तथा धार्मिक देवीदेवताका चरित्र र उनीहरूले गरेका कामकाजको विवरण गीतशैलीमा गाएको एउटा अंशका रूपमा चैतलाइलिइन्छ ।

चैतगीतमा पौराणिक तथा ऐतिहासिक व्यक्तित्वका जीवनशैलीलाई केन्द्रमा राखेर सिलसिलाबद्ध तरिकाले गरेका कामको विवरणलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको आख्यानलाई चैत भनिन्छ ।चैत भनेको चैत महिनामा दमाईहरू मानिसको घर घरमा गई दुःख सुःख पाएकी चेलीका गीत गाउँदै र सुनाउनेलाई चैत भनिएको पाइन्छ ।बन्धु,( २०५८:२१६)डोटेली लोकसाहित्यमा चैतगीतले विशेष किसिमको चरित्र बोकेका व्यक्तिका विषयमा रचिएको गाथा भन्ने वुझिन्छ । यसलाई गौरा पर्वकाबेला गाउँदै खेल्ने भएकाले चैत भनिएको हो ।

आयामका दृष्टिले चैत लघु कवितादेखि लिएर मझैला कविताको दाँजोसम्म पुग्ने चैतगीतमा पाइन्छ ।डोटेली लोकसाहित्यमा अरू गीतहरू धमारी, ढुष्को, सगुन आदि गीतहरले सामाजिक तथा नैतिक पक्षको उजागर गरेतापनि चैतगीतले एक व्यक्तित्वको जन्मदेखि मृत्युसम्म गरेका कामहरूको शिलशिलाबद्ध तरिकाले व्याख्या गरेको पाइन्छ । यस गीतमा पुरुषहरू गोलाकार दुई समूहमा हुन्छन् र बिचमा एउटा चैत भन्ने गीदारा हुन्छ र एउटा दमाहा बजाउने एक व्यक्ति दमाहा बजाउदै वातावरणलाई सङ्गीतमय बनाएको हुन्छ । जस्तै :

**श्री निधामल्लको चैत**

डोटी आछामहो ढुकुरीकि खिट
प्रताप मल्लहो केसरी कोट
प्रतापचलिगया मालिका भिट
आछाम मलय वम मेरै वलु लिय
डाणीमाथि देवानको खम्वा काटी दिय
ताछीतुछी खम्वा मालिका चढाई दिय
खम्बा चढाय राजौ क्याउ फल पाइ
अर्जुन साईको मेधा जसो भाइ
मुगलकी मालैमी बेलौरेकी खाइ
लेक फुल्यो लालीगुराँस गाड फूल्यो काँस
चलभौले निधामल्ल बेलौरीकी घात

जिया सगुनावती मेरै वलुलिय
राज सेवा जानछुहो सामल कुटी दिय
कुटाय सामल राजौ दाडिमैका विय
रानी हरिनावती मेरै वलु लिय
राज सेवा जानछुहो लुगुडा सुजाई दिय
सुजाय लुगुडा राजौ चिण्डिका फूल
जिया सगुनावती मेरै वलु लिय
राज सेवा जानछुहो तिलक पैराई दिय
पैराय तिलक राजौ दैयका विन्द
त्याँहैत निधामल्ल चलुभलु कियो
आछाम नाचनथली वलीवासो लियो
आफू राजा रैकाईकी तम्भु रोकाई
भलापल पैकालाइखी एउटी रोकाइ
चेलोन चाकरैखी कुडिया रोकाई
त्याँहैत निधामल्ल चलुभलु कियो
डोटी नगरीजाई बेलिनासो लियो
कहाँ छ सिल देवी माणौ कहाँ दरवार
पुरछ सिलदेवी माणौ तल दरवार
शिलदेवी देवता तोइमन घाउ
वैरीखी जानछुहो माथी वाउली पाउ
त्याँहौत निधामल्ल चलुभलु कियो
कफल्लेकी माणौ जाइबेलिनासो लियो
कफल्ले केदार दैत्य तोइमन घाउ
वेलौरीखी जानछु माथी वाउली पाउँ
दिउला राजौ माथि वाउली हम जाउला साथ
विहान झुलुके घाम खाइहाल्यो भात
त्याँ हैत निधामल्ल चलुभलु कियो
गडसेरा नगरीजाई बेलिनासो लियो

पारछि विरखम्मो सेरो वारी धामिगाउँ
तेडी निमौने दैत्य तोइमन घाउ
वेलौरेखी जानछु हो माथी वाउली पाउँ
दिउला राजौ माथि वाउलि हम जाउला साथ
विहान झुलुके घाम खाइहाल्यो भात
त्याँ हैत निधामल्ल चलुभलु कियो
जोराइल नगरी जाई बेलिनासो लियो
काटीहाल्यो वाखरी खाइहाल्यो भात
भट्ट कठायत वोलो हम जाउला साथ
त्याँहैत निधामल्ल चलुभलु कियो
वाँजिलेक गडी जाई बेलीबासो लियो
चडेउला पिनका दैत्य तोइमन घाउ
वेलौरेखी जानछु हो माथि वाउली पाउँ
दिउला राजौ माथि वाउली हमि जाउला साथ
त्याँहैत निधामल्ल चलुभलु कियो
कोलमुडा गाड गई बेलिनासो लियो
ग्वाँसी समैजी दैत तोइमन घाऊ
वेलौरेखी जानछु हो माथि वाउलि पाऊँ
दिउला राजौ माथि बाउली हम जाउँला साथ
त्याँहैत निधामल्ल चलुभलु कियो
भेकुनेका गाउ जाई बेलीबासो लियो
भेकुने सुनार दाई मेरै वलु लिय
वेलौरेखी माल जान्छु बाटो धेकाइ दिय
वेलौरे राजाहो हम देखाइ दिय
देवी गय खेताली मारी हाल्यो राजा
निधामल्ल साईका वजनलागे वाजा
वेलौरेका गाउमाथि कौवा रोली
वेलोरेका लागीगैछ टिक गोली स्रोत व्यक्ति : (नवराज पाठक जोरायल- ५, चौकी )

### (३) धमारी गीत

डोटी जिल्लामा प्रचलित धमारी गीत विशेष चाडपर्वका अवसरमा गाइने गरिन्छ । खास गरी गैरा पर्वमा धमारि गीत गाउने चलन छ । धमारी गीतहरू प्रायः देवस्तुतिपरक नै हुन्छन्। डोटि जिल्लामा भएका विभिन्न देवस्थलहरूमा छुट्टाछुट्टै देवस्तुतिका धमारी गीतहरू गाइन्छन । यि गीतहरू पुरुषहरूले सामूहिक रूपमा घुमाउरो घेरामा घुमि गाउने गर्दछन । जस्तैः श्रीरामचन्द्रजीकि धमारी

विपति पडउजन कोई रघुपति , विपति पडउजन कोई ।
ए-सम्पतिका सबै संङाति रघुपति, विपति कोईन सङाति ॥
ए-पैल्ली विपति पडी दशरथ राजा सङ ।
हाँजी भानिजैका हत्या मिलो रघुपति विपतिको ॥
विपति पडउजन ......................आदि जोशी, (२०४९:११६) ।

### (४) भोलाउलो गीत

परम्परादेखिनै प्रचलनमा आएको भोलाउलो गीतपनिडोटेली लोकगीतका क्षेत्रमा महत्त्वपूर्ण स्थान राख्दछ । यी गीतहरू पनि विशेष गरी देवस्तुतिका नै हुन्छन तर लय भने अरू भन्दा केहि छुट्टै हुन्छ । कुनै जात्रा वा पर्वको बेला रातभरि जागरम बसि बिहानै उठि शुद्ध भइ देवि देवताको जागरणमका लागि स्तुति गरिन्छ भोलाउलो गीत महिला र पुरुष सबैले खेल्ने गर्दछन । ती स्तुति यसरी गीतमा व्यक्त गरिन्छ । जस्तै :

श्री कृष्ण को भोलाउलो :-

जागो होउजाउ श्री कृष्णौ जागो होउ मुराली
क्याउ जान्या रुकविन रात बिहान (वियामि )
गोठ गौ हम्मान लागि तब जान्या श्री कृष्णै रात बिहान
जागो होइजाउ श्रीकृष्णै जागो  होउ मुरली
क्याउ जान्या रुकविणी भोल बियायी
आङ अङिया मेरी चिसिन लागि तव जान्या श्री कृष्णै भोल वियायी
जागो होइजाउ ........आदि ।स्रोत व्यक्ति : (खगराज ओझा जोरायल- ५, ओझा गाउँ)

## (५) भुवोगीत

डोटीमा प्रचलित भुवोगीत प्रायजसो पुसमा खेलिने र गाउने गरिन्छ । त्यसैले केही अंश दसैंमा खेलिने गरिन्छ । विशेष गरी डोटी जिल्लाको वोगटान क्षेत्रदिपायल तिखातर लगायतका क्षेत्रहरूमा भुवो खेलिन्छ । परम्परादेखि चल्दै आएका किम्वदन्ती अनुसार एउटा ठुलो दैत्य राक्षस आएर गाउँमा दुःख दिने गरेको गणेश भूमीराज आदि स्थानिय देवीदेवताको सहयोगमा स्थानीयहरूले त्यस राक्षसलाई मारेको भन्ने भनाइ प्रचलित छ । भुवोगीतमा यिनै देवीदेवताहरूको बहादुरी तथा पराक्रमलाई गायन मार्फत व्यक्त गरिन्छ । पुरुषहरूले गाउने यो गीत नृत्य गर्दा गायकहरूले हातमा ढाल, तरवाल, खुँडा र खुकुरी घुमाउँदै पञ्चैबाजाका तालमा नृत्य गर्दछन । यो गीत डोटीको साथै बझाङ्ग, बाजुरा, अछाम जिल्लाहरूतिर पनि प्रचलित छ । यसलाई स्थानिय भाषामा भो पनि भनिन्छ ।

**डोटीको प्रचलीत भोगीतको नमुना**

(१) यो भो का जान लाग्यो-भोस्सो भोस्सो
कैका घर भोस्सो भोस्सो
मख्यका घर भोस्सो भोस्सो
ठुलो खसी दिन्ना भोस्सो भोस्सो आदि
यस्तै प्रकारको भुवको नमुना

(२) ए पैली भुवा उदाइ रे - भोस्सो भोस्सो
वाहइ वरेली भुवो भोस्सो भोस्सो
काशी र नयाग भोस्सो भोस्सो
वाहाइ वरेली भुवो भोस्सो भोस्सो
टनकपुर आयो भोस्सो भोस्सो ....................आदि लामिछाने,(२०६५ : ५९) ।

## (६) हुड्केली (भारत)

सुदुरपश्चिमका प्राय सबै जिल्लाहरूमा हुड्केली प्रचलित छ । यो गीत प्राय दमाई जातिका व्यक्तिहरूले विवाह र अन्य उत्सवमा गाउने रखेल्ने गर्दछन । डोटीमा धेरै खेलिने यस गीतमा विभिन्न स्थानिय वाद्यबाधन ढोल दमाहा हुड्के आदिको प्रयोग भएको पाइन्छ ।

दमाइले ढोल वा दमाह लिएर बजाउने रगोलो घेरामा विचमा पारेर भारत गाउने अरूले चारैतिरबाट गाउने र बजाउने अनि नाच्चे गर्दछन् । यसमा सेतो फरियामा चोलो जोडिएको पोसाकको छुट्टै महत्त्व छ । हुड्केली गीतमा प्राचिन विरगाथा महाभारतको समेत गाथाहरू गाउँने गर्दछन्। यिनमा भारतिय संस्कृतिको छनक पनि पाइन्छ विभिन्न हुड्केली गीतहरूमा विभिन्न वीरहरूका गाथा कथा वस्तुसहित गाइन्छन यीगीतहरू वीररस र करुण रस प्रधान देखिन्छन् ।

यो गीत सुरु गर्दा भने गायकहरूले विभिन्न देवीदेवताको स्तुति र नाम लिने गर्दछन् । अनि मात्र लयले गद्यात्मक भारत को गाथा सुरु गरिन्छ ।

**भारत (हुड्केलीको)नमुना**

रानिमौला को भारत

उधउधकारकी बधुबधुकार
वधुवधुकारी धमधमाकार
प्रथम द्यौराजाकी सातरानी मौला
सातरानीमौलामै की रानीमौला जेठी
छ रानी प्रथमा द्यौकी पुतली होइगइन
देवताको नाउले मौला ज्युले ढुङ्गा मुडा पूज्यो
तिरथैका नाउले खोलीरोडी नायो
भोका जती मैाला ज्यु ले बीरुडी खुवायो
तिस्या जती मौला ज्यु ले दुध पिलायो .....आदि पन्त,(२०३२:२०२) ।

## (७) घरगीत

विभिन्न डाटेली चाडपर्वमा घरआँगन वा मन्दीरपरिसरमा सम्मानीत व्यक्तिकै सामु नीर्धक्क ढङ्गले गाउने गीत घरगीत हुन् । पन्त,(२०६४ : ११२) भनेर विभिन्न विद्वान्हरूले घरगीतको परिभाषा दिएका छन् । यी गीतहरू पनि डोटीमा प्रचलित अन्य गीत भुवो हुड्केली फाग आदी जस्तै परम्परित हुन्छन् । यी गीतहरूको रचनाकाल तथा रचयिता अज्ञात हुन्छ । मौखिक रूपमा पुस्तौं पुस्ता हस्तान्तरण हुँदै आएका घरगीतहरू डोटेली नारीहरूको संस्कारका ढुकढुकी नै हुन भन्न सकिन्छ । नारी विषयबस्तु बढी समेटिएका

डोटेली घरगीत गाउन महिला सहभागिता नै बढी देखिन्छ । हातमा हात समातेर दुई समुह गोलो बनाइघुमि यो गीत खेलिन्छ । शिष्ट र सभ्य मानिने यी गीतहरूमा केही प्रेमप्रसङ्गका वा सालीभिनाका ठट्यौली पनि भएको पाइन्छ ।

**घरगीतको नमुना (घरगीतसंख्या १)**

उच्ची ढुङ्गी ओखड नफोड, उच्ची ढङ्गी ओखड नफोड

(१) बावा मेरा चरकी नबोल,बावा मेरा चरकी नबोल
चरकी बोले मन फाटन्छ, मरो चरकी बोले मन फाटन्छ मेरो
बावा हाम नसीजाउला भोल, बावा हम नसीजाउला भोल । उच्ची ढुङ्गी.........

(२) इजु मेरी चरकी नबोल, इजु मेरी चरकी नबोल
चरकी बोले मन फाटन्छ मेरो,चरकी बोले मन फाटन्छ मेरो
इजु हमु नसीजाउला भाल इजु हाम नसीजाउला भोल । उच्ची ढुङ्गी.......

(३) काका मेरा चरकी नबोल काका मेरा चरकी नबोल
चरकी बोले मन फाटन्छ, मेरो चरकी बोले मन फाटन्छ मेरो
काका हमु नसिजाउला भोल काका हामु नसिजाउला भोल । उच्ची ढुङ्गी..........

(४) दादा मेरा चरकी नबोल,दादा मेरा चरकी नबोल
चरकी बोले मन फाटन्छ, मेरो चरकी बोले मन फाटन्छ मेरो
ददा हामु नसिजाउला भोल ददा हामु नसिजाउला भोल । उच्ची ढुङ्गी ..........

(५) बौजु मेरी चरकी नबोल, बौजु मेरी चरकी नबोल
चरकी बोले मन फाटन्छ मेरो, चरकी बोले मन फाटन्छ मेरो
बौजु हामु नसीजाउला भोल बौजु हामु नसिजाउला भोल ।
उच्ची ढुङ्गी ओखड नफोड,उच्ची ढुङ्गी ओखड नफोड

स्रोत व्यक्ति : (वीरबहादुर सेठी जोरायल- ५, अमौन)

यसरी घरगीतमा घरका विभिन्न समस्या वा माइतका सम्झनाहरू र संस्कारहरू समावेश भएका हुन्छन् ।

### ३.५.२ परिवेश सिर्जित गीत

परिवेश सिर्जित गीत भन्नाले परम्परागत गीतमा झैँ उही गीतहरू मात्र नदोहरिई नयाँ परिवेश अनुसार सिर्जना गरिने गीतहरू भन्ने बुझिन्छ । डोटेली लोकगीतमा पनि यस्ता गीतहरू गाउने परम्परा पहिले देखी नै भए पनि गीतमा हुने विषयवस्तु परिवेश अनुसार फरक हुदै जान्छ । यस्ता गीतहरूमा परिवेश वा ठाउँ समय अनुसार जहाँ जे देखिन्छ त्यसैका बारेमा गीताराहरूले गीत जोड्ने गर्दछन । जस्तो डेउडागीत, बालगीत, कर्मगीत आदि तत्काल सिर्जना गर्न सकिने अन्य डोटेली गीतहरू पनि यस भित्र पर्दछन् ।

### (१) डेउडा गीत

डेउडा सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको अत्यन्त प्रचलित लोकगीत हो । डेउडालाई धेरै लोकसाहित्यविद्हरूले वनगीत वा वनडेउडा पनि भन्ने गरेको पाइन्छ । वनजंगलमा घाँस काट्दा गाइ बाख्रा चराउँदा एक्लो ठाउँमा विरह वा वेदना हुँदा यी गीत गाउने गरिन्छ । पुरुषहरूले बढी गाउँने र रुचाउँने डेउडा वनमा मात्रै गाइने भए पनि हाल आएर खुल्ला परिवेशमा राजनैतिक विषयवस्तुलाई समेत समेट्दै गीत गाउन र रच्न थालिएको छ । जस्तैः-

गोरुबाख्रा चराउनाकी सरकारी वन छकी
तिम्रो पनि मेरा जसो उदासी मन छकी
बजार जल्यो बिजुलीले वन जल्यो तारले
फूलभाडी लाइ माया लाउछु मसिना सारले आदि जोशी,(२०६७ : ६) ।

### (२) कर्म गीत

कर्म गीत विभिन्न काम गर्दा गाउने गीत हो । यो गीत जुन काम गरिन्छ, कामै पिच्छे फरक-फरक रचना गरी गाइन्छ ।जस्तै : -

**कात्तिकमा खेत खन्दा गाउने कर्म गीत**

खनखन विरौ हम्म हम्भाइ
तले माणा खाला हम्म हम्भाइ
खनी जोती हम्म हम्भाइ

छिटाइ सक हम्म हम्भाइ

लौ लाग वीरौ हम्म हम्भाइ

स्यावास विरौ हम्म हम्भाइ

कात्तिका मैना हम्म हम्भाइ

च्युट खनाइ छ हम्म हम्भाइ

खनखन विरौ हम्म हम्भाइ

तले माण खाला हम्म हम्भाइ

स्रोत व्यक्ति : (गौरीलाल खडायत भणरे धामी गाउँ जोरायल डोटी)

नायाँ घरका ठूल्-ठूला काठहरू ल्याउँदा वा खोलामा पुल हाल्दा  गाइने गीत

ए तान तान ज्वानौ हम्म

जोरले तान हम्म

हस्ते ज्वानौ हम्म

ए मोटा पाखुडा हम्म

ए मोटा जागडा हम्म

ए लाग लाग हम्म

ए समतै सल्लो हम्म

ए म नै गल्लो हम्म

ए समतै सल्लो हम्म

ए हामु नैगल्ला हम्म आदि ... स्रोत व्यक्ति :(गौरीलाल खडायत जोरायल- ५ धामि गाउँ)

### (३) बालगीत

डोटीको केही प्रचलित बालगीत परम्परित भए पनि प्रायःजसो बालबालिकाले आफै समयअनुसार फरक-फरक गाउने गरेको पाइन्छ । बूढाले बालक भुलाउँदा होस वा ठुला बालकले सानालाई भुलाउँदाका गीतहरू हुन् समयअनुसार फरक पर्न जान्छन्। जस्तैः-

बालक सुताउँदा गाइने बालगीत

सिरने बालो रामणो

चरीको मासु चामणो

द होरि बाला दहोरि

भोक लाग्या बठी जाउलो पकाइ दिउलो

निन लाग्या बठी थाकडो डस्याइदिउलो

निन्नरी बाला निन्नरी दहोरी बाला दहारी आदि

स्रोत व्यक्तिः(टेकराज ओझा जोरायल ५ओझा गाउँ)

प्रस्तुत गीतमा बालकलाई फकाउदै सुताउने जुक्तिमा विभिन्न चराको नाम लिने खानाहरूको नाम लिने र बच्चाको ध्यान आकर्षित गराउदै फकाउने गरिन्छ । यसरी समय अनुसार सिर्जना भएका गीतहरू परिवेश सिर्जित गीतभित्र पर्दछन् ।

## ३.६ निष्कर्ष

डोटी जिल्लामा प्रचलित विभिन्न लोकगीतहरूका माध्यमबाट त्यहाँका मानिसहरूले आफ्ना मनका अनुभूति पोख्ने र जनजीवनको प्रतिबिम्ब उतारेको हुनाले त्यस समाजका संस्कार रीतिरिवाज,भेषभुषा लगायत सम्पूर्ण कुराहरू समावेश गरेका हुन्छन । यी विविध गीतहरूमध्ये डाटेली चाडपर्वका बेला गाउने डोटेलीगीतको पनि छुट्टै महत्त्व हुन्छ । फाग, चैत, भुवो, चैत, धमारी, घरगीतहरू परम्परित काव्यात्मक र मधुर लयका हुने भएकाले र यी गीतहरूमा डोटेली मौलिकता र नारी तथा पुरुषगत पहिचान बोकेको हुनाले पनि यी महत्त्वपूर्ण छन् । विभिन्न विद्वान्हरूले आ-आफ्नो ढङ्गले डोटेली लोकगीतलाई वर्गीकरण गरेतापनि आंशिक रूपमा यहि वर्गीकरण नै सबैको सहमतिको आधार बन्न सक्छ । यद्यपी परम्परित तथा परिवेश सिर्जित गीतहरू अझ थपघट हुन सक्छन् ।

# चौथोअध्याय

# डोटी जोरायल क्षेत्रमा प्रचलित गौरागीतको सङ्कलन

## ४.१ विषय प्रवेश

प्रस्तुत शोधपत्र तयार पार्नु पूर्वविभिन्न समयमा र विशेष गरी गौरा पर्वका बेला स्थलगत भ्रमणमा गई गौरा पर्वका गीतहरूसङ्कलन गरिएको छ। स्थलगत भ्रमणमा परेका ठाउँहरू विशेष गरी गडसेरालाई रोजिएको छ भने निरौली, खतेडा, जोरायलकोला आदि क्षेत्रमा गइ त्यहाँका वृद्धवृद्धा युवा र गिदाराहरूसँग सोधपूछ गरी यस शोधपत्रका लागि आवश्क पर्ने सामग्रीहरू जुटाइएको छ । त्यहाँबाट सम्भव भएसम्म भिडियो, अडियो र फोटाहरूको सङ्कलन पनि गरिएको छ । केही मात्रामा त्यहाँ रहेका पुराना लिखौटहरूबाट पनि लिइएको छ । डोटी जोरायल क्षेत्रमा गौरा पर्वका बेला गाइने प्रचलित फागगीत र चैतगीतको सङ्कलन यस प्रकार रहेको छ।

### ४.१.१ फागगीत

डोटीजोरायल क्षेत्रमा प्रचलित अरू लोकगीत जस्तै फागगीत पनि एक महत्त्वपूर्ण परस्परित गीत हो । यो विशेषतः देवताको स्तुतिमा र मानव संस्कारहरूमा भिन्नाभिन्नै गाइने हुनाले यसलाई भिन्नाभिन्नै नाम पनि दिएको पाइन्छ। मागल, सगुन र फाग भनेको पनि पाइन्छ । डोटी जोरायल क्षेत्रका फागगीत बारे विभिन्न विद्वान्हरूले आ-आफ्नो मत दिएको पाइन्छ। देवकान्त पन्तले फागलाई परिभाषित गर्ने क्रममा “फाग भन्ने डोटेली शब्द हो र जसरी माहुरीहरू आ-आफ्नो घार भित्र-फागमारहेर गुनगुनाउँछन् ।त्यसरी गुनगुनाउँदा आउने सङ्गीतझैँ महिलाहरूले गुनगुनाउने भएकाले यसलाई फाग भनिएको हो” पन्त, (२०३२ : १४) भनेका छन् । जयराज पन्तले “फाग जन्मदेखि विवाहसम्मको संस्कार, जात्रा, मेला, पर्व, उत्सव, यज्ञ र पूजापाठ आदि अनेकौअवसरहरूमा नारीहरूद्वारा सामूहिक रूपमा गाइने परम्परागत डोटेली लोकगीत हो” पन्त, (२०५३ : ६)।

यसरी फागगीत माङ्गलिक अनुष्ठानको र विभिन्न मेला, पर्वमा गाइने ‘फाग’ एक महत्त्वपूर्ण छ। फाग प्रस्तुत गर्नेलाई फगारी भनिन्छ। फाग विभिन्न संस्कार वा मेला पर्वमा जस्तै गौरा पर्वमा पनि फागको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ। फाग कुनै पनि मेला पर्व र

जात्रामा फाग विना भगवानलाई खुशी बनाउन नसकिने तथ्य पाइन्छ । गौरा पर्वमा गाइने फागहरू यसप्रकार छन् ।

### ४.१.१.१ बिरुडा भिजाउँदाको फाग

हाइतमेरी सासूमय गौरी महेश्वरको म वरत अद्‌छु
काँरे हुन्ना बिरुडीकी काँरे होली तामाकोशि कसोअरि म वरत अरू?
मैतोणा जायबहु भयलु घरी जाय
भयलु बिरुडी दिन्ना भयलु घरी जाय
भयलु तामाकोशी दिन्ना

चलि गइन मैतोणा देश
मैतोणा देश ददा घर गइन्
ददा घर महेश्वर वरत् अद्‌छु?
मलाई पञ्चान्न बिरुडी दिए
पञ्चन्न तामाकोशी दिए
ददा ज्यूले पञ्चन बिरुडी दियो
भयलुले पञ्चन बिरुडी दियो
पाटपटम्बर पैरन दियो
पिताम्बर बस्त्र दियो
धाउनि धुपाउनि घरलौटी आइन
हाइतमेरी सासूमाई बिरुडी कसरी भिजाउ?

अवय भराण बहु बिरुडी भिजाए
तामाकोशी सिगाँरी भिजाए
घरगण दुबोइले तामाकोशी सिगाँर
कैइलु गाइका गोवरइले तामाकोशी सिगाँर
दौरानी जेठानी मिली गंगाजलु ल्याए
गंगाजलुइले बिरुडी भिजाए ॥

स्रोत व्यक्ति :(विष्णादेवी पाठक,गडसेरा-५ चौकी)

### ४.१.१.२ बिरुडी धुन्याबेलाको फाग

कहाँ होलो निरजलु कहाँ बिरुडी धुउ
हाइत मेरी बहु गंगाजीका छालमी
पानि मुल धारा हुन्ना, बारमासे पानी होलो
जोलोन मगराउ होली उहिकी बिरुडी धोए
पल्लाकी बिरुडी धोए बहु सूरीज चढाए
दोसरो बिरुडी धोई, गंगाजीलाइ चढाए
तेसरो बिरुडी धोई, बलुवोट चढाए
गंगाठाँट बलुबोट बिरुडो चढाए
गंगाठाँट बलुवोट आजापूजा अर
गंगा ठाँटबलुवोट वरदान माग
गंगाठाँट बलुवोट गौरीमहेश्वर निउतो पठाए ॥

स्रोत व्यक्ति : (विष्णादेवी पाठक, गडसेरा- ५ चौकी)

### ४.१.१.३बिरुडा धोइ घर आइसकेपछि गाउने फाग

धाउनि धुपाउनि मैयाँ घर लौटी  आए
बिरुडी तैइ धौइ पखाली घर लौटी आए
कैकी अरी बिरुडिकी काँराखि पाउँ
हाइत मेरी बहु तेइ बिरुडी ल्याएँ भित्तरी
हमराइत कुल देउका अवया भराण राख
स्रोतव्यक्ति : (देवी भण्डारी,जोरायल-४निरौली)

### ४.१.१.४  गौरा ल्याउन जाने बेलाको फाग

जाय बाबु दामोदर लोली माइत ल्याए
क्याउ लाई क्याउ खाई लोली माइत ल्याए
अमृतैकी घणा खाइ लोली माइत ल्याए
पञ्चन देवता लैजाई लोली माइत ल्याए
दामोदर भयलु लैजाइ लोली माइत ल्याए

त्याक्तिस कोटी देउ लैजाई लोली माइत ल्याए

क्याउकी कोशेली लैजाई लोली माइत ल्याऊ

नाकन नथनी पइराइ लोली माइत ल्याए

गाथन चोलिया पइराइ लोली माइत ल्याए

ढोलियैका चेला लैजाई लोली माइत ल्याए

स्रोत व्यक्ति :(टिकेश्वरीदेवी पाठक, गडसेरा- ५ डोटी)

### ४.१.१.५ गौरा ल्याउने बेलाको फाग

उडी आइन मेरी लोली गौरा

बटौलीमै भयो छ उज्यालो

आँगनीमै खुरखुट्टी भयो छ उज्यालो

आँगनिका लोग वागौ वणा पुणा जाय

आइन मेरी लोली गौरा लोग लस्कर लैईन्

आँगनिमै आईन मेरी लोली गौरा

भित्तर मेरा कुलदेउ बाहिर निकल

तमरी त बहिनी माइत आइन

आँगनिका लोग वागौ वणा पुणा जाय

लोली गौराइकी भाई बहिनी डोली भित्तर ल्याए

स्रोत व्यक्ति : (जमुनादेवीओभ्का,जोरायल-५, मुसेवाटा गाउँ)

### ४.१.१.६बलु पूजा गर्दाको फाग

गंगा ठाँट बलुवोट बलुपूजा अर

पियला अछेताले बलुपूजा अर

गंगाजीका जलैले बलुपूजा अर

घरगणा दुवाइले बलुपूजा अर

बलुपूजा अर बहु वरदान माग

गौरी महेश्वर निउतो पठाए ॥

स्रोत व्यक्ति :(देवी खत्री, जोरायल- ४ निरौली)

## ४.२ चैतगीत

लोकसाहित्यकोको एउटा पुरानो विधा मध्येको एक विधा चैत हो । डोटेली लोकसाहित्यमा चैतगीतको महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । चैत संस्कृतको चरित्र शब्दको अपभ्रंस रूप हो । डोटेली लोकसाहित्यमा चैतगीतको महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ । चैत भन्नाले कुनै ऐतिहासिक वीर तथा धार्मिक देवीदेवताका चरित्र र उनीहरूले गरेका कामकाजको विवरण गीतशैलीमा गाएको एउटा अंशका रूपमा चैतलाइ लिइन्छ ।

चैतगीतमा पौराणिक तथा ऐतिहासिक व्यक्तित्वका जीवनशैलीलाई केन्द्रमा राखेर सिलसिलाबद्ध तरिकाले गरेका कामको विवरणलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको आख्यानलाई चैत भनिन्छ ।चैत भनेको चैत महिनामा दमाईहरू मानिसको घर घरमा गई दु:ख सु:ख पाएकीचेलीका गीत गाउँदै र सुनाउनेलाई चैत भनिएको पाइन्छ । बन्धु,(२०५८:२१६)डोटेली लोकसाहित्यमा चैतगीतले विशेष किसिमको चरित्र बोकेका व्यक्तिका विषयमा रचिएको गाथा भन्ने वुझिन्छ । यसलाई गौरा । पर्वकाबेला गाउँदै खेल्ने भएकाले चैत भनिएको हो ।

आयामका दृष्टिले चैत लघु कवितादेखि लिएर मझौला कविताको दाँजोसम्म पुग्ने चैतगीतमा पाईन्छ । डोटेली लोकसाहित्यमा अरू गीतहरू धमारी, ढुस्को, सगुन आदि गीतहरूले सामाजिक तथा नैतिक पक्षको उजागर गरेतापनि चैतगीतले एक व्यक्तित्वको जन्मदेखि मृत्युसम्म गरेका कामहरूको सिलसिलाबद्ध तरिकाले व्याख्या गरेको पाइन्छ । यस गीतमा पुरुषहरू गोलाकार दुई समूहमा हुन्छन् र विचमा एउटा चैत भन्ने गीतारुहुन्छ र एउटा दमाहा बजाउने एक व्यक्ति दमाहा बजाउदै सङ्गीतमय बनाएको हुन्छ । चैतगीतको सङ्कलन यस प्रकार रहेको छ :-

### ४.२.१ श्री भगवतीको चैत

ए....गोकुल नगरी हो उत्पात कियो ।
नन्द अहिरको गोकुल थियो ॥
योग माया देविले अवतार लियो ।
गोकुल नगरीहो जयैकी पाति ॥
योगमाया जनमी गैन सप्तमी राती ।

जमुना जलको असनान कियो ॥
सिंह चढीमाईले चलुभलु कियो ।
तिनै लोक माईल भ्रमण कियो ॥
तिनै लोक माईले अवतार दियो ।
योग माया देविको चउभुजा नाउ ॥
काहा होलो जलमाया कहा होलो ठाउ ।
कैलास शिखर हो उही होलो ठाउ ॥
सिंह चढीमाईले चलुभलु कियो ।
उत्तर देशको साईत लियो ॥
डिल्ली नगरी जाई वेली वासो लियो ।
त्याहैत माईले चलुभलु कियो ॥
पुन्ना गिरी मेर जाई वेली वासो लियो ।
कालीका जलको अस्नान कियो ॥
तलहेऱ्यो पुरहेऱ्यो आइगैछ गाथ ।
योग माया भगवती रैगन रात ॥
विहानका झुल्के घाम चलुभलु कियो ।
गोवडाका मेर जाई वेली वासो लियो ॥
गोवडा छउरे खोला अस्नान कियो ।
तलहेऱ्यो पुरहेऱ्यो आइगैछ गाथ ॥
मालीका भगवती रैगैन रात ।
वार गाउ निरौलीहो मैरै वलु लिय ॥
जाउन तिलको होम हमाई दिय ।
घिउन तिलको होम हमाई दिय ॥
हमाय तिलक जोगी गाथ चढाई दिय ।
सिंह चढी माईले चलुभलु कियो ॥
डोटी नगरी जाइ बेली बासो लियो ।
सेतीका जलको अस्नान कियो ॥
तलहेऱ्यो पुरहेऱ्यो आइगैयो गाथ ।

मालीका रहिगइन डोटीका वास ॥

सिंह चढीमाईले चलुभलु कियो ।

विमकोट नगरी जाई वेलिवासो लियो ॥

विमकोट उधव साईखी ढुकुटीकी खिट ।

योग माया देवीकी भैगैछ भिट ॥

तमुतहो योगमाया कसुलैन हेर ।

हार जित पछि होली पासा पठी खेल ॥

तमुतहो उधव राजौ वैरीका जाल ।

कोट अजवहो पानिका ताल ॥

कोट उधव राजौ भैगए लाल ।

योमाया देवीले चलुभलु कियो ॥

हिमाली शिखर जाई बेलिनासो लियो ।

हिमाल शिखरहो पानिका वण्न ॥

योगमाया रैगैन शिखर ठण्न ।

योगमाया माइले मठ रचाई ॥

योगमाईले सत्य जगाई ।

सत्य जगाइ राजै पाप हटाई ॥

स्रोत व्यक्ति :(दानबहादुर सेटी, जोरायल-५ अमौन)

## ४.२.२श्री समैजी देवताको चैत

ए.....डिल्ली आगराहो उत्पात कियो

भगिरथ राजाको भारत थियो

समैजी देवताले अवतार लियो

जम्बुति दिपको सिरितो लियो

भारतैका नरलाई आशिष दियो

समैजी देवताका सात भाई थिया

मातु जति देवता हो भारत रहया

समैजि देवता हो उत्तर गया

भागवत वुद्धपनि उत्तरै थिया

छ भाई समैजिले चलुभलु कियो
गंगा जमूना आई वेली वासो लियो
गंगा जमूनाको असनान किया
एक भाई समैजिका गङरी थिया
सिंह चढी समैजिले चलुभलु कियो
कुमाउ अलमोडा पुगी बेलिबासो लियो
अलमोडा राम गंगा असनान कियो
एक भाई समैजिको गोविन्द थियो
गोविन्द देवता हो अभोलिगं थिया
कुमाउका मानिसले तिलक पौराई दिया
समैजि देवताले आशिष दियो
त्याहैत समैजीले चलुभलु कियो
सोर पिथौरा जाई वेलिवासो लियो
चण्डि गंगाको असनान कियो
एक भाई समैजिको असिउ देव थियो
असिउ देवता अभोलिगं थिया
त्याहौत समैजीले चलुभलु कियो
कालिखी  घाट जाइ बेलिबासो
एक भाई समैजीको मष्टो देव थियो
मष्टा चलिगए आछाम देश
एक भाई समैजिका ग्वासि देव थिया
ग्वासिले भोटको साँइत लिया
सिंह चढी समैजीले चलुभलु किया
डोटी नगरी जाइ वेलीबासो लियो
डोटी नगरी हो अजैमीर कोट
समैजीले अरीहाल्यो एउटी खोज
समैजीको भैगैछ भागेश्वर भिट
समैजीले अरीहाल्यो डोटीखी खीट

डोटीका नरजती मेरै बलु लिय
जिलोडाका गाउमाथि माणो रचाई दिय
सोल सय डोटी मिली माणो रचाई दियो
माणो बसी समैजीले आर्शिवाद दियो
पन्त, अवस्थि हो पाठक, ओझा
डोटीखी सिक धारीहम दिय पूजा
जैसी, भराणी हो मेरै बलु लिय
सोल सय डोटी खि सिखहम दिय
साहु टमट्टा हो मेरै बलु लिय
कार्तिक दशमि तिथि हम पूजाई दिय
पन्त पाठक भट्ट मेरै बलु लिय
गाइ घिउ समिधाले हमु हमाई दिय
जउन तिलले हम हमाई दिय
पञ्चगब्य औसेख गाथ चढाई दिय
हमाया तिलक गोसाई गाथ चढाई दिय
पैराउला तिलक दुबो हमाइ लिय साथ
समैजीले वाउलि राख्यो सबैका माथ
देवता रई गया यहि भु:लोक
खेल्ने जति सबैको होईजाउ शुभलोक

स्रोत व्यक्ति : (नवराज पाठक, गडसेरा-५ चौकी)

### ४.२.३ रुद्र साईको चैत

ए......चौमला बिठरामै उपजिग्यो चालो
तमरोत रुद्र साई कटकैको पालो
जिया सगुना वती मेरै वलु लिय
कटकैकी जानछु हो सामल कुटी दिय
कुटाय सामल बाला रागा वाडी भयो
इतनैत असगुनो घेरै वसी भयो
असगुनो जनबोल सगुनो बोल

रानी कौशिल्या वती मेरै वलु लिय
कटकैकी जानछु लुगुडा सुजाइ दिय
सुजाय लुगुडा राजौ निला कैला भया
ईतनैत असगुनो घर बसी भयो
असगुनो जनवोल सगुनो बोल
जिया सगुनावती मेरै वलु लिय
कटकैकी जानुछ जिउनार हाली दिय
सलाय जिउनार बाला हिलोगिलो भयो
ईतनैत असगुनो घरै बसि भयो
असगुनो जनवोल सगुनो बोल
रानी कैशल्यावती मेरै वलु लिय
कटकैकी जानछु हतियार सजाइदिय
सजाय हतियार राजौ धारैन आयी
इतनैत असगुनो घरै बसी भयो
असगुनो जनबोल सगुनो बोल
जिया सगुनावती मेरै वलु लिय
कटकैकी जानछु तिलक पैराइ दिय
पैराय तिलक बाला गाथै झणी गय
इतनैत असगुनो घरै बसि भयो
असगुनो जनबोल सगुनो बोल
गुरु जति  पुरोहित मेरै बलु लिय
रनकटक जान्छु साँइत हेरी दिय
हालीहाल्यो धुलाउटो उपरि बाँच्यो पाती
साइत जो मिल्यो राजौ सोउवार राती
त्याहैत रुद्र साईले चलुभलु कियो
निगालीका गाउँ जाई बेलि बासो लियो
निगालि नगरि माथि खाइहाल्यो भात
वोकटी बम हो मेरै बलु लिय

गाउन नगरको कटक खेडी दिय
खेडुला कटक राजौ हम जाउला साथ
कटक जति जीतुलाल पैराउला पात
त्याहैत रुद्र साईले चलुभलु कियो
चाकाइका गाउँ जाइ बेली बासो लियो
महोन्यल दैत मेरै वलु लिय
कटकैखी जानछु हो माथिवउली दिय
माथि वाउली दिउला राजौ हामि जाउला साथ
त्याहैत रुद्र साईले चलुभलु कियो
बराडाका सेरा जाई बेलीवासो लियो
वेताल दैत्य हो मेरै वलु लिय
रनकटक जानछु माथि वाउली दिय
दिउला राजौ माथि वाउली हम जाउला साथ
रन जती जितुलो त मण्डप बनाउलो
रन जती हारुलो त मण्डप ढलाउलो
मोहन्यल दैत हो मेरै वलु लिय
बोरा बोकटी जती कटक खेडी दिय
विहान झुलुके घाम खाई हाल्यो भात
दिउला राजौ कटक खेडी हाम जाउला साथ
त्याहैत रुद्र साईले चलुभलु किय
गोल्छी मणेरा जाइ वोलीबासो लियो
मष्टा भागेश्वर देव तमुइ मन घाउ
खाँणो छुरो भुइमा राखी लोटी विन्ती लाउ
वैरी जती जितुलोत छत्तर चढाउलो
छत्तर चढाउलो देवौ नाम चलाउलो
मष्टा भागेश्वर देव मेरै वलु लिय
पालिन परजा जती कटक खेडी दिय
बिहान झुल्के घाम खाइहाल्यो भात

दिउला राजौ कटक खेडी हाम जाउला साथ
पहिला अनआउनी राजौ कै लागि गैछ
दोसरी अनाउनी राजौ कै लागि गैछ
गोल्छी मणेराका झुपझपे मालु
बसर वसर राजौ वोकटीका कालु
निगालाकी लौरी दोरी तिर नेटी
बसर वसर राजौ सागर सेटी
तेसरी अनाउनी राजौकालागि भैछ
नवलसाईकीरुद्र साईकी हाँक-हाँक भैछ
तलवाट रुद्र साईकी साडी झलकन्छ
माथिबाट नवलसाईकी छुरी फटकन्छ
रुद्र साईले हान्यैसाट खोसेलैन खुस्यो
नवलसाईले हाणै साट सातै भाँटा सेक्यो
नवलसाईले लिइ हाल्यो गाथैकी साइ
रुद्र साईकाटी गय विथरवान जाइ
जौगडा ज्वातो धनाली गणा साउ
चैत लेखनेको जुग-जुग नाउँ

स्रोत व्यक्ति : (नैनबहादुर खड्का, जोरायल- २)

### ४.२.४ गणगिरी बोहराको चैत

ए......कुमाउ नगरमाथि उपजिग्यो चालो
ऐल कटक जाने कइको छ पालो
ऐल कटक जाने बोराइको पालो
जान हो जोलिया चेला दिपायल कोट
हात दियो काकलो मुख दियो वात
त्याहैत जोलियैले चलुभलु कियो
विछोला गाउ जाई वेलिवासो लियो
तेलेका लेक माथि वलुका बोट
धाउनो धपाउनो पुग्यो दिपायल कोट

जौद हरिसाई ढोक छ मेरी
क्याउको आदेश हुन्छ रोताली पाउ
कान दिउलो मोतीहार माल दिउलो गाउ
मगुल पगडी ल्याए तेरो अर्को नाउ
मुगलखि जाउलो राजौ खाणे छुरो पाउ
पहिली पैराउनि पैरयो गाथैको भाँको
दोशरी पैराउनी पैरयो माथैकी साई
तेसरी पैराउनी पैऱ्यो कन्नैखी फेटा
कन्नैको फेटा राजौ नहिमन लाग्यो
चौथि पैराउनि पैऱ्यो चौउखछे बालो
चउखचेखबालो वोरा रिटी मन जालो
अव भयो गण गिरी हतियारैको पुरो
त्याहौत वोराएले चलुभलु कियो
कफल्लेईखी माणौ जाई बेलिनासो लियो
देव कफल्ले दैत मैरै बलु लिय
मगुलखी जान छु हो माथी वाउली दिय
त्याहैत वोराईले चलुभलु कियो
गडसेरा नगरी जाई बेलिनासो लियो
तियडी निमौने दैत्यमैरै बलु लिय
मगुलैखी जानछु होमाथि वाउली दिय
सहर जिती आउलोत माणौ वनाउलो
रन हारी आउलोत माणौ ढलाउलो
माणौ ढलाउलोत दल बुडाउलो
त्याहैत वोराईले चलुभलु कियो
जोराईल नगरी जाई वेलिवासो लियो
घंणेल पिनका दैत्य तोइ मन घाउ
मगुलखी जानछुहो माथि वाउली पाउ
त्याहैत बोराईले चलुभलु कियो

कुमिभ्फाल गड जाई वेलिवासो लियो
ग्वाँसी समैजी दैत तोइ मन घाउ
मगुलैखी जानुछ माथि वाउली पाउ
त्याहैत वोराईले चलुभलु कियो
मगुलान जाइ वोरा वेली वासो लियो
सिलाई हाल्यो भ्फगुलि उदेडी हाल्यो फेर
गण गिरी पडि गए वैरीका घेर
लमकन्छ बाग पुच्छो छण कन्छ घाट
वोराइका लागि गैछ मरमैमी साट
मगुलैखी एनीतहो पुछन्लागि वात
काहाँ बोए हडपडे काँ बोए माथ
मगुलान हाड पडे निन्तोला माथ
बोराइखी भाडिस्वाडी लाइहाल्यो औना
आफु वोरा मरी गए चेला भए दयौना
जौगणा ज्वातो धनाली गणा साउ
गणगिरी वोराईको जुगजुग नाउ ॥

स्रोत व्यक्ति : (दलवहादुर बोहरा, जोरायल-५,बोकडा)

### ४.२.५ सुना देउवाको चैत

ए......दिया कोट नगरीमै उबजीग्यो चालो
जसुवा देउवाइको सुर देउवा बालो
वार गाउ परभत वार गाउ माल
वार गाउ मालैको कोछ रजवार
वार गाउ मालैको जसुवा रजवार
बाबा जति जसु देउवा मेरै वलु लिय
रन मुख जानछु हो हम अर्ति दिय
देउवाको चेलो बावा रन जान दिय
दियकोट नगरी माथि भडकन्ना पात
जन अर सुना देउवा कटकैकी वात

बाला उमेरैको देउवा जुजनाइको पुरो
वलिको बाखरो बावा वली काटी जान्छ
ठाकुरैको रन चेलो बावा रन काटी जान्छ
बावाज्यू जसुवा देउवा मैरै बलु लिय
रनकटक जान्छु कटक खेडी दिय
जेठी रानी हरिनावती मैरै वलु लिय
रनकटक जान्छु लुगुडा सुजाई दिय
सुजाय लुगुडा राजौ निला कैला भय
इतनैत असगुनो घरै वसि भयो
मेरो भन्या मान्नाछौत रनजन जाय
असगुनो जनबोल सगुनो बोल
कान्छि रानी जमुनाईकी मैरै वलु लिय
रनकटक जान्छु सामल कुटी दिय
कुटाय सामल राजै रागा बाणीभय
इतनैत असगुनो घरै वसि भय
मेरो भन्या मान्नाछौत रनजनजाय
असगुनो जनबोल सगुनो बोल
जिया सगुना वत्ती मैरै वलु लिय
रनकटक जानछु जिउनार हालि दिय
सलाय जिउनार बालाहिलो गिलो भयो

इतनैत असगुनो घरै बसि भयो
मेरो भन्या मान्ना छौत रनजनजाय
बावा जसुवा देउवा मेरै वलु लिय
रनकटक जान्छु कटक खेडी दिय
लैजा बाला सुनादेउवा देउवा, वोकटी
लैजा बाला सुना देउवा चन्द पन्यार
लैजा बाला सुना देउवा काला गोरा बोरा
लैजा बाला सुना देउवा चउसाली रावल

लैजा बाला सुना देउवा भट्ट, भणारी
लैजाबाला सुना देउवा वारैमटेलि
लैजा बाला सुना देउवा पालिन परजा
लैजा बाला सुना देउवा सुन मुठे छुरो
लैजाबाला सुनादेउवा पन्च हतियार
जिया कुसुमावत्तिमेरै वलु लिय
रनकटक जानछु तिलक पैराइ दिय
पैराय तिलक बाला गाथै झडी गय
ईतनैत असगुनो घरै वसि भयो
मेरो भन्या मान्नाछौत रनजनजाय
असगुनो जनबोल सगुनो बोल
सम्झेई बाला सुनादेउवा कोखेलाको चेलो
सुनादेउवा घोडीका झुसझुसे केस
सम्झेई सुनादेउवा जनमेको देश
खेडेवाडे कटकैको काँहोलो थाउ
खेडेवाडे कटकेको कोट माथि ठाउ
त्याँहैत सुनादेउवा चलुभलु कियो
राईलैका गाउ जाई वेलिवासो लियो
राइलैका बुढा बाला मैरै वलु लिय
रन कटक जानछु हम साथ दिय
वसी जान सुना देउवा आजैखी रात
काटीहाल बाखरी खाईहाल भात
हम जाउला सुना देउवा तमरा साथ
राईलैका वोगटी गए देउवाईका साथ
त्याँहैत सुनादेउवा चलुचलु कियो
राईलैखी घाटको जाई वेलिवासो लियो
राईलैखी घाटको खुते खुते भल
वासा पुगे सुनादेउवा भोली जुजीकाल

सुनादेउवा घोडीखी धौली चमर
रन पसे सुनादेउवा फुल भमर
हाण हो सुनदेउवा तमुई भठी हाण
हाण हो मकुल तमुई वठी हाण
सुनदेउवा मगुलैखी हाँकाहाँक भैछ
सुनादेउवा झलकाउन्छ सुनमुठे छुरो
वसको लोलिय पती जुजनाईको पुरो
भागीजान सुना देउवा तईभागी जान
रन जुजने छौत अघाडि आन
भागनेको वेटो हैन भागी नै जाउ
मगुलैको छोरो हो छम्काउन्नछ पानि
पहिलीखी चोट देउवाईले हाणी
देउवाइखी हाणी साट खोसेलैन खुस्यो
मगुलैखी हाँणी साँट सातै भाटा सेक्यो
राईलैका घाटैको वणो ठन्न पानि
आव सम्झे सुना देउवा घर ठगुरानि
लोटी लोटी लागि गयो बादल कालो
आब सम्झे सुनादेउवा कोखैको बालो
सुना देउवा घोडीका झुपझुपे केस
आब सम्झे सुनादेउवा जनमेको देश
सातका सौतेला भाई मैरै वलु लिय
सुनादेउवा काटी गय घर भनि दिय
बावा जति सोधन्नात रनकाटी गय
जिया जति सोधन्नीत पछी आउछ घर
जेठी रानी हरिनाखी चेलापालि रया
कान्छि रानी जमुनाखी स्वामी सति गया
धाउनो धुपानो जोलिय पौच्चो जाई
कहुँहो जोलिय चेला कौसुचि वात

बात के कहुला राजौ हिय लागि वात
सुना देउवा काटिगय वेली परभात
बावा जती जसुदेउवा मुटुठोकी रोय
जिया जती कुसुमाम छातिपिटी रोईन
हरिदैव विषनु कौन रिती भई
भाइ भतिजा जति आंगन वषि रोय
रानि जति नौसार भितर वषि रोईन
बोरा जति दियाकोटी मेरै वलु लिय
स्वामि सती जानछुहो कपडा खेडी दिय
कति खोजु कपडाखि कति सेता थान
चलि गईन जमुना रानि स्वामि चिहान
त्याँहैत जमुनाले चलुभलु कियो
राइलखी घाट जाई वेलिवासो लियो
सोल हाते निगालखी एक सट्टी वाठ
सुनादेउवा पुऱ्याई हाल्यो राईलैखी घाट
राईलैखी घाटका आलासुका काठ
आलासुका काठैको सरग पुग्यो जोती
सुनादेउवा रनमरे रानि गैन सती
जौगणा ज्वातो धनाली गणा साउ
सुनादेउवाको जुगजुग नाउ ।

स्रोत व्यक्ति : (गजैसिँ देउवा, जोरायल-४ सउरीय)

### ४.२.६ रूपा साइको चैत

ए.......डुमरा कोट माथि उपजी गयो चालो
सुर्यवंशी ठागुर जिल्ला साईको राठ
रूपा साईको टाँगो छ नारीकी घाट
कैकर पुत हो कैकर जाय
कालु साइको पुत हो हरीनाको जाया
धोको जिउनो लिइ रागौ मन्ता लोग आय

बाला कमर साईले लेखीहाल्यो पाती
रूपा साईको टाँगो छ नारीखी घाट
गाई गोठ भैसी रूपासाईको टाँगो
नारीखी घाट भ्फियाँलैको रैग्या
हेरी हाल्यो मौरीका छैकी हाल्यो काना
दुल्लु आछाम हो उपजे कप्तान
वाईल डुमरा कोट तुडेतुडे पानी
अछाम दरक भैछ कसुलैन जानी
त्यैरिणी कोटैको जोलो पिपल
अछाम दरक भैछ डोटी विचल
छत्तीस बाजा हो बाजन लागे भेरी
डोटी अछाम हो सबै हाल्यो घेरी
कहाँछ डुमराकोट काहाँनारी घाट
पुर छ डुमरा कोट तल नारी घाट
यइ नारी घाटैको को छ रजवार
भ्फिङाल ओसरी गयो लागिग्यै लतार
डुमरी कोट भैरे बोरा मेरै वलु लिय
यइ पर भक्त हो आँसरी जन दिय
सूर्य वँशी ठकुरी हो सुनौलो जोती
तमु जती छोडी हाल्ला हमजिउला कति
नारीका घाटको लोटी लाग्यो घाउ
कति तरे झमलामी कती तरे नाउ
थोका तरे झमलामी भउतै तरे नाउ
खाई हाल्यो बाखरी काटी हाल्यो कान
आइ गय वैरी हो पडि घामासाना
नारीका सेरा माथी जोती हाल्यो बल्ल
कैल पौचे उधव साई भई खलबल
पूजी हाल्यो देवता वजाई हाल्यो शंख

आउजी मदुवा दाईखी नरसीङ वाजी
रूपा साईखी उधव साइखी तरवार वाजी
अइल डुमराकोट बसी गय काज
कती वैरी सनमुख कती वैरी काख
नौ वैरी सनमुख दशै वैरी काख
रूपासाइ उधवसईखी मलौटे वोली
छुटि गय पत्थर छुटि गय गोली
रूपासाइका लागिगै टिक गोली
अइल डुमराकोट फूलीगयो जायो
नारीको जोलीय चेलो डुमरा कोट आयो
कहुहो जोलीय चेलो कौसुची बात
आब के कहुला राजौहिय लागीत त्यात
हरे दैव बिसिनुखि कौन रितहोई
तमरा वंसमिराजौ इसै सधै होई
डुमरा कोट माथि राउटी को पानि
कोट भुरन लागि रूपा सईकी रानि
वाइलैका गाउमा फूलीगय पंडे
कोट भुरन लागिन रूपा साईखी मंडे
रूपासाइका घोडीको रंगछ सेतो
छाति पिटी रुन लाग्यो रूपासाईको बेटो
जौगणा ज्वातो धनाली गणा साउ
रूपासाईको जुगजुग नाउ ।

स्रोत व्यक्ति :(दुर्गाप्रसाद बडू, जोरायल- ५ चौकी)

## ४.२.७श्री कृष्ण भगवानको चैत

ए.... काहाँको छ रजथान कहाँको छ पानि
मथुराको रजथान जमुनाको पानि
कैसी छ जमुनाकी कैसी छ पानि
हरी रस जमुनाको भरी रस पानि

उग्रसेन राजाको मथुरा थियो
मथुरा नगरी हो उत्पात कियो
यदुवंशी बसुदेव वडा धर्मि थिया
श्री कृष्ण भगवान अवतार लिया
मथुराको राजधानी कंसैको थियो
वशुदेव देवकी जेल राखि दियो
कंस जति राजाहो मकर थियो
माता न पिता हो जेल राखी दियो
मथुरानगरी हो कनकैको पाति
श्री कृष्ण जन्मिगया बुधवार राति
भाद्र कृष्ण पक्ष अष्टमी तिथि
भगवान जन्मिगय आधा रात बिती
जेल पहेरे जति सवै सुतिगया
बसुदेव देवकी का नेल फुकि गया
डाली कनैया राखी चलुभलु कियो
जमुना जगार तारी गोकुल पुऱ्याई दियो
नन्द अहिर का घर राखी दियो
नन्द अहिर हो बडा धर्मि थिया
गोकुल नगरीहो जरमन लिया
योगमया देवीले अवतार लियो
वसुदेव नन्दैखी मुलाकात कियो
नन्दैले योगमाया वशुदेव दियो
योगमाया वशुज्यूले जेल राखी दिया
कंस जति राजालेहो खवर पायो
आठौ गर्भ मास्नाखी आफै जेल आयो
योगमाया उडिगैन लोग माया भेट
तेरो वैरी जनमिग्यो गोकुल देश
कंस फुरुक्क फर्कि दरवार गयो

कंसका हियामानि अब सोच भयो

पुतना पापीनीहो राजा बोलायो

विष न जहरजती दुध मिलायो

पुतना पापीनीहो गोकुल आई

गोकुल नगरी माथि भैछ हवाई

गोकुलका केटाकेटी सवै मारी दिय

श्री कृष्ण वलराम गोकुल थिया

पुतना पापीनीहो दुध पिलाई दिया

कृष्ण ज्यूले पुतनाको प्राण खैची लियो

श्री कृष्ण वलराम मथुरा आई

मामा जति कंसले खबर पाई

मामा जति कंस राजौ पनुसा खेल

पनुसा खेल राजौ कसुलैन हेर

कंस जति राजाले पासा खेलीलीया

पंसा जति कसैले तलाउ फेकि दिया

कालीनाग वाशु नाग वश पारि लिया

मथुरा नगरी माथि सिटी वासे काग

तो नमारु कंस पापी वंशैखी लाज

जमुनाका तिरमाथि रिटीगया चिल

कंस जति राजाको काटी गयो शिर

जमुनाका जलकोहो अस्नान कियो

बशुदेव देवकी जेल फुकाई दियो

वाजे जति उग्रसेन जेल फुकाई दियो

मथुराको राजधानि उधव भयो

श्री कृष्ण बलराम चलुभलु कियो

गोकुल नगरी जाई वेलिवासो लियो

बिन्द्रावन कुन्ज माथि राश रचाई

राश रचाइ राजौ मुरली वजाई

राधिका माया रूपी विहा रचाई
गोकुलका उबालाबाला तमुई वसी रह्या
श्री कृष्ण भगवान द्वारिका गया
द्वारीका नगरी माथी मठ रचाई
श्री कृष्ण भगवानले सत्य जगाई
सत्य जगाई राजौ पाप हटाई

स्रोत व्यक्ति : (डिल्लीराज जोशी, जोरायल- ५ भाटिगाँउ)

### ४.२.८ मुगलको चैत

ए.......मालको मगुलो परभात आयो
परभात आई राजौ दईभात खायो
मलास गडीमाथि रिटीमन लाग्यो
जोराईल नगरी माथि भैछ हवाई
भट्ट, कठायत जति डरडराई
भट्ट, कठायतले एकैमतो लियो
जान हो जोलिय चेलो दिपायल जान
मुगुलको खबरहो सुनाईवर आन
हात दीयो कागलो मुखदियो  बात
गोगन गाडमाथि कुँयलिका बोट
जोलिय पउची गयो दिपायल कोट
जदैराजा हरीसाई ढोक छ मेरि
हात दियो कागलो मुखदियो वात
जानहो जोलिय चेला मुडेगाउ जान
कोटैका नरिसाईबोलाईबटल्यान
सेतिका छाल माथि रुइनिका बोट
जोलिय पउच्यो हो मुडेगाउ कोट
कहहो जोलिय चेला कउसुचि वात
मुखदियो कुरडी कागलो दियो हात
तमुतहो नरीशाइ कोट बोलायो

घोडाचयो नरीसाईले चलुभलु कियो
दिपायल कोटजाई बोलीबासो लियो
घोडा वाध्यो मैनखम्ब भैगयो सवाई
मालको मुगलो परबत आयो
तमरोत नरीसाई कटकैको पालो
त्याहैत नरीसाईले चलुभलु कयिो
ममुडेगाउँ कोटजाई वेलिबासो लियो
जिया सगुनबति मेरैवलु लिय
रनकटक जानछु सामल कुटाई दिय
कुटाय सामलबाला रागावाणी भय
इतनैत असगुनो घरै बसि भयो
मेरो भन्या मन्नाछौत रन जनजाय
असगुनो जनबोल सगुनो बोल
रानि हरिनावती मेरैवलु लयि
रन कटक जानछु लुगुडा सुजाई दिय
सुजाय लुगुडा स्वामि निलैकैला भय
इतनैत असगुनो घरै बसि भयो
मेरो भन्या मन्नाछौत रन जन जाय
असगुनो जन बोल सगुनो वोल
गुरुजति पुरोहित मेरैवलु लिय
रन कटक जानछु साईत हेरि दिय
हालिहाल्यो घुलाउटो उपरि बाँच्यो पाति
एइपर मासको साईत नै आथि
दोशरि हेराउनी हेऱ्या पोथिकी भाति
साइत जो मिलिगयो राजौ शनिवार राति
गुरुजति पुरोहित मेरै बलु लिय
सोलसय जिजकोटको कटक खेडि दिय
खेडेबाडे कटकैको रानि ढुङ्ग ठाउँ

जिया सगुनावती मेरैवलु लिय
रन कटक जानछु तिलक पैराई दिय
पैराय तिलक बाला गाथै झडि गय
इतनैत असगुनो घरै बसि भयो
मेरो भन्या मान्नाछौ त रन जनजाय
असगुनो जनबोल सगुनो बोल
घोडाचढि नरीशइले चलुबलु कियो
कफल्लेकी माणै जाई बेलिवासो लियो
कफल्ले केदारदैत तोइमन घाउ
रन कटक जानछु माथि बाउलि पाउ
रनजिती आउलो त माणै बनाउलो
रन हारी आउलो त माणै ढलाउलो
माणैा ढलाउनाको दल बढाउलो
त्याहैत नरिसाईले चलुवलु कियो
गडसेरानगरि जाई वेलिवासो लियो
वारिछ बिरखम्बा सेरो पारि धामी गाउँ
तेडि निमाउने दैत तोइमन घाउ
रनमुख जानछु हो माथि बाउलि पाउ
रनजित आउलोत घण्ट चढाउलो
रनहारि आउलो त माणै ढलाउलो
माणै ढलाउनाको दल बढाउलो
त्याहैत नरीसाईले चलुवलु कियो
मुलाइच लकैका निगालिका बोट
फर्की हेर नरीसाई चौकिजसो कोट
जोराईलनगरि जाई वेलिवासो लिय
रन कटक जनछु मथि वाउलि  पाउ
रनजति जितुलोत दमाउ चढाउलो
रनजति हारुलोत माणै ढलाउलो

त्याहैत नरीसाईले चलुभलु कियो
काउलिखी गाड जाई वेलिबासो लियो
काउलिका गाडको खुतेखुतेभल
बासा पुगे नरीसाई भोलि जुजिकल
हाण हो नरीसाईलाई तमुइबढीहाण
हाण हो मगुल तमुइ बढि हाण
नरीशाइ मुगुलैकि भइहाँकाहाँक
वारिबाट नरीसाईकि छुरीछटकन्छ
पारिबाट मगुलैको बन्दुक पटकन्छ
नरीसाईले हाणेइ साट खोसेलै नै खुस्यो
मगुलैले हाणेइ साट सातै भाटा सेक्यो
काउलिखी गाड माथि बसिहाल्यो चिल
काँ साइकोढण पण्यो काँ शाइको शिर
काउलिखी गाडमाथि बोइहाल्यो तील
भिती पणे नरीसाई नदिपण्यो  शिर
जानेहो जोलिय चेला मुणे गाउँ जान
नरीसाई मरिगय खबर सुनाई आन
काउलिखी गाड माथि सल्लाका बोट
त्याहैजोलियापौच्यो मुणेगाउ कोट
कहुहो जोलिय चेला कौसुची बात
बातको कहुला राजौ हिय लागि थात
नरीसाई काटिगय बेलिपरभात
मुणेगाउ कोटमाथि जयैखी वेलि
आगनि झुरनलागिन नरीसाईखी चेलि
तेलेका लेकको वडो ठन्न पानि
पाण झुरन लागिन नरीसाईखी रानि
नरीसाईका घोडाको रङ छ सेतो

आगनि झुरन लाग्यो नरिसाई को बेटो
जउगण ज्वातो धनलिगण साउ
यो चैत खेल्नेको जुग जुग नाउ
स्रोत व्यक्ति : (राजबहादुर खत्री, जोरायल-४ निरौली)

**४.२.९ लाखी साईको चैत**

ए ..... डोटी नगरी माथि उपजिग्यो चालो
ऐलकटक जाने कैको छ पालो
ऐल कटक जाने लाखीशाइको पालो
जानहो लाखीशाइ जुमला जान
जुमलि पैकेला मारिवट आन
जुमला कापगड हालिहाल सान
बिहान झुल्केघाम खाइहाल्यो भात
परिजानेपालि हो लखीसाईका सात
काप घनौरा राजौ लुटयो कि जाती
को भडकन्छ हो कापगड माथि
देउवा, बोकटि छन् कापगडा
क्याउ ध्यान अद्दाछन् कापगडा
राजाका मन्त्री छन् हो कापगाड
को भडकन्छ हो कापगाड
बोरा,चोखाल छन् कापगाड
खाति, खड्का छन् कापगडा
सेटी, भडारी छन् कापगडा
बिष्ट,रूपालि छन् कापगडा
भट्ट, कठायत छन् कापगडा
जोइसि, भणारी छन् कापगडा
क्याउ ध्यान अद्दाहान कापगडा

राजाका भानिसे छन् कापगडा
राजाका परिजा छन् हो कापगडा
क्याउ ध्यान अद्दाछन् कापगडा
गोला काट्टाछन् कापगडा
वारुद पिसाउना छन् कापगडा
सान छयाउनाछन् कापगडा
काप घनौरा राजौ मोरा भेरी
जनअर लखीसाई हइन तेरी
हटिजा हटेरु चेला हटिजा भड
हट्नेको बेटो हैन हटिनहि जाउ
छुरीटेसी जुजी जाउला हटिनही जाउ
भईहट्टा पैकेलाइ कि जुजाजुजी भैछ
डोटि राजा लखीशाइखी छम्के तिर
काप घनौरा राजौ कौवा रोलि
लखीसाईका लागिगैछ टिक गोलि
जाने बेला लखीसाईका बजे दमाउ
आउने बेला लखीसाईका उल्टा दमाउ
काकाज्यू कालुसाई बावा काँ गया
कापगडा लिउला भन्थे कापैरहि गया
कापैका हउँसिया चेला कापै रहिगया
पाण झुरन लागिन लखिसाईखि रानी
छाती पिटी रुन लग्यो लखिसाई को बेटो
आगन झुरन लागि लखीसाईकी बेटी

स्रोत व्यक्ति : (टेकराज जोशी, जोरायल- ५, वामनगाँउ)

# पाँचौ अध्याय

# डोटी जोरायल क्षेत्रको गौरा गीतको विश्लेषण

## ५.१ विषय प्रवेश

प्रस्तुत अध्यायमा फागगीत र चैतगीतहरूको सैद्धान्तिक अध्ययन र विश्लेषण गरिएको छ ।

यसमा गीत तत्त्वका आधारमा विश्लेषण गरिएको छ । लोकगीतको तत्त्वहरूमा लोकगीतको संरचनामा कथ्य, भाषा, चरन वा पद, स्थायी र अन्तरा, रहनी र कथन, लय र भाका तथा नृत्य र बाध्य पाइने कुरा बन्धु, (२०५८:११५-११९) ले उल्लेख गरेका छन् त्यसैगरी विषयवस्तु, भाषा, भाव सन्देश, लय वा भाका, स्थायी र अन्तरा, रहनी र थेगो, नृत्य र बाजा हुने कुरा पराजुली र गिरी, (२०६८: ३०-३२) ले उल्लेख गरेका हुन् । विभिन्न विद्वान्हरूका मतहरूलाई अध्ययन गर्दा निम्नलिखीत तत्त्वहरूविषयवस्तु, भाषा, सन्देश वा भाव, लय वा भाका, स्थायी वा अन्तरा उल्लेखगरी यी गीतहरूलाई विश्लेषण गर्न सकिन्छ ।

### ५.१.१ फागगीतको अध्ययन विश्लेषण

#### ५.१.१.१ फागगीत संख्या १(बिरुडा भिजाउदाको फाग)

##### ५.१.१.१.१ विषयवस्तु

प्रस्तुत फागमा भरखर विवाह गरेकी बुहारीले सासूआमासँग गौराको व्रत लिनको लागि के-के सामग्री आवश्यक पर्दछ भनी सोध्दा सासूआमाले पहिलो व्रत लिनकोलागि आफ्नो माइतमा गएर पञ्चान्न गेडागुडी, तामाकोसी, कोरो वस्त्र आदि ल्याउनु र विधिपूर्वक कुलदेवताको (भराण) नजिकै गेडागुडी भिजाइ राख्नु भन्ने सासूबुहारीको प्रश्नोत्तर शैलीका विषयवस्तु बनाएको पाइन्छ ।

##### ५.१.१.१.२ भाषा

यो फाग डोटी गडसेरा क्षेत्रमा गाइने भएकोले यस फागमा डोटी गडसेरा क्षेत्रमाबोलिने भाषाको प्रयोग भएको पाइन्छ । डोटेली भाषाको माध्यमवाट यो फागगीत गाइएको छ ।

भयलु : दाइभाइ

मैतोणा : माइत

काँरे : कहाँ

वरत : व्रत

अद्छु : गर्छु

ददा : दाजु

पिताम्बर : पहेलो

कैइलु :कालो

**५.१.१.१.३ सन्देश वा भाव**

यस फागमा पहिलो गौरा व्रत लिन चाहने डोटी गडसेराका नारीहरूले व्रत लिँदा के र कसरी विधिपूर्वक व्रत बस्दै पूजाविधिगर्ने भन्ने र व्रत लिनकालागि के के चाहिन्छ भन्ने सन्देश बोकेको पाइन्छ ।

**५.१.१.१.४ लय वा भाका**

प्रस्तुत फाग डोटेली पर्वगीत मध्येको फागसँग सम्बन्धित भएकाले यसको भाका वा लय पनि फागका रूपमा रहेको पाइन्छ ।

**५.१.१.१.५ अन्तरा**

प्रस्तुत फागमा फागका माध्यमवाट गाइएको वा प्रश्नोतर शैलीमा भएकाले उक्त फागमा अन्तरा भेटिदैन् ।

**५.१.१.२ फाग संख्या २ (बिरुडा धुने बेलाको फाग)**

**५.१.१.२.१ विषयवस्तु**

प्रस्तुत फागमा नारीहरूद्वारा पञ्चान्न बिरुडाधुने बेला गंगाजीमा बुहारीले सासूलाई कसरी धुने भनेर सोधिएको छ । सासूले पनि गंगाजी अथवा खोला किनारमा जाउ वा नभए धारामा गइ त्यहाँ पानिका मूल छन् । त्यहाँ चौवीसै घण्टा वग्ने पानी होला । नजिकै

पानीको कुवा होला । उसैनिर बिरुडा धोउ, पहिलो बिरुडा सूर्य भगवानलाई चढाउ, दास्रो बिरुडा गंगाजीलाई चढाउनु र तेस्रो बिरुडा धोइ बलुवोटलाई चढाउनु र गंगाको किनारमा आजापूजा गर्नु गंगाका किनार बलुवोटको पूजा गर्नु र त्यही गंगाजी सूर्य भगवान बलुबोटसँग आफूले चाहेको कुरा माग्दै गौरी मातालाई निम्तो पठाउ भन्ने विषयवस्तु रहेको छ ।

### ५.१.१.२.२ भाषा

यो फाग नारीहरूद्वारा गाइएकाले प्रस्तुत फागमा डोटी गडसेरा क्षेत्रमा प्रचलित डोटेली भाषाको प्रचुर मात्रामा प्रयोगमा आएको छ ।अरू भाषाको प्रभाव रहेको देखिँदैन् :

बहु : बुहारी

छालमी :किनारमा

दोसरो : दोस्रो

निरजलु : शुद्ध पानी

मगराउ : कुवा

ठाँट : किनार

निउतो : निम्तो

### ५.१.१.२.३ सन्देश वा भाव

यो फाग नारीहरूले गाउने भएकाले यो एक विशिष्ट किसिमको रूपमा रहेको छ । यस फागका माध्यमबाट गौरा पर्वका अवसरमा कसै पनि महिलाहरूले गौराको व्रत लिनचाहेका महिलाहरूका लागि बिरुडा धुन्या बेला के कस्तो विधि तथा आजापूजा गरिन्छ । प्रकृया के के हुन्छ भनि जान्न र सिक्न सक्नेछन् ।

### ५.१.१.२.४ लय वा भाका

यो फाग फागकै लयमागाइएको छ ।

### ५.१.१.२.५ अन्तरा

प्रस्तुत फागमा अन्तराको प्रयोग भएको पाइदैन् ।

### ५.१.१.३. फाग संख्या३(बिरुडी धोइ घर आइसकेपछि गाउने फाग)

### ५.१.१.३.१ बिषयवस्तु

प्रस्तुत फाग बिरुडा धोइ घर आइसकेपछि घर आँगनमा आएर बुहारीले बिरुडा कुन ठाउँ राख्ने होला भनी सासूसँग जिज्ञासा मागिएको छ ।बिरुडा धोएर आइसकेपछिको बिषय समेटिएको छ जसमा बुहारीले बिरुडा धोइ घरमा आइसकेपछि सासूलाई पचान्न बिरुडाकहाँ राख्नेहोला भनेर सोधिन ।सासूले जवाफमा हाम्रा कुलदेवता स्थापना गरेको ठाउँमा भराण भएको ठाउँ नजिकै राख्नु भनिएको विषयवस्तुयस फागमा रहेको छ ।

### ५.१.१.३.२भाषा

यस फागमा सुदुरपश्चिमेली भाषाको डोटी गडसेराको ग्रामीण भेगमा प्रचलित शुद्ध डोटेली भाषामा प्रयोग भएको छ ।

धाउनि : हतारमा

हमराइत : हाम्रा

भराण : कुलदेवता स्थापना गर्ने ठाउँ

लौटि : फर्केर

### ५.१.१.३.३सन्देश वा भाव

यस फागले डोटेली नारीहरूका लागि र फाग सुन्ने स्रोताहरूका लागिडोटी गडसेरा क्षेत्रमा गौराका बेला कुन-कुन फाग कसरी सम्पन्न गर्दछन भन्ने अर्थ उजागर हुन्छ भने अरूब्रतालुहरूका लागि भने बिरुडा धोइ घर आइसकेपछि बिरुडालाई कहाँ-कसरी राख्ने भन्ने कुराको मुल सन्देश प्रकट भएको छ ।

### ५.१.१.३.४लय वा भाका

प्रस्तुत फाग फागकै लयमा गाइएको छ ।

### ५.१.१.३.५अन्तरा

प्रस्तुत फागमा अन्तरा रहेको पाइदैन ।

**५.१.१.४फाग सख्या..४(गौरा ल्याउन जाने बेलाको फाग)**

**५.१.१.४.१ विषयबस्तु**

यस फागमा भाउजुले आफ्नो देवरलाई गौरा ल्याउँन जान आग्रह गरेकी छिन् । त्यसको उत्तरमा देवरद्वारा के-के लाएर के-के ख्वाएर ल्याउने र कसरी के-के गर्नेभन्ने भाउजुलाइ सोधेको छ । त्यसपछि भाउजुले अमृत जलको लोटा लगि, पन्चदेवलाइ साथमा लगि, तेत्तिसकोटि देउ लगि, नाकन नथनि लगाइ, शरिरमा सुहाउने चोलो लगाइ,दमाइको छोरा (ढोली) लगि बाजागाजा सहित लोलि गौरालाइ माइत ल्याउनु भन्ने कुरा भाउजु र देवरको प्रश्नोत्तरको विषय बनेको छ ।

**५.१.१.४.२भाषा**

प्रस्तुत फागमा भाषा ग्रामीण शुद्ध डोटेलीभाषाको पनि गडसेरी भाषाकोप्रयोग भएको छ । यस फागमा बाहिरी भाषा वा अन्य भाषाको पनि प्रभाव परेको छैन :

जायः जाउ

दामोदरः देवर

क्याउकीः केको

पइराइः लगाइ

**५.१.१.४.३ भाव वा सन्देश**

यस फागले दिन खोजेको सन्देशमा गौरामाताको व्रत लिन चाहने नारीहरूका लागि यो फाग महत्त्वपूर्ण छ । जसबाट गौरा ल्याउने बेलामा कसले कसरी के-के गर्ने भन्नेकुराको जानकारी यस फागबाट लिन सकिन्छ ।

**५.१.१.४.४लय वा भाका**

प्रस्तुत फाग फागकै लयमा गाइएको छ ।

**५.१.१.४.५अन्तरा**

यस फागमा अन्तरा रहेको पाइदैन ।

### ५.१.१.५फाग सख्या ५(गौरा ल्याउनेबेलाका फाग)

### ५.१.१.५.१ विषयवस्तु

यस फागमा गौराको मूर्तिलाई कसरी पूजा गर्दै घरसम्म पुऱ्याउने भन्ने कुराको व्याख्या गरिएको छ । घर आँगनमै गौरा आइसकेकी छिन् ।आँगनमा मानिसहरूको ठूलै भीडभाड भएका कारण व्रतालु नारीहरूलाई गौरामाताको स्वागत गर्नअप्ठ्यारो भएको छ । भक्तजनहरू अलिअलि यताउता सरिदिनुहोस् हाम्री छोरी माइत आएकी छिन्। उनीलाई बाटैको खुरकुटटीमा उज्यालो भएको छ । तामझाम मानिसको लस्कर ल्याएर गौरामाता आएकी र आँगनीमा पुगिसकेपछिमानिसको भिडभाडलाईकम गदै व्रतालु नारीहरूद्वारा घरभित्र आसिन हुनुभएका कुलदेवतालाई हजुरको बहिनी माइत आइन, हजुर बाहिर आउनुहोस भनि आग्रह गरिएको छ । गौरामाताको डोली घरभित्र लगी पूजाआजा गरेको विषयवस्तु यस फागमा रहेको छ ।

### ५.१.१.५.२भाषा

उपर्युक्त फाग नारीहरूले गाइएको हुनाले ग्रामिण भेगमा बोलिने शुद्ध डोटेली भाषाको प्रयोग भएको पाइन्छ ।यस फागमा बाह्य भाषाको प्रभाव भने रहेको पाइँदैन।

बटैलिमाःबाटैमा

खुरकुटटीः दैलो

वणापुणः यताउता

तमरिः तपाइकी

जायः गय

भित्तरः भित्र

### ५.१.१.५.३सन्देश वा भाव

प्रस्तुत फागमा व्रतालु नारीहरूद्वारा गाइने भएकोले यो नारीहरूद्वारा नै गाइन्छ भन्ने पक्का हुन्छ ।यस फागले मुल रूपमा नायाँ वा पहिलो व्रत लिने नारीहरूलाइगौराको व्रत लिइ सकेपश्चात उनीहरूले गर्नुपर्ने क्रियाकलापमध्ये गौरा ल्याउनु पनि एक महत्त्वपूर्ण मनिन्छ ।जसका लागि के-के प्रक्रिया र विधिद्वारा गरिन्छ भन्ने जान्नु र सिक्नु सिकाउनु यस फागको मूल सन्देश वा भावका रूपमा व्यक्त भएको छ ।

### ५.१.१.५.४लय वा भाका

प्रस्तुत फाग डोटेली पर्वगीत मध्येको फागसंग सम्बन्धित भएकाले यसको भाका वा लयपनि फागकैरूपमा रहेको पाइन्छ ।

### ५.१.१.५.५अन्तरा

यस फाग गाउने क्रममा अन्तराको प्रयोग भएको पाइन्छ । अन्तराका रूपमा आँगनीका लोग वागैवण पूजा जाय भन्ने वाक्य यस फागमा चार पटक दोहोरिएकाले प्रस्तुत समान ध्वनिको आवृति भई फाग श्रुतिमधुर बनेको छ ।

### ५.१.१.६फाग सख्या ६(बलु पूजा गर्दाको फाग)

### ५.१.१.६.१विषयवस्तु

यस फागको मख्य रूपमा उठान गरिएको विषयवस्तु बलु बोटको पूजाको रूपमा रहेको छ । बलुबोट भनेको एक प्रकारको सानो झाँडी हो जसको ईश्वरका लागि बाटुलो फेद भगवानका लागि बाटुलो पात महेश्वरका लागि पहेलो फूल आदि अर्थ लाग्दछ । यसको हिन्दु नारीहरूले गौरा पर्वको बेला पूजा गर्छन । प्रस्तुत फागमा गंगाका किनारमा रहेको  बलुको बोटलाई दुबो फूल अक्षता र बिरुडा चढाइ पूजा गर्छन र गौरी महेश्वरलाई निम्तो पठाउँदै आफूले माग्न चाहेको वरदान पनि माग्नु भन्ने विषयवस्तु रहेको छ ।

### ५.१.१.६.२भाषा

यस फागमा मौलिक डोटेली भाषाको प्रयोग गरिएको पाइन्छ ।

ठाटःकिनार

पियलाः पहेला

अरः गर

निउतोः निम्तो आदि

### ५.१.१.६.३सन्देश वा भाव

यस फागका माध्यमबाट हिन्दुधर्मावलम्वी नारीहरूलाई पहिलो व्रत लिनको लागि गौराको पूजा गर्नुपर्ने भएकाले यस बोटको पूजा गर्दा के हुन्छ, कसरी पूजाआजा गरिन्छ,गर्दा

कुन किसिमको फल माग्ने,पूजा गर्दा मागेको वर वा मनोकामना पुरा हुन्छ भन्ने भाव यस फागबाट लिन सकिन्छ ।

#### ५.१.१.६.४लय वा भाका

यो फाग फागकै लयमा गाइएको हुनाले लयका रूपमा फाग नै रहेको छ ।

#### ५.१.१.६.५अन्तरा

प्रस्तुत फाग गाउने क्रममा अधिकांश वाक्यकोअन्तमा अर गर माग शब्द आएकाले श्रुतिमधुर बनाएको भएता पनि अन्तरा भने रहेको पाइदैन ।

## ५.२ डोटी जोरायल क्षेत्रमा प्रचलीत चैत गीतको विश्लेषण

### ५.२.१चैत संख्या १(श्री भगवतीको चैत)

#### ५.२.१.१ विषयवस्तु

प्रस्तुत चैतगीत धार्मिक गीत भित्र पर्दछ । प्रस्तुत चैतगीत भित्र भगवती माताको जन्मदेखि लिएर उनी पुगेको विभिन्न ठाउँको वर्णन गरिएको छ ।उनको जन्म भारतको गोकुल नन्द अहिरका घरमा सप्तमीका राती भएको छ । जन्मपश्चात भगवतीकोगंगाजलले स्नान गरिसकेपछि भगवतीले तिनै लोकका भ्रमणमा निस्कीएकी छन् ।योगमाया भगवतीले गोकुलबाट उत्तरतिर पर्ने कैलास पर्वतको यात्रामा निस्किन दिल्ली पुर्णागिरि गइ कालिगंगाका जलले स्नान गरी पुर्णागिरी पर्वतमा वास बसी त्यहाँबाट यात्रा सुरु गरी गडसेरा गोबडा लेकमा गइ धउरे खोलामा स्नान गरी मालिका गइ वास बसिन । त्यहाँबाट बारै गाउँ निरोली गडसेरा जोरायलका मानिसहरूलाई जौ तिल होम गर्न लगाई शिरको स्थापना गराएकी छन् । त्यहाँबाट पनि यात्रा आरम्भ गरिन डोटी राज्यमा गइ सेती नदीका जलले स्नान गरी डोटीको मालिका वास बसिन । त्यहाँबाट पनि यात्रा सुरु गरी बिमकोट गइ राजा उधव साइका रज्यमा गइ । बास बसीन । त्यहाँ उधव राजासँग जुवा खेलेको प्रसङ्ग पनि भेटिन्छ ।उद्धवराज सम्पतिले परिपूर्ण भएको छ ।त्यसपछि त्यहाँबाट यात्रा सुरु गरेको र शिखर चिसो तलाउको पानीमा बास बसेकी विषयवस्तु यस चैत गीतमा पाइन्छ ।

### ५.२.१.२भाषा

प्रस्तुत चैतगीतमा डोटेली भाषाको प्रयोग गरेको पाइन्छ ।यस चैतगीतमा अरू भाषाको प्रयोग भएको पाइदैन ।

चलुबलु: प्रस्थान गर्नु

आसनानः स्नान गर्नू

डिल्लीः दिल्ली

पूरहेऱ्योः माथि हेऱ्यो

जाइः गइ

वण्नः तलाउ

ठण्नः चिसो

हमायः हाम्रो

जनमिः जन्मि

### ५.२.१.३ सन्देश भाव

प्रस्तुत चैतगीत धार्मिक प्रेरणाबाट ओतप्रोत भएको देखिन्छ ।हामीहिन्दु धर्मका अनुयायी भएकाले हिन्दु परम्परामा भगवतीको स्थान उच्च रहेको छ ।यस चैतगीतको अध्ययनपश्चात पाठक वर्गहरूप्रति धर्मकर्मप्रतिको आस्था बलियो बनाउँछ भन्ने भाव बोकेको छ ।

### ५.२.१.४लय वा भाव

यस चैतगीतको सुरुमा ए......भनेर शुरुवात भएकाले यस चैतगीतलाई सुरिलो बनाएको छ भने यसको लय वा भाका चैत नै हो भन्न सकिन्छ ।

### ५.२.१.५अन्तरा

यस चैतगीतमा अन्तराका रूपमा सिंहचढी माइले चलुभलुकियो शब्द आयता पनि यसमा खासै अन्तराको प्रयोग भएको पाइदैन ।

### ५.२.२ चैत संख्या २ (श्री समैजी देवताको चैत)

#### ५.२.२.१विषयवस्तु

प्रस्तुत चैतगीत पनि धार्मिक विषयको विषयवस्तुको रूपमा उठान गरेको छ ।यस चैतमा श्री समैजी देवताको जन्मदेखि विभिन्न समयमा विभिन्न ठाउँमा पुगी गरेका कार्यहरूको सिलसिलाबद्ध किसिमले वर्णन गरेको पाइन्छ ।श्री समैजी देवताको डिल्ली (दिल्ली) नगरमा अवतार लिएको र त्यहाँका राजा भगिरथ थियो भन्ने प्रसंगबाट सुरु भएको छ ।श्री समैजी देवताका सातभाइ र आमामध्ये छ भाइ उत्तरतिरको यात्रामा निस्के उत्तरमा बुद्ध र भगपत रहेको कुरा उल्लेख छ ।पहिलो दिन समैजी देवताले गंगा जमुना नदीको छेउमा आएर वास बसेका र स्नान पनि गरको छ ।श्री समैजीका एक भाइ गगरी थिया र गगरीका नामबाट गंगा हुन सक्छ भन्ने अनुमान गर्न सकिन्छ । त्यहाँबाट प्रस्थान गरेर भारतको अलमोडा गइ वास बसे र राम गंगामा स्नान गरेका छन् । अर्का भाइ गोविन्द त्यही रहे । त्यहाँबाट श्री समैजीले प्रस्थान गर्नुभयो र बिसोर पिथैरा गई बास बसे रचण्डि गंगामा स्नान गरी अर्का भाइ असिउ त्यही रहे । त्यहाँबाट पनि श्री समैजीले प्रस्थान गरी कालीघाट गइ विश्राम गरे र समैजीका अर्का भाइ मष्टो त्यही रहे । फेरी समैजीदेवले त्यहाँबाट पनि आफ्नो यात्रा प्रारम्भ गर्नुभयो, डोटी नगर गइ वास बस्नुभयो । डोटी राज्यको अजैमीर कोट गइ भागेश्वरको खोजी गरी मनको तृष्णा पुरा गऱ्यो त्यहाँ सबै मानिसलाई जिलोडाका गाउँ माथि मन्दिर स्थापना गर्न पठाइ पन्त, अवस्थी, पाठक र ओझा आदि जातिले मेरो पूजा गर्नु, जोशी, भण्डारीले मेरो काम गर्नु र सोह्र सय राज्य मलाईदिनु र कार्तिक दशमी तिथी मेरो आजा पूजा गर्नु जल, तिल,घ्यू र समिधाले जप गर्नु साथै औसेकले शिर माथि चढाइ दिनु यति गरिसकेपछि श्री समैजीले तिलक र दुबो सबैलाई लगाइ आशिस दिइ,श्री समैजी यही भुलोक रहनुभयो भन्ने विषयवस्तुका साथ खेलिने यस चैतगीत विशेष विषयवस्तुका रूपमा रहेको छ ।

#### ५.२.२.२भाषा

प्रस्तुत चैतगीतमा परम्परादेखि चलेका डोटेली भाषाको प्रयोग भएको पाइन्छ । यस चैतमा स्त्रीलिङ्ग शब्दको पनि प्रयोग भएको पाइन्छ । एउटी डोटेली जस्ता शब्द प्रयोग भइ यसचैत गीतमा सामान्य भुतकाल प्रयोग भएको पइन्छ ।

सिरीतोः यात्रा

अरीः गरी

हमः मलाइ

पैराउलाः लगाउला

बाउलीः आर्शिवाद

थियाः थिए

डोटीखिः डाटीको

### ५.२.२.३सन्देश वा भाव

यस चैतगीतको अध्ययनपश्चात डोटीजिल्लामा प्रचलित सामान्य बोलिचालीको भाषा प्रयोग भएकाले त्यस ठाउँको धार्मिक मठमन्दिर जानकारी लिनसक्ने र त्यहाँको पर्वतहरूको जानकारी पनि लिन चाहनेहरूका लागि पनि यस्ता चैतहरू अध्ययन गरी रमाइलो गर्न सक्नेछन भन्ने भाव प्रकट भएको छ ।

### ५.२.२.४लय वा भाका

प्रस्तुत चैतगीतको भाका सुरुबाट ए....भनेर लामो उच्चारणका साथ गाइने यस चैतगीतलाइ चैतको लयमा गाइएको छ पाइन्छ ।

### ५.२.२.५अन्तरा

यस चैत गीतमा अन्तराको प्रयोग भएको पाइदैन ।

### ५.२.३. रुद्र साईको चैत

### ५.२.३.१विषयवस्तु

यस चैतगीतको सुरुमा एउटा विर पुरुषले आफ्नो जिवनभरि के-कसरी युद्धकालको बारेमा कार्य गर्दछ भन्ने विषय प्रधान रूपमा प्रकट गर्दछ । ऐतिहासिक भावनाबाट ओतप्रोत भएको यो चैतको विषय राज रुद्र साईको जन्म चौमला बिठरा भन्ने स्थानमा भएको छ । पछि गएर उनको युद्ध गर्ने पालो आएको कुराबाट शुरु भएको छ। उनले युद्ध गर्नजानुभन्दा अगाडि आफ्ना घरपरिवारका सदस्यहरूसँग सरसमाग्री तयार पार्न अहऱ्याएको र श्रीमतीले रासनपानी कुट्नेबेला चामलचाहिँ कनिका र पिडो भएको,कौशल्यावतिसँग लुगा सुकाइदिय

भन्दा लुगा चाहिँ निला र काला भएका, साथै जियासगुनवति खानाहालिदिए भन्दा खानाचाहिँहिलो र गिलो भएको, रानी कैशील्या हतियार सजाइदिए भन्दा हतियार धार नभएको, रानी जियावतिसँग तिलक लगाइदिए भन्दा तिलक निधारबाट झरेको, गुरु पुरोहितबाट चिना हेरी सोमबार राती साइत आएको र यस्ता वार्तलापमा अशुभ साइत देखिएको प्रसंग छ ।

रुद्र साईले युद्धका वेला निगाली बम बोगटीलाइ जम्मा गरी त्यहाँबाट चाकाकेदार गइ बास बसे र मोहन्याल देवतासँग युद्ध जिताउनु भन्ने प्रसंग छ । त्यहाँबाट वराडा गइ देव बेतालसँग आर्शिवाद मागी मन्दिर बनाउने बाचा गरेको । गोल्छी गइ मष्टा भागेश्वरसँग आर्शिवाद लिइ युद्ध जितेमा मन्दिर गजुर चढाउलो भनी बाचा गरको र गोल्छी मणेरामाइ युद्ध भइ युद्ध हारी चौकी बिथरबान गई राजा रुद्र साईको टाउको काटिएको विषयवस्तु यस चैतमा समेटिएको छ ।

### ५.२.३.२ भाषा

प्रस्तुत चैतगीतको भाषा सरल सहज ग्रामीण भेगमा बोलिने डोटेली भाषाको प्रयोग भएको छ ।यस गीतमा धार्मिक तथा युद्ध क्षेत्रमा कस्ता शब्दको प्रयोग हुन्छ भनेर पनि जान्न सकिन्छ ।

उपजग्यो: जन्म्यो

रागावाणीः धुलो पीठो

लुगुडा : लुगा

सुधाइ : मिलाइ

धारैन : धार नै छैन

झण : झर्नु

धुलाउटो : जन्मकुडली

नेटी : बाङ्गो

### ५.२.३.३सन्देश वा भाव

यस गीतको अध्ययन रविश्लेषण पश्चात गौरा पर्वमा कसरी गाउने, कुन भाकामा गाउने, युद्धमा रणनीति बनाउँदा कस्तो कार्य गर्ने, कुनै पनि काम गर्दा कसरी लक्ष्य हासिल

गर्न सकिन्छ । चैत गीत खेल्दा कसरी खेल्ने जानकारी दिन्छ साथै धार्मिक ऐतिहासिक सामाजिकसद्भाव कसरी व्यक्त गर्ने भन्ने सन्देश बोकेको छ ।

### ५.२.३.४लय वा भाका

प्रस्तुत चैतको भाका चैत नै हो तर सुरु ए..... भनेर लामो उच्चारणका साथ गाइने सांगीतीक रूपमा ढोलको प्रयोग हुने भएकाले यसको भाषा मधुरं सुनिन्छ ।

### ५.२.३.५अन्तरा

प्रस्तुत चैतगीतमा अन्तराको प्रयोग भएको पाइदैन ।

## ५.२.४ गणगिरी बोहराको चैत

### ५.२.४.१ विषयवस्तु

यस चैत गीतको विषयवस्तुऐतिहासिकताले भरिएको छ ।प्रस्तुत चैतमा विर पुरुषहरूको बारेमा गीतहरूका माध्यमबाट शुरु गरिएको छ ।यस चैतमा हरीसाईका राज्यमा बलियो तथा शुर व्यक्तीका रूपमा गणगिरी बोहरा हुन । उनि राजाको आज्ञाअनुसार कुमाउ राज्यबाट डोटी हुदै कैलाली (माल)सम्म पुगेर टुंगिएको छ ।

गणगिरी बोहरा युद्धको लागि राजा हरी शाहिलाई भेट्न विधोला तेलेको लेक हुँदै राजा कहाँ पुग्ये र राजाले मुगललाई पर्केर ल्याउने आदेश दिय । उनलाई लुगाकपडा र हातहतियारले सजिसजाउ गरी मुगलको खोजिमा पठाएको छ । डोटीबाट कफल्ये गइ कफल्ये दैत्यसँग आर्शिवाद मागी गडसेरा गइ तेडिनीमोनेसँगमुगललाई पर्केर आइ मन्दिर बनाउलो भन्दै आर्शिवाद मागे । जोरायल घंणेलपिन दैत्यसँग आर्शिवाद लिई, कुमिझाल गइ बासबसे । ग्वाँसी समैजीसँग आर्शिवाद लिई मुगलगइ बास बसे र त्यहाँ मुगले बोहरा आएको चाल पाईबोहरालाई घेरामा हाली राजा हरि साईका कुराहरू सोध्न थाले र मुत्युदण्ड दिएको यस चैतगीतको विषयवस्तु हो ।

### ५.२.४.२भाषा

प्रस्तुत चैतगीतमा डोटेली भाषाको प्रयोग भएको पाइन्छ ।यस चैतमा धार्मिक तथा ऐतिहासिक कार्यमा प्रयोग हुने भाषा प्रयोगमा ल्याएको छ ।यस चैतमा(झगुलि)निर्जीव

वस्तुलाई पनि स्त्री लिङ्गका रूपमा प्रयाग गरेको छ भने वीर चरित्र प्रधान भाषाका रूपमा व्यक्त गरिएको छ ।

जोलिया : जुम्ल्याहा

जौद :दर्शन भेट गर्न प्रयोग हुने

पुरो :पुरा (जिद्दी)

कन्नै : कम्मर

उदेडी : चिर्नु

झगुली : कपडा (बालिकाले लगाउने फ्राक)

दयौना :टिठ लाग्दो

पगडि : पक्नु

### ५.२.२.३सन्देश वा भाव

माथिको चैतगीत अध्ययन तथा गायनपश्चात समाजमा रहेका विभिन्न पवित्र तथा धार्मिक तथा सांस्कृतिक लोकगीतलाई कसरी प्रस्तुत गरी गाउन वा खेल्न सकिन्छ भन्ने कुराको स्पष्ट हुन्छ । खास गरी यस चैतगीतको अध्ययन तथा विश्लेषणबाट डोटी राज्यमा परापूर्वकालमा भएका ऐतिहासिक घटनाहरूको प्रस्तुतिकरण कसरी गर्नेभन्ने सन्देश बोकेको छ ।

### ५.२.४.४लय वा भाका

यस चैतगीतको लय वा भाका चैतनै हो । चैत अनुसार नै विस्तारै लामो स्वरमा गाइनु यस चैतगीतको लय वा भाका हो ।

### ५.२.४.५अन्तरा

यस चैतगीतमा बोराइले चलुबलुकियो भन्ने वाक्य बिच बिचमा दोहरिएकाले अन्तरा यसैलाइ लिन सकिन्छ।

### ५.२.५ (सुना देउवाको चैत)

### ५.२.५.१विषयवस्तु

प्रस्तुत चैतगीत पनि ऐतिहासिक वीर चरित्रमा आधारित रहेको छ । यसचैतगीतमा देउवा जातिका सुना व्यक्तिका बारेमा वर्णन गरिएको छ ।यस चैतगीतमा उनलाई लडाइ गर्न जाँदा आफ्ना बुवा र श्रीमतीसँग गरेको वार्तालाप रहेको छ । हामी ठाकुरले युद्धसँग डराएर भग्नु हुदैन भन्ने वक्य व्यक्त गरेका छन् ।सुना देउवाले माल(तराइ) युद्धको यात्रा सुरु गर्ने कममा विभिन्न कियाकलापहरूबाट अशुभ भएको तथ्य यस चैतगीतमा भेटिन्छ । उनले घरबाट युद्धको यात्रा सुरु गर्ने कममा आफ्ना बुवासँग लडाकु जम्मा गर्न भनेको र बुवाले पनि देउवा, वोकटी, पनेरु, बोहरा, रावल, भट्ट, भण्डारी समुदायका व्यक्ति जम्मा पारी युद्धका लागि हिँडे र राइलका गाउँ गएर वास बसेको कुरा भेटिन्छ ।विपक्षको हतियार लागि सुना देउबाको हार भएको छ ।

यस चैतगीतमा सुना देउवाको हार पश्चात उनले घरमा रहेका छोराछोरी आमा बुवा श्रीमतीलाई सम्झी राइलका घाटमा आफ्नो अन्त्य भएको सामाचार घरमा पठाउँछन् र घरका सदस्य सबै खबर सुनी भावविह्वल हुन्छन । यसको विषयवस्तु भनेको उतिबेलाको समाजमा रहेको सतिप्रथा हो । जसलाइ यस चैतगीतमा प्रस्तुत गरी देखाएको छ।

### ५.२.५.२भाषा

प्रस्तुत चैतगीतको भाषा डोटेली हो । यस चैतगीतमा युद्ध समयमा प्रयोग हुने युद्ध कलाका भाषाको प्रयोग भएको छ । यस चैतगीतमा ऐतिहासिक, सामाजिक, धार्मिक पौराणिक भाषाको प्रयोग भएको पाइन्छ ।

यस चैतगीतमा कुनै न कुनै ठाउँमा निर्जिव वस्तुलाई पनि स्त्रीकरण गरेको र बिच-बिचमा फाटफुट रूपमा हिन्दी भाषाको प्रयोग पनि गरेको देखिन्छ । विशेष गरी यस चैतगीतमा ग्रामीण डोटेली भाषाको प्रयोग भएको छ ।

जोलिया : जुम्ल्याहा

बालो : छोरो

जुजनाइको : लड्नाको

पुरो : जिद्धीबालो

माल : तराई

छन् भने हिन्दी भाषामा आएका शब्दहरू

वेटो :छोरो

कोन हो : को हो

स्त्री लीङ्गका रूपमा आएका शब्दहरू

पहिलिखी : पहिलेको

देउवा खी : देउवाको लागि

मुगली खी : मुगलको

### ५.२.५.३सन्देश वा भाव

यस चैतगीतको अध्ययनपश्चात डोटेली ग्रामीण क्षेत्रमा रहेको धार्मिक, पार्विक, ऐतिहासिक तथा संस्कृति पक्षसँग गाँसिएर युद्ध कला र युद्धको भाषालाई जीवनमा कसरी खेल्न र गाउन सकिन्छ भन्नु र पुरानो अवस्थाको जानकारी हासिल गर्दै अहिले आएर पुराना राजामहाराजाहरू र उनीहरूका युगमा के कस्तो धार्मिक, सामाजिक र उनीहरूको जीवनशैली कस्तो थियो भन्ने कुरा जानकारी पाउनु नै यस चैतगीतको मुल सन्देश रहेको छ ।

### ५.२.५.४लय वा भाका

यस चैतगीत गाउने क्रममा जुन किसिमको भाका वालय प्रयोग भएको छ । त्यो नै चैत गीतको माध्यमबाट गाइएको हुनाले यो गाउँदा सुरुमा ए.....भनेर समूहका एक जना व्यक्तिले भन्छ रपछि अरूव्यक्तिले बिस्तारै शरीरका हाउभाउअनुसार खेल्ने गर्दछन् । यसमा ढोल दमाहाका  माध्यमबाट यसलाई अझै रमाइलो र श्रुतिमधुरता प्रदान गरेको छ ।

### ५.२.५.५अन्तरा

प्रस्तुत चैतगीतमा अन्तरा प्रयोग भएको पाइदैन ।

### ५.२.६ रूपा साईको चैत

#### ५.२.६.१विषयवस्तु

प्रस्तुत चैतगीतऐतिहासिक व्यक्तित्वको लडाइको बारेमा विषयवस्तु घुमेको छ। राजा रूपासाईको डुम्राकोट राज्य भएको र राज्य बचाउनको लागि सूर्यवंशी राजा रूपासाईले हरतरको प्रयास गरेका छन् । भेरी राज्यबाट आएका सेनाले डोटी डुम्राकोट लगायतअछामलाई घेरा हाली लडाइ गरेको र सो लडाइमा राजा रूपासाईको मुत्यु भएको छ ।

यस चैतगीतमा राजा रूपासाईको राज्यमा विभिन्न गाउँका मानिसको चर्चा गर्दै भौगोलिक स्थानलाइ विषयवस्तु बनाएर नारिघाट,कोट गरी विभिन्न भौगोलिक रचनाको चर्चा गर्दे एउटा वीर पुरुषको मृत्युआदि भौगोलिक र ऐतिहासिक विषयको चर्चा यस चैतको विषयवस्तु हो ।

#### ५.२.६.२ भाषा

प्रस्तुत चैतगीत डोटी जिल्ला डुम्राकोट तिरको भाषाको प्रयोग भएको पाइन्छ भने यस चैतगीतमा डोटी जिल्लाका ग्रामीण भेगतिर बोलिने सामान्य सरल भाषाको प्रयोग यहाँ गरेको पाइन्छ भने अरू भाषाको प्रभाव परेको देखिँदैन ।

चेलो : छारो

जाया : छोरा

कैकर : कसको

उपजे :जन्म भएको

आँसरी : आशागरी

कहुहो : भन्नु

अइल : अहिले

जिया : आमा

सनमुख :सम्मुख

### ५.२.६.३सन्देश वा भाव

प्रस्तुत चैतगीतको सन्देश पनि डोटेली भाषाको ग्रामिण भेगमा प्रचलित पार्विक खेलहरूको र विशेष गरी गौरा पर्वका बेला गाइने तथा खेलिने खेलहरूको साथै ऐतिहासिक वीर चरित्रको रहनसहन, भेषभूषा र चालचलनको अध्ययन तथा जानकारी दिनु रहेको छ ।

### ५.२.६.४लय वा भाका

प्रस्तुत चैतगीतको लय नै चैत हो जसरी चैत खेल्दा ए.....लामो उच्चारण गर्दै खेलिन्छ त्यसरी नै यो गीत पनि खेलिन्छ । यो चैतगीत भन्ने र खेल्ने क्रममा विस्तारै खुट्टाको चाल र आवाज निकालेर गाइन्छ । त्यसैमा बाह्य सामग्री ढोल र दमाह प्रयोगले यस चैतगीतमा अझै मधुरता थपेको पाइन्छ ।

### ५.२.६.५अन्तरा

यस चैत गीतमा अन्तरा प्रयोग भएको पाइदैन ।

### ५.२.७(श्री कृष्ण भगवानको चैत)

### ५.२.७.१विषयवस्तु

प्रस्तुत चैतगीतधार्मिक विषयवस्तुलाई मूलरूपमा देखाइएको छ । यस चैतगीतमा श्रीकृष्ण भगवानले जन्मदेखि मृत्युसम्म धर्मको रक्षाकोलागि शान्ति र युद्धको बाटो हुँदै समाजमा न्यायको बाटो देखाउन खोजेको छ ।

श्री कृष्ण भगवानको जन्म भाद्रकृष्ण पक्षअष्टमी तिथि मथुरा राज्यको कारागारमा भएको र गोकुलमा लगि छोडेको प्रसङ्ग छ । गोकुलमा नन्द अहिरका घरमा योगमायाको जन्म भएको र योग मायालाई लिइ वासुदेव कारागार गएका थिए । योग मायालाई कंसले मार्न खोज्दा आकासमा उडेर गइन र कंसको अन्यायले गर्दा त्यहाँकामानिसहरू आहात भएका र श्री कृष्ण भगवानका हरेक क्रियाकलापबाट गोकुल हुँदै मथुरासम्म कंसको अन्याय विरुद्ध लड्दै गए र कंसको अन्याय र अत्याचारबाट मुक्त गराई सत्यको मार्ग चुनी पापको अन्त्य गरेको विषयवस्तु यसगीतमा रहेको छ ।

### ५.२.७.२ भाषा

प्रस्तुत चैतगीतमा स्थानिय डोटेली भाषाको प्रयोग गरिएको छ । यस चैतगीतमा पनि डोटी जिल्ला जोरायल क्षेत्रमा प्रचलित भाषाको प्रयोग भएको पाइन्छ । यस चैतगीतमा धार्मिक योद्धाका बारेमा वर्णन गरिएकाले यस चैतगीतको भाषा पनि धर्म सम्बन्धिनै रहेको छ ।

रजथान :रहने ठाँउ

कैसी : कसो

मूलकात : कुराकानी

कियो : गयो

जरमन : जन्मीनु

### ५.२.७.३ सन्देश वा भाव

यस चैतगीतको मूल उद्देश्य वा सन्देश भनेको समाजमा रहेका धार्मिक तथा प्रार्विक मान्यताहरूलाई जगेर्ना गर्नुका साथै पापकर्मबाट व्याप्त समाजलाई धर्मको रक्षाका लागि मानिसमा चेतना भर्नुनै हो ।

### ५.२.७.४ लय वा भाका

प्रस्तुत चैतगीतको लय वा भाका चैत नै हो ।

### ५.२.७.५ अन्तरा

यस चैतगीतमा अन्तराको प्रयोग भएको छैन् ।

## ५.२.८ मुगलको चैत

### ५.२.८.१ विषयवस्तु

यस चैतगीतमा माल (समथर भू:भाग हालको तराई) बाट पहाडतिरको युद्धकालागि हिँडेको र पहाडको जोरायल नजिकै मलास नदीमाथि आइबसेको र उसले दिपायालमा रहेका राजा नरिसाईलाई हामी आउँदै गरेको र यृद्धकोलागि तयार रहनु भन्दै दुत पठाएको छ । त्यसको प्रतिउत्तरमा राजा नरिसाई आफै राजा मुगल बसेको ठाउँमा जाने निर्णय लिएको छ

। घरमा सबैसँग सोधपुछ गरी युद्धका लागि आवश्यक सरसामग्री जुटाउने आग्रह गर्दा विभिन्न अशुभ लक्षण भएको प्रसङ्ग छ । तैपनि राजा युद्धमा हिँडे र मुडेगाउँ हुँदै गडसेरा पुगेर त्यहाँ उनले वीरखम्मा र तेडीनिमौन देवतासँग आशिर्वाद माग्दै जोरायलकोबाटो लागे ।जोरायल पुगिसकेपछि घंणेलपिन देत्यसँग आशिष मागी काउली गाडगई विश्राम गरे । दुवै पक्षको वारिपट्टी र पारीपट्टि देखादेख भयो र लडाई भयो । लडाईमा नरसाईको शिर नदीमा र शरिर भित्तापट्टी परेको प्रसङ्ग छ । पछि यो खवर सुनेर दिपायल राज्यमा रुवाबासी चलेको विषयवस्तु यस चैतगीतमा रहेको छ ।

यसरी यस चैतगीतमा ऐतिहासिकतालाई जोड दिदै सामाजिक, चालचलन र धार्मिक परिवेश समेत विषयवस्तु बनाएको छ ।

**५.२.८.२ भाषा**

प्रस्तुत चैतगीतमा नेपाली भाषाको डोटेली उपभाषिकाको प्रयोग भएको छ । यस चैतगीतमा शव्दहरू सरल, सामाजिक, ऐतिहासिक प्रस्तुतिको प्रयोग गरिएको छ । यस चैतगीतमा डोटी जिल्लामा प्रचलित समाजिक, ऐतिहासिक र पौराणिक विषयवस्तु केन्द्रमा राख्दै डोटेली भाषाको सरल ढंगबाट प्रस्तुत गरिएको छ । यस चैतगीतमा प्रयोग भएका शब्दावलीहरू निम्नानुसार छन् ।

परभात : बिहान

आथि : छैन

ढण : शरीर

पोच्यौ : पुग्यो

झुरन : रुन

**५.२.८.३ सन्देश वा भाव**

यस चैतगीतको मूल विषयवस्तु ऐतिहासिक युद्धकालको बेला आफ्नो राज्य कसरी जोगाउ भन्ने हो । अरूको राज्य कसरी हातमा लिने भन्ने विषयवस्तुको केन्द्रीयतामा घुमेकाले यस चैतगीतको सन्देश वा भावका रूपमा युद्ध गर्नुपर्दा कस्तो प्रकारको नियम राख्ने र कसरी युद्ध जित्न सकिन्छ भन्ने हो । यी राजाहरूले हिन्दु धर्मभित्र रहेका

देवीदेवताको प्रार्थना गरेको र हामीले पनि धर्म संस्कार र संस्कृतिलाई पनि कसरी संरक्षण र सम्वर्दन गर्न सक्छौ भन्ने मुल सन्देश रहेको छ ।

### ५.२.८.४ लय वा भाका

यस चैतगीतको लय वा भाकाकारूपमा चैत नै रहेको छ ।

### ५.२.८.५ अन्तरा

प्रस्तुत चैतगीतमा अन्तराको प्रयोग भएको भेटिदैन् ।

## ५.२.९ लाखी साईको चैत

### ५.२.९.१ विषयवस्तु

प्रस्तुत चैतगीतमा ऐतिहासिक विषयवस्तुलाई टपक्क टिपेर विर पुरुषले समाजमा गरेका कामहरूको र युद्ध गर्दा अपनाउने नियमहरूलाई चालबाजीलाई लिएर प्रस्तुत चैतगीत लेखिएको छ । यस चैतगीतको सुरुमा योद्धाको जन्म र युद्ध गर्नजाने पालोको बारेमा लेखिएको छ । लाखी साईलाई जुम्ला गएर जुम्लीका छोरालाई मारेर आउ भन्ने संवादबाट सुरुभएको र जुम्ला कापगड पुगी आफ्नो सिमाना छुट्याएको वर्णन छ । लाखी साईका साथमा सारा प्रजा नेपाली रहेका र जसमा कापगडमा देउवा, बोगटी राजाका मन्त्री, वोहरा, चोखाल, सेठी, भन्डारी, विष्ट, रोपाली, भट्ट, कठायत, जोशी आदि सम्पुर्ण जातजातिका मानिसहरू राजा लाखी साईसँग जुम्लाको सिमाना कापडागाडमा जम्मा भएका छन् ।

त्यहाँ जम्मा भएर हातहतियार, गोली, गट्टा, बारुद आदि बनाउने र खुकुरीमा धार लगाइरहेका विषयवस्तु रहेको छ । डोटीबाट लाखी साई युद्धकालागि आएको खबर जुम्लाका भइहट्टी पैकेलाकी खबर पुगेको छ । त्यहाँ आई लाखी साईसँग कुराकानीगरी तिमी घर फर्क लडाई नगरौ भन्छन् । त्यसको बदलामा लाखी साईले युद्धनै गरी मरेरै जाने निर्णय सुनाउँछन् । फलस्वरूप लाखी साईका निधारमा गोली लागि मृत्यु हुन्छ र घरमा रुवाबासी चल्छ भन्ने विषयहरू यस चैतगीतमा रहेको छ ।

### ५.२.९.२ भाषा

प्रस्तुत चैतगीतको भाषा डोटेली भाषाको प्रयोग भएको पाइन्छ । डोटी जिल्लामा ग्रामीण भेगतिर बोलिने शब्दहरूको प्रयोग भएको छ भने यस चैतगीतमा अन्य भाषाको प्रयोग भएको भेटिँदैन् ।

पैकेला : छोरो

मारावटी : मारेर

आन : आउ

परिजा : जनता

अद्धाहन : गर्छन

क्याउ : के

सान : धार

टिक : निधाँर

### ५.२.९.३ सन्देश वा भाव

प्रस्तुत चैतगीतको अध्ययनपश्चात डोटेली ग्रामीण क्षेत्रमा रहेका धार्मिक तथा ऐतिहासिक वीर पुरुषसँग गाँसिएर युद्धकला र युद्धको भाषालाई खेल जीवनमा चारित्रिक वर्णन जान्नु र सिक्नु रहेको छ । पुरानो समाजका मूल्य मान्यताहरू जानकारी हासिल लिँदै अहिले आएर पुरानो राजा महाराजाहरूको र उनीहरूको युगमा के कस्तो धार्मिक, सामाजिक र उनीहरूको जीवनशैली कस्तो थियो भन्ने कुरा जानकारी पाउनु नै यस चैतगीतको मूल सन्देश रहेको छ ।

### ५.२.९.४ लय वा भाका

प्रस्तुत चैतगीतको लय चैतनै हो ।

### ५.२.९.५ अन्तरा

प्रस्तुत चैतगीतमा अन्तरा प्रयोग भएको छैन ।

# छैटौँ अध्याय

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

डोटी जिल्लामा प्रचलित गौरागीतको सङ्कलन र विश्लेषण शीर्षकको प्रस्तुत शोधकार्य छ अध्यायमा संरचित छ । शोधविधिका नियममा आबद्ध यस शोधलाई क्षेत्रकार्य सम्पन्न गरी प्राप्त भएका सामग्रीका आधारमा विश्लेषण गरी सम्पन्न गरिएको छ ।

प्रस्तुत शोधको पहिलो अध्यायमाविषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, सामग्री सङ्कलन विधि, शोधकार्यको सिमाङ्कन, विश्लेषण विधि र शोधपत्रको सम्भाव्य रूपरेखा आदि विषयवस्तु समेटिएको छ । पहिलो अध्यायबाट शोध केका बारेमा र किन गरिएको हो भन्ने कुरा थाहा हुन्छ । अध्यायदुईमा डोटी जिल्लाको सामान्य परिचयकाबारेमा उल्लेख छ जसले डोटीको परिचय र रहन-सहन अनि लोकसंस्कृति बारेमा बुझ्न टेवा पुऱ्याउँछ । तेस्रो अध्यायमा लोकगीतको सैद्धान्तिक परिचयर डोटेली लोकगीतको परिचय तथा वर्गीकरण गरिएको छ । यस अध्यायमा लोकगीतहरूको बारेमा र तिनका तत्त्वका बारेमा जानकारी मिल्नुका साथै डोटेली लोकगीतको समेत रूपरेखा थाहा पाउन सकिन्छ । त्यसैगरी चौथोअध्यायमा डोटी जोरायल क्षेत्रमा प्रचलित गौरा पर्वमा गाइने फागगीत र चैतगीतको मात्र सङ्कलन भएको छ जसले डोटी जोरायल क्षेत्रमा गौरा गीतहरू के-कति प्रचलित छन् भन्नेकुरा थाहा पाउन सकिन्छ ।अध्याय पाँचौँमा सङ्कलित गौरा गीतहरूको विश्लेषण गरिएको छ । यस अध्यायमा गौरा गीतलाई लोकगीतका तत्त्वहरू विषयवस्तु, भाषा, सन्देश, लय वा भाका, अन्तराका आधारमा विश्लेषण गरिएको छ । यसले गौरा गीतको महत्त्व र स्थान बुझ्न सजिलो भएको छ । साथै डोटेली भाषाका मौलिक पक्ष पनि पहिचान गर्न सजिलो भएको छ । प्रस्तुत शोधपत्रको छैटौँ अध्यायसारांश तथा निष्कर्ष हो जसमा शोधमा उल्लेख गरिएको विषयवस्तुको सारसङ्क्षेप निष्कर्ष मार्फत व्यक्त गरिएको छ ।

## ६.२ निष्कर्ष

नेपाली लोकसाहित्यको लोकप्रिय विधा लोकगीतअन्तर्गत पर्ने डोटेली लोकगीतको पनि महत्त्वपूर्ण स्थान छ । नेपालका विभिन्न क्षेत्रमा गाइने धार्मिक तथा सांस्कारिक लोकगीतहरू जस्तै डोटी जोरायल क्षेत्रमा पनि परम्परादेखि नै प्रचलनमा रहेको पाइन्छ ।

अन्य डोटेली गीतहरूमा महिला वा पुरुषको सहभागिता अधिक भएको पाइन्छ भने गौरा गीतमा महिला र पुरुषको सहभागिता समान रहेको पाइन्छ । यसको प्रमुख कारण गौरा गीतमा भएका धार्मिक तथा ऐतिहासिकि विषयवस्तु नै मान्न सकिन्छ । एकातिर यी गीतहरूले धार्मिक चेतना बोकेका र ऐतिहासिक चेतना बोकेका पाइन्छ । फाग, सगुन, भोलाउलो गीतहरूले शुभ कार्यको थालनीको चरणलाई देखाउँछ भने डेउडा, घरगीत, ढुस्को आदि गीतहरूले व्यक्तिका व्यक्तिगत अनुभूतिका विषयवस्तुलाई समेटेको हुन्छ । चैतगीतले ऐतिहासिक धार्मिक योद्धा तथा ऐतिहासिक वीर पुरुषका बारेमा सिलसिलाबद्ध ढङ्गले उसले गरेका कार्यहरूको प्रस्तुत गरेको हुन्छ । गौरा पर्वमा गाइने गीतहरूले व्यक्तिगत अनुभूति देखि लिएर समाजमा परम्परादेखि चल्दै आएका मूल्य र मान्यता अनि डोटेली मौलिकतालाई अवलम्बन गरेको हुन्छ । गायनमा सरलता तथा लोकप्रियता हुनु, लयमा विविधता हुनु, रचयिता अज्ञाता हुनु, समाजका सबै वर्गको सहभागिता हुनु, भाषागत मौलिकता पाइनु आदि जस्ता थुप्रै विशेषता भएको गौरा गीतको पहिचान डोटेली समाजमा मात्र नभएर नेपाली लोकसाहित्यकै अभिन्न अङ्ग बन्दछ ।

डोटी जिल्लामा प्रचलित विभिन्न चाडपर्वहरूमाझैँ यस पर्वमा गाइने गौरा गीतहरूले त्यसको मौलिकता, ग्रामीण परिवेशका सुःख दुःख एक आपसमा बाँड्ने, मनोरञ्जन गर्ने आदि कुराले डोटेली लोकसंस्कृतिको पहिचानमा छुट्टै भूमिका खेलेको पाइन्छ । डोटेली समाजमा नारीले डौडा वा वनगीत खेल्दा असभ्य मानिने र गौरा गीत खेल्दा साहनुभूति मिल्ने भएका कारणले पनि यसमा महिला सहभागिता र चासो बढेको पाइन्छ । डोटेली परिवेशमा गौरा गीतले पुस्तौँदेखि नै लोकको मनलाई जितेर आफ्नो स्थान कायम राख्दै आफ्नो क्षेत्रलाई पनि सुदूरपश्चिमका विविध भेगसम्म व्यापक बनाएको पाइन्छ । तर विडम्बना यी गीतहरू मौलिक परम्परामा बाँचेकाले हाल आएर लोपोन्मुख हुन पुगेका छन् । यी गीतहरूले समाजमा चल्दै आएका रीतिरिवाज, धर्मसंस्कृति, भेषभूषा आदिलाई चिनाउन मद्धत गरेको पाइन्छ । अतः गौरा गीत पूर्खाको इतिहास, मौलिक डोटेली रीतिरिवाज तथा डोटेली लोकभावना एवम् उमङ्गलाई समेटेको नेपाली संस्कृतिको नासो हो र यसको संरक्षण गर्नु हामी सबैको दायित्व पनि हो ।

# स्रोत व्यक्ति सूची

| नाम | ठेगाना | उमेर | शिक्षा |
|---|---|---|---|
| खगराज ओझा | जोरायल-५ ओझा गाउँ | ४८ | साक्षर |
| गजैसिंह देउवा | जोरायल-५ समुरिय | ५३ | शिक्षक |
| गौरीलाल खडायत | जोरायल-५ धामी गाउँ | ३८ | +२ |
| जमुनादेवी ओझा | जोरायल-५ मुसेवाटा | ७० | निरक्षर |
| टिकेश्वरी पाठक | जोरायल-५ चौकी | ६३ | निरक्षर |
| टेकराज ओझा | जोरायल-५ ओझा गाउँ | ४१ | साक्षर |
| टेकराज जोशी | जोरायल-५ वामन गाउँ | ५७ | शिक्षक |
| डिल्लीराज जोशी | जोरायल-५ भाटी गाउँ | ५९ | साक्षर |
| दलबहादुर बोहरा | जोरायल-५ बोकडा | ६८ | साक्षर |
| दानबहादुर सेठी | जोरायल-५ अमौन | ७१ | निरक्षर |
| दुर्गाप्रसाद बडु | जोरायल-५ चौकी | ७० | निरक्षर |
| देवी खत्री | जोरायल-४ निरौली | ६८ | निरक्षर |
| नवराज पाठक | जोरायल-५ चौकी | ४८ | एस.एल.सी. |
| नैनबहादुर खड्का | जोरायल-२ कोला | ५२ | शिक्षक |
| राजबहादुर खत्री | जोरायल-४ निरौली | ५२ | निरक्षर |
| विष्णादेवी पाठक | जोरायल-५ चौकी | ७३ | निरक्षर |
| वीरबहादुर सेठी | जोरायल-५ असौन | ५४ | निरक्षर |

# सन्दर्भ सामग्रीसूची


अवस्थी, नवराज (२०६९), **बैतडी जिल्लाको मल्लोस्वराड क्षेत्रमा प्रचलित गौरागीतको अध्ययन**, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

आचार्य, गोविन्द (२०६२), **लोकगीतको विश्लेषण**, काठमाडौँ : पैरवी प्रकाशन ।

ओझा, देवीप्रसाद (२०४९), **डोटी क्षेत्रको इतिहास तथा संस्कृति**, महेन्द्रनगर : सुदूरपश्चिमाञ्चल साहित्य अध्ययन समाज ।

ओझा, पूर्णानन्द (२०६८), **डोटी जिल्लामा प्रचलित घरगीतको विश्लेषण**, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

खत्री, राजेन्द्रप्रसाद (२०७१), **बझाङ जिल्लाको छन्ना क्षेत्रमा प्रचलित छैटगीतको अध्ययन**, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

चन्द, उमा (२०५३), **बैतडेली सांस्कारीक फागहरूको सङ्कलन वर्गीकरण र परिचय**, स्नातकोतर शोधपत्र, नेपाली केन्द्रिय विभाग,कीर्तिपुर ।

जोशी, पदमराज 'प्रभात' (२०४९), **गौरा पर्व : एक परिचय**, धनगढी : सुदुरपश्चिमा अञ्चल संस्कृति संम्वर्दन समिति ।

तारा, रोस्यारा (२०७०), **डोटी जिल्लामा प्रचलित सांस्कृतिक फागहरूसङ्कलन र विश्लेषण**, स्नातकोतर शोधपत्र, नेपाली केन्द्रिय विभाग,कीर्तिपुर ।

पन्त,देवकान्त (सम्पा.) (२०३२),**डाटेली लोक साहित्य : एक अध्ययन**, कीर्तिपुर : नेपाली एशियाली अध्यन संस्थान, त्रि.वि. ।

पन्त, जयराज (२०३६), **डोटेली गौरागीतको वर्गीकरण, विश्लेषणर सङ्कलन**, स्नातकोत्तरशोधपत्र, नेपाली केन्द्रिय विभाग, कीर्तिपुर ।

पन्त, जयराज (२०५३), **अंजुलीभरी सगुन पोल्टाभरी फाग**, काठमाडौँ : राजकीय प्रज्ञा प्रतिष्ठान ।

.............. (२०६४), **डोटेली गोरापर्वका गीत र गाथाहरू**, काठमाडौँ : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र ।

पराजुली, कृष्णप्रसाद (२०५७), **लोकसाहित्यको आलोक**, काठमाडौं : वीणा प्रकाशन प्रा.लि. ।

पराजुली, मोतीलाल र गिरी, जीवेन्द्रदेव (२०६८), **नेपाली लोकसाहित्यको रूपरेखा**, काठमाडौँः साझा प्रकाशन ।

बन्धु, चूडामणि(२०५८), **नेपाली लोकसाहित्य**, काठमाडौँ : एकता बुक्स पब्लिकेसन ।

भट्ट, दिपेन्द्रराज (२०७१), **डडेल्धुरा गडगर्खामा प्रचलित धार्मिक चैतको अध्ययन**, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

भाइसाब, वासुदेव (२०६१), **डोटेली लोकसंस्कृति र लोकसाहित्य**, काठमाडौँ ।

लामिछाने, मनोहर (२०६५), **लोकसाहित्य र संस्कृतिका केही पाटाहरू**,काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), **लोकवार्ताविज्ञान र लोकसाहित्य**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजाराम (२०५९), **आछामको इतिहास**, वैद्यनाथ क्षेत्र ।